सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ साउन २०८२, मंगलबार (22 July 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १०० ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

भूमि विधेयकमा 'फास्ट ट्र्याक' किन चाहन्छ सरकार ?

घरजग्गा व्यवसायीलाई हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न दिनेदेखि भूमिहीनका नाममा सार्वजनिक जग्गा बाँड्नेसम्मका विवादास्पद प्रावधान विधेयकमा, भूमिको स्वामित्व दिनेजस्तो गम्भीर विषयमा संसदीय समितिमा छलफल नै नगरी स्वार्थ समूहको चासोअनुसार फास्ट ट्र्याकमा पास गर्ने हतारोमा सरकार

■ भूमि विधेयक छलफलका लागि संसदीय समितिमा पठाउनुपर्ने कांग्रेसको अडान

फास्ट ट्र्याकमा पास गरौँ भन्ने भूमि व्यवस्थामन्त्रीको प्रस्ताव थियो, हामीले मानेनौँ

● **दिलेन्द्र बडु,** सांसद, कांग्रेस



विधेयकमा हामीले राखेको संशोधनमा भूमि व्यवस्थामन्त्रीसँग छलफल भयो । हामीले भूमि विधेयक सम्बन्धित कृषि समितिमा लैजाऊँ र त्यही छलफल गरौँ भन्यौँ । त्यहाँबाट टुंग्याएर ल्यायौँ भने त्यो विवादमुक्त हुन्छ भन्ने हाम्रो बुझाइ हो । संशोधनकर्ताले आफ्नो कुरा राख्ने मौका पनि पाउँछन् भन्ने सुझाव दियौँ । मन्त्रीज्यूले विधेयक त्रुटिपूर्ण छ भन्ने मात्र होइन, हामीले राखेका संशोधनका कतिपय प्रस्ताव पनि स्वीकार गर्नुभयो । तर, समितिमा लैजान मान्नुभएन । उहाँको कुरा 'तपाईंहरूको प्रस्ताव पूरै स्वीकार गरिसकेपछि त संसद्बाट फास्ट ट्र्याकमा पास गर्दा हुन्न र' भन्ने थियो । त्यो हामीले मानेनौँ । अहिले त समिति वा हरेक ठाउँमा जालझेल हुन थाल्यो । भूमिको स्वामित्व दिने कुरा राष्ट्रिय चासोको संवेदनशील विषय हो । त्यसकारण यसलाई समितिमै सूक्ष्म छलफल गरेरै टुंग्याऊँ, त्यही राम्रो हुन्छ भनेका छौँ ।

नवराज मैनाली, कमलराज भट्ट

घरजग्गा व्यवसायीले राखेको हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न दिने, अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जग्गा बाँड्नेदेखि कृषि क्षेत्रको जग्गासमेत कित्ताकाट गरेर बेच्न पाउनेसम्मका विवादास्पद प्रावधानसहितको भूमिसम्बन्धी विधेयक सरकारले प्रतिनिधिसभामा पुर्‍याएको छ । जसमा विपक्षी दलहरू मात्र होइन, प्रमुख सत्तासाझेदार कांग्रेसकै सांसदले समेत गम्भीर आपत्ति जनाएका छन् । कांग्रेससहितका सांसदका ५५ संशोधन परेका छन् । यति गम्भीर विषयमा सम्बन्धित संसदीय समितिमा विधेयकमाथि छलफल गर्नुपर्ने उनीहरूको माग छ । तर, सरकार भने समितिमै नलगी विधेयक

» पृष्ठ ९ मा क्रमशः

■ **विधेयकमा सरकार, भू-माफिया र व्यवसायीका थरीथरी स्वार्थ**

घरजग्गा व्यवसायीको स्वार्थअनुसार हदबन्दी बढीको जग्गा बिक्रीको व्यवस्था

सरकारले प्रतिनिधिसभामा पुर्‍याएको भूमिसम्बन्धी विधेयकमा घरजग्गा व्यवसायीले राखेको हदरबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न पाउने व्यवस्था गरिएको छ । ४० भन्दा धेरै हाउजिङ कम्पनीले अनुमति लिएर तथा अन्य २० कम्पनीले अनुमति नलिईकनै हदबन्दीभन्दा धेरै जग्गा राखेका छन् । त्यस्ता जग्गा पनि बिक्री गर्न दिने विधेयकको मुख्य उद्देश्य छ । जबकि, अहिलेको कानुनअनुसार हदबन्दीभन्दा बढी राखेको जग्गा बिक्री गर्न पाइन्न, सरकारले जफत गर्नुपर्ने हुन्छ । त्यसैले घरजग्गा व्यवसायीले विधेयक संसदीय समितिमा नपुर्‍याई सिधै पारित गराउन शक्तिकेन्द्रमा रहेका सत्तारूढ दलका नेताहरूलाई प्रभाव-दबाब दिँदै आएका छन् । उनीहरूकै चासोअनुसार सरकार 'फास्ट ट्र्याक'मा विधेयक पारित गर्न खोजिरहेको छ । यसमा ठुलो 'आर्थिक चलखेल' रहेको जानकारहरूको दाबी छ ।

हदबन्दीकै प्रावधानमा खेलेर गिरिबन्धुलाई पनि जग्गा बिक्रीको बाटो खुलाउने

विधेयकमा भएको घरजग्गा व्यवसायीहरूलाई हदबन्दीभन्दा बढीको जग्गा बिक्री गर्न दिने प्रावधानमै खेलेर झापाको गिरिबन्धु टी-इस्टेटलगायतलाई त्यही सुविधा दिने प्रपञ्च पनि सरकारको छ । गिरिबन्धुको हदबन्दीभन्दा धेरै जग्गा पनि बिक्री गर्न सक्ने जोखिम रहेको भन्दै कांग्रेस सांसदहरू गगन थापा, विश्वप्रकाश शर्मालगायतले विधेयकमा संशोधन प्रस्ताव नै हालेका छन् । केपी ओली प्रधानमन्त्री भएकै वेला ०७८ मा गिरिबन्धुलाई हदबन्दी छुटको जग्गा सट्टापट्टा गर्न दिने निर्णय गरेका थिए । तर, सर्वोच्चले रोकेको थियो ।

साढे सात लाख अव्यवस्थित बसोबासीलाई लालपुर्जा बाँड्ने खेल

काठमाडौंको महाराजगन्जस्थित राष्ट्रपति निवासनजिकै रहेको जग्गामा केही सर्वसाधारणले वर्षौंदेखि घर बनाएर बसेका छन् । उनीहरूसँग जग्गाको



जग्गासम्बन्धी कानुनमा ०७२ देखि नै ओलीको विशेष 'सक्रियता'

०७२ मा केपी ओली पहिलोपटक प्रधानमन्त्री हुँदा नै गिरिबन्धु टी-इस्टेटलाई कम्पनी स्थानान्तरण गर्न दिने प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको थियो । तर, त्यतिखेर सफल भएनन् । ०७४ मा दोस्रोपटक हुँदा ऐन नै संशोधनको प्रक्रिया अघि बढाए, ०७६ मा पारित भयो । ०७८ मा मन्त्रिपरिषद्बाट सट्टापट्टा गर्न दिने निर्णय गरे । तर, अदालतले रोक्यो । अहिलेको विधेयकमा फेरि खेल्ने प्रयास जारी छ ।

लालपुर्जा भने छैन । तर, अहिलेको भूमि विधेयक पास भएमा सरकारी मूल्यांकनको १० प्रतिशत मूल्य तिरेर उनीहरूले त्यसको लालपुर्जा पाउँछन् । मुख्य सडकसँगै जोडिएका ती घरजग्गाको मूल्य करोडौँमा छ । उनीहरू त्यसका लागि मोटो रकम खर्च गर्न तयार छन् । त्यस्ता समूहहरू देशैभरि छन् । उनीहरू जसरी पनि विधेयक ल्याउन चाहन्छन् । यसमा पनि ठुलो चलखेल छ । राष्ट्रिय भूमि आयोगमा जग्गा प्राप्तिका लागि १३ लाख ५० हजार परिवारको निवेदन परेकोमा सात लाख ६५ हजार अव्यवस्थित बसोबासी परिवार छन् । यसमा पार्टीका नेता र कार्यकर्ताहरूको संख्या पनि ठुलो छ । सरकारको र मुख्यगरी एमालेको चासो यसमा पनि छ । जतिसक्दो चाँडो विधेयक पारित गराउन सके देशैभरिका आफ्ना नेता/कार्यकर्तालाई फाइदा हुने उसको बुझाइ छ ।

कृषि क्षेत्रको जग्गासमेत कित्ताकाट गरेर बेच्न दिने तयारी

विधेयकमा आवासीय क्षेत्रमा वर्गीकरणमा नपरेका जग्गा पनि कित्ताकाट गरेर बिक्री गर्न दिने प्रावधान राखिएको छ । दफा १२ को छ (३) मा भनिएको छ, 'तर, स्थानीय भूउपभोग परिषद्बाट भूउपयोग क्षेत्र वर्गीकरण हुनुअगावै अनुमति लिई खरिद गरेको जग्गा आवासीय क्षेत्र वा व्यावसायिक क्षेत्रबाहेकको क्षेत्रमा वर्गीकरण भएको रहेछ भने त्यस्तो जग्गा मन्त्रालयको स्वीकृति लिई ससिम वा कित्ताकाट गरी बिक्री गर्न बाधा पर्नेछैन ।' यो प्रावधानअनुसार कृषि क्षेत्रको जग्गा पनि व्यवसायीले कित्ताकाट गरेर बिक्री गर्न पाउनेछन् । जबकि व्यावसायिक र आवासीय क्षेत्रबाहेकको जग्गा कित्ताकाट गरेर बेच्न पाइँदैन । स्वार्थ समूहको चासोअनुसार यो प्रावधान थपिएको भूमि व्यवस्था मन्त्रालय स्रोत बताउँछ ।

सुकुम्बासीको नाममा कार्यकर्तालाई जग्गा बाँड्ने जोखिम

सुकुम्बासी तथा भूमिहीनलाई सरकारी जग्गा दिने विषयलाई पनि सहज बनाएर विधेयक ल्याइएको छ । 'सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताब वा लगतमा गौचर, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा दफा ५२ (ग) मा तोकेको समयावधिभन्दा अगावैदेखि घर, टहरा बनाई आवाद-कमोत गर्दै आएको छ र त्यस्तो जग्गा सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताबको विरह महलमा वा लगतमा उल्लेख भएबमोजिम हाल उपयोगमा छैन भन्ने आएमा त्यस्तो जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन बाधा पर्नेछैन,' विधेयकमा भनिएको छ । यो प्रावधानले स्थानीय तहको मिलेमतोमा सरकारी जग्गा सुकुम्बासीको नाममा दुरुपयोग हुने जोखिम रहेको भूमि व्यवस्था मन्त्रालयकै अधिकारीहरू बताउँछन् । यसमा आर्थिक चलखेलदेखि भोटको राजनीति जोडिएको छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण गर्न ७७ वटै जिल्लामा गठन गरिएका भूमि आयोगमा सत्तारूढ दलका नेता/कार्यकर्ता भर्ना गरिएका छन् । त्यसमा पनि ठुलो आर्थिक चलखेल भएको हालै राजीनामा दिएका पूर्वमन्त्री राजकुमार गुप्ताको अडियोबाट प्रस्ट हुन्छ । उनले एमालेका कार्यकर्तासमेत रहेका बिचौलियासँग कास्की भूमि आयोगको अध्यक्ष नियुक्त गरिदिने भन्दै घुस डिल गरेका थिए । भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले पनि ३२ लाख घुस लिएको बिचौलियाको दाबीसहितको अडियो सार्वजनिक भइसकेको छ ।

वनको अतिक्रमित जग्गा सरकारका नाममा ल्याएर फेरि बाँड्ने रणनीति

अतिक्रमणमा परेको वन र निकुञ्जको मध्यवर्ती क्षेत्रको जग्गा एकपटकका लागि सरकारको नाममा ल्याएर बाँड्ने विवादास्पद प्रावधान पनि विधेयकमा छ । जसमा भनिएको छ, 'कानुनी रूपमा वन र निकुञ्जको मध्यवर्ती क्षेत्रको अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान भएको जग्गालाई एकपटकका लागि पुनः नक्सांकन गरी वन क्षेत्रबाट छुट्याई नेपाल सरकारका नाममा कायम गरी अद्यावधिक गर्न बाधा पर्नेछैन ।' जबकि, सर्वोच्च अदालतको संवैधानिक इजलासले एक वर्षअघि नै वन क्षेत्र तथा निकुञ्जको जग्गा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई वितरण नगर्न परमादेश जारी गरेको थियो । सो परमादेश छल्न अहिले घुमाउरो शैलीमा सरकारको नाममा ल्याएर बाँड्न सकिने प्रावधान राख्न लागिएको हो । यसले राजमार्ग, तराईको माथिल्लो बेल्ट र चुरेमा धेरै अतिक्रमित जग्गा गुम्ने जोखिम छ । वन तथा भूसंरक्षण विभागको तथ्यांकअनुसार ३० जिल्लामा मात्रै एक लाख चार हजार ४९४ हेक्टर वन क्षेत्र अतिक्रमित छ । तीमध्ये धेरै ठाउँमा सुकुम्बासी र भूमिहीनका नाममा बस्ती छ ।

■ ७८ लाख 'घुस डिल' प्रकरण

'भ्वाइस टेस्ट'का लागि आज अख्तियारमा हाजिर हुँदै निवर्तमान मन्त्री गुप्ता

● गुप्तासँग अख्तियारले सोधपुछ गर्दै उनको स्वर परीक्षण गर्नेछ

● बिचौलिया सुजन लामाको बयान चल्दै



सुवास भट्ट/नयाँ पत्रिका

७८ लाख 'घुस डिल' प्रकरणमा तानिएका निवर्तमान संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोधपुछ र स्वर परीक्षण (भ्वाइस टेस्ट)का लागि बोलाएको छ । अख्तियार स्रोतले गुप्तालाई मंगलबार बोलाएको पुष्टि गरेको छ । गुप्ताविरुद्ध अख्तियारमा उजुरी परेको छ ।

छानबिनका क्रममा अख्तियारले गुप्तालाई बोलाएको र मंगलबार उनको अडियो परीक्षण हुने स्रोतले बतायो । 'अडियोसहित उजुरी दर्ता भएकाले भ्वाइस टेस्ट गर्न उहाँलाई बोलाइएको हो,' अख्तियार स्रोतले भन्यो, 'मंगलबार आयोगमा हाजिर हुन पत्र काटिएको छ ।'

कास्कीमा भूमि आयोगको अध्यक्ष नियुक्ति र कास्की मालपोत प्रमुखको सरुवा/थमौतीका लागि ७८ लाख घुस

» पृष्ठ ९ मा क्रमशः

गत २८ पुसमा भएको घुस डिलको अडियो केही दिनअघि सार्वजनिक भएको थियो । त्यसमा तत्कालीन संघीय मामिलामन्त्री राजकुमार गुप्ताले कास्कीको भूमि आयोगको अध्यक्ष नियुक्तिका लागि २५ लाख र कास्की मालपोतका प्रमुख थमौती/सरुवाका लागि ५३ लाख गरेर ७८ लाखको डिल गरेका छन् । त्यसपछि विवाद र दबाबमा परेका मन्त्री गुप्ताले गत ३१ असारमा राजीनामा दिए । तर, राजीनामाअगाडिकै उजुरी भन्दै अख्तियारले छानबिन जारी राखेको छ ।

मापदण्डविपरीत प्रयोग गरिएका सरकारी गाडी फिर्ता ल्याइने

■ **मुख्यसचिव नेतृत्वको सचिव बैठकको निर्णय**

कृष्ण रिजाल/नयाँ पत्रिका

मन्त्रालय, आयोग, सचिवालय, विभाग, बोर्ड, संस्थान, प्राधिकरण समिति आदि निकायका सवारीसाधनहरू र प्रयोगकर्ताको विवरण पठाउन बाँकी मन्त्रालयहरूले तत्काले मन्त्रिपरिषद्को कार्यालयमा पठाउने

यदि कुनै पदाधिकारी/कर्मचारीहरूले प्रचलित मापदण्डविपरीत सवारीसाधन प्रयोग गरेको भए तुरुन्त फिर्ता गर्ने, गराउने

मुख्यसचिव नेतृत्वको सचिव बैठकले 'पदाधिकारी तथा कर्मचारीहरूले प्रचलित मापदण्डविपरीत सवारीसाधन प्रयोग गरेको भए तुरुन्त फिर्ता गर्ने-गराउने' निर्णय गरेको छ । मंगलबार बसेको बैठकले सबै सरकारी निकायमा प्रयोग भइरहेका गाडी र प्रयोगकर्ताको एकीकृत विवरण तयार गर्ने तथा सवारीसाधनको विवरण 'सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (एमपिएमएस)मा प्रविष्ट गर्ने निर्णय पनि लिएको छ ।

'मन्त्रालय, आयोग, सचिवालय, विभाग, बोर्ड, संस्थान, प्राधिकरण समिति आदि निकायका सवारीसाधनहरू र प्रयोगकर्ताको विवरण पठाउन बाँकी मन्त्रालयहरूले तत्कालै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने' निर्णयमा छ । 'यदि कुनै पदाधिकारी/कर्मचारीहरूले प्रचलित मापदण्डविपरीत सवारीसाधन प्रयोग गरेको भए

» पृष्ठ ९ मा क्रमशः

विद्याको बाटोमा ओलीको कठोर अवरोध



पूर्वराष्ट्रपतिलाई छेक्न ओलीका तीन रणनीति : संगठन, प्रचार र त्रास

(विस्तृत पृष्ठ ३)

के यस्तै थियो त बिपीको सपना ?



अग्रलेख

● विनोदचन्द्र कोइराला

बिपीले जन्माएको, हुर्काएको र बढाएको कांग्रेसको वर्तमान भूमिकाबाट आमजनतामा पार्टी र नेतृत्वप्रति वितृष्णा बढ्दै गएको छ

(पृष्ठ ४)

ब्राजिलमा ट्रम्पको कर नीति आर्थिक भन्दा वैचारिक

उच्च शुल्क लगाउने ट्रम्पको घोषणापछि ब्राजिलका राष्ट्रपति लुला दा सिल्भाले अमेरिकी कदमको डटेर सामना गर्ने र उचित बदला लिने चेतावनी दिएका छन्

(विस्तृत पृष्ठ ६)

सवा आठ अर्ब विद्युत् बक्यौता नउठाउने 'नियत'



बक्यौता नतिर्ने उद्योगीलाई साथ दिँदै आएका ऊर्जामन्त्री दीपक खड्काले प्रशासकीय पुनरावलोकन समितिलाई पूर्णता नदिएर बक्यौता जाँचबुझमा अवरोध पुर्‍याउँदै छन्, ३५ दिनसम्म समितिले उद्योगीको निवेदन संकलन गर्नेबाहेक केही गरेन

(विस्तृत पृष्ठ ७)

दुग्ध किसानको बक्यौता फेरि चार अर्ब नाघ्यो

मंसिरयता किसानले भुक्तानी नपाउँदा दुध बेचेर खर्च चलाउने साना किसान मात्र होइन, बैंकिङ ऋणमा कृषि फर्म चलाएका ठुला किसान पनि मर्कामा, निजी डेरी उद्योग, डिडिसी र कृषि मन्त्रालय किसानको पीडामा उदासीन

अजित अधिकारी/नयाँ पत्रिका

दुध बिक्री गरेबापत किसानले पाउनुपर्ने भुक्तानी चार अर्ब नाघेको छ । निजी डेरी उद्योग मात्र होइन, सरकारकै स्वामित्वमा रहेको दुग्ध विकास संस्थान (डिडिसी)ले पनि भुक्तानी रोकेको छ । डिडिसीले मात्र किसानलाई कम्तीमा डेढ अर्ब बक्यौता दिन बाँकी छ ।

केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेडका अध्यक्ष अमर कुँवरले मंसिरयता किसानले दुध बेचेको पैसा पाउन नसकेको बताए । उनका अनुसार भुक्तानीका लागि निजी डेरी उद्योग, दुग्ध विकास संस्थान (डिडिसी)को केन्द्रीय कार्यालय र कृषि तथा पशुपक्षी विकास मन्त्रालय धाए पनि प्राप्त हुन सकेको छैन ।

'किसानले दिनहुँ दुध दिइरहेका छन् । सहकारीले संकलन गरी डिडिसी र निजी डेरी उद्योगलाई पठाइरहेका छौँ, तर भुक्तानीको टुंगो छैन,' उनले भने, 'म अध्यक्ष भएको दुई वर्ष भयो । पहिलो दिनदेखि बक्यौता भुक्तानीका लागि धाउने मात्र काम भएको छ । तर, कहिल्यै पूरा पैसा भुक्तानी हुन सकेको छैन ।'

किसानहरूका अनुसार डिडिसी र निजी डेरीले कोभिडयता भुक्तानी शृंखला बिगारेका हुन् । त्यसअघि प्रत्येक १५ दिनमा नियमित रूपले दुधको मूल्य भुक्तानी गर्दै आएका थिए । कोभिडयता भने उत्पादन नघटेको,

» पृष्ठ ९ मा क्रमशः



मकवानपुरगढी गाउँपालिका-३ स्थित मनकामना दुग्ध सहकारीमा दुध भराउन राखिएका क्यानको लाइन ।

तस्बिर : **पोष्टराज अधिकारी**/नयाँ पत्रिका

करोडमाथि बक्यौता रहेका १४ जिल्ला

	बक्यौता
चितवन	८० करोड
काभ्रे	४२ करोड
मकवानपुर	४० करोड
इलाम	१५.७५ करोड
नवलपरासी	११ करोड
धनकुटा	११ करोड
रौतहट	८ करोड
रुपन्देही	६ करोड
सप्तरी	५ करोड
सुनसरी	४ करोड
झापा	२ करोड
बाँके	२ करोड
कञ्चनपुर	१ करोड
कैलाली	१ करोड

■ **बक्यौता तिर्न डिडिसीलाई एक अर्ब २६ करोड ऋण**

सात महिनादेखि पैसा माग्न धाएको धायै छौँ



● **अमर कुँवर,** अध्यक्ष, केन्द्रीय दुग्ध सहकारी संघ

सात महिनादेखि दुध बिक्री गरेको पैसा डिडिसी र निजी डेरीले दिएका छैनन् । अहिलेसम्म चार अर्बभन्दा बढी बक्यौता भइसक्यो । साना किसानलाई धेरै सास्ती भएको छ । ठुला फर्म भएका किसानलाई पनि बैंकको ब्याज तिर्न सकस भइरहेको छ । बक्यौता भुक्तानीका लागि निजी डेरी उद्योग, डिडिसीको केन्द्रीय कार्यालय र कृषि तथा पशुपक्षी विकास मन्त्रालय धाएको धायै छौँ ।

बक्यौता भुक्तानीमा सकस भइरहेको छ



● **राजकुमार दाहाल,** अध्यक्ष, डेरी उद्योग संघ

क्षमताले भ्याएसम्म किसानको पैसा दिइरहेका छौँ । बजारमा बिक्रीदर घट्दा चालू पुँजीको अभाव भएकाले बक्यौता भुक्तानीमा सकस भइरहेको छ । कुनै उद्योगीले पैसा भएर पनि किसानलाई भुक्तानी दिएको छैन भनेचाहिँ अनुसन्धान गरेर दण्ड-जरिवाना गरिनुपर्छ । अहिले गोदाममा करिब १० अर्बको पाउडर र बटर-घिउ मौज्दात छ । यो मौज्दात बिक्री हुन सके भुक्तानी गर्न सहज हुने थियो ।

भुक्तानीका लागि पटकपटक निर्देशन भएको छ



● **रामनाथ अधिकारी,** कृषिमन्त्री

दुध विकास संस्थान र निजी क्षेत्रका डेरी उद्योगलाई बक्यौता भुक्तानीका लागि पटकपटक निर्देशन भएको छ । मन्त्रालयमा बोलाएरै धेरैपटक छलफल पनि भएको छ । डिडिसीको हकमा रहेको बक्यौता पहिलो त्रैमासको अन्तिमसम्म भुक्तानी गर्नका लागि आवश्यक व्यवस्था मिलाउन निर्देशन भएको छ । किसानबाट खरिद गरेको दुग्ध पदार्थ बिक्री हुन नसकी पाउडर, बटर र घिउ मौज्दात रहेकाले नगद अभाव भई भुक्तानी गर्न नसकेको गुनासो छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं. | ऋणीको विवरण

१)

१) ऋणी फर्म: अपौन डिपार्टमेन्ट स्टोर, प्रोप्राईटर तथा जमानीकर्ता: अनिता कुमारी चौधरी
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ९३१०/१६०, दर्ता मिति २०७७/०६/०२, ठेगाना: जिल्ला रौतहट, च.पुर गा.वि.स. वडा नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४)

२) ऋणी फर्म: गणेश पोल्ट्री फार्म, प्रोप्राईटर तथा जमानीकर्ता: अशोक कुमार साह
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.नं. ६०६५/६०९/१४ दुर्गा भगवती, दर्ता मिति २०७५/०२/१३, ठेगाना: जिल्ला रौतहट, गंगापिप्रा गा.वि.स. वडा नं. ६ (हाल दुर्गा भगवती गा.पा. वडा नं. १)

३) ऋणी फर्म: श्री गणेश दाना पसल, प्रोप्राईटर तथा जमानीकर्ता: अशोक कुमार साह
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ४८३३/३३२, दर्ता मिति २०७३/०७/०९, ठेगाना: जिल्ला रौतहट, गंगापिप्रा गा.वि.स. वडा नं. ६

धितोको विवरण

१) नारायण साह कलवारको नाती, योगी साह कलवारको छोरा, रौतहट जिल्ला, गंगापिप्रा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बस्ने अशोक कुमार साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गंगापिप्रा गा.वि.स. वडा नं. ६ (हाल दुर्गा भगवती गा.पा. वडा नं. १) स्थित कित्ता नं. ११८५, ११८७ र १४१२ को क्षेत्रफल क्रमश: ०-०-१६, ०-१-२½ र ०-४-८-२ (विगाह) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) हरदेव चौधरीकी छोरी, योगी साह कलवारकी बुहारी, अशोक कुमार साहकी पत्नी, सर्लाही जिल्ला, खैर्वा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बस्ने अनिता कुमारी चौधरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ६८८९, ६८८५, २४५४, २३७२ र २४५३ को क्षेत्रफल क्रमश: ०-०-०-१४, ०-०-८-६, ०-०-५-०, ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) अपौन डिपार्टमेन्ट स्टोर, गणेश पोल्ट्री फार्म र श्री गणेश दाना पसल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि GoogleMap

४) ऋणी फर्म: श्री अशोका एग्रिकल्चर प्रा.लि., संचालक तथा जमानीकर्ता: अशोक कुमार साह
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २७२४८९/०७८/०७९, दर्ता मिति २०७८/०६/०४, ठेगाना: जिल्ला रौतहट, दुर्गा भगवती गा.पा. वडा नं. १

धितोको विवरण

१) हरदेव चौधरीकी छोरी, योगी चोधरीकी बुहारी, अशोक कुमार साहकी पत्नी, सर्लाही जिल्ला, खैर्वा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बस्ने अनिता कुमारी चौधरीको नाममा मालपोत कार्यालय वरहथवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, सुन्दरपुर चोहर्वा गा.वि.स. वडा नं. ८ (हाल वरहथवा न.पा. वडा नं. १३) स्थित कित्ता नं. ६००, ३९० र ११५ को क्षेत्रफल क्रमश: १-२-१२-०, २-५-१० र १-१-०-० (विगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) श्री अशोका एग्रिकल्चर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि GoogleMap

जमानीकर्ताहरुको विवरण

१) अनिता कुमारी चौधरी २) अशोक कुमार साह

२)

१) ऋणी कम्पनी: यु.एम.मार्केटिङ्ग प्रा.ली., संचालक तथा जमानीकर्ता: रुशन श्रेष्ठ
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १६५९४१/०७३/०७४, दर्ता मिति: २०७३/१२/१०, ठेगाना: जिल्ला काभ्रे, बनेपा न.पा. वडा नं. ७

धितोको विवरण

यु.एम. मार्केटिङ्ग प्रा.ली.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२) ऋणी कम्पनी: यु.एम.इन्टरप्राइजेज प्रा.ली., संचालक तथा जमानीकर्ता: रुशन श्रेष्ठ
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २२७७९९/०७६/०७७, दर्ता मिति: २०७६/०७/२२, ठेगाना: जिल्ला काभ्रे, बनेपा न.पा. वडा नं. ७

३) ऋणी: रुशन श्रेष्ठ
ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. १, बाबु: रामशरण श्रेष्ठ, बाजे: हरिगोपाल श्रेष्ठ

धितोको विवरण

१) सानु सेतु बहादुरको नाति, हरी गोपालको छोरा, काभ्रे जिल्ला, दुकुचा गा.वि.स. वडा नं. ३ बस्ने राम शरण श्रेष्ठको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ५ स्थित कित्ता नं. २६७९, २७५३ र २७५५को क्षेत्रफल क्रमश: १३१.१९, ११५.४८ र ८२.३३(व.मी.) को घरजग्गा र सो घजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) यु.एम.इन्टरप्राइजेज प्रा.ली.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि GoogleMap

जमानीकर्ताहरुको विवरण

१) कृष्णाकुमारी श्रेष्ठ २) रुसा श्रेष्ठ ३) राम शरण श्रेष्ठ ४) रुशन श्रेष्ठ

३)

१) ऋणी फर्म: शुभावती गल्ला भण्डार, प्रोप्राईटर तथा जमानीकर्ता: तमेश्वर मल्लाह
दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं.४२६९८/०७५, दर्ता मिति: २०७५/०४/३१, ठेगाना: जिल्ला रुपन्देही, रोहिणी गा.पा. वडा नं. ३

२) ऋणी: तमेश्वर मल्लाह
स्थायी ठेगाना: रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ३, हालको ठेगाना: रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३, बाबु: अर्जुन मल्लाह, बाजे: शंकर मल्लाह

धितोको विवरण

१) कनहीको नाती, अर्जुन मल्लाहको छोरा, रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३ बस्ने तमेश्वर मल्लाहको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, छिपागढ गा.वि.स. वडा नं. ७ (हाल रोहिणी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४८ को क्षेत्रफल ०-५-७.५-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) कनहीको नाती, अर्जुन मल्लाहको छोरा, रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रोहिणी गा.पा. वडा नं. ३ बस्ने तमेश्वर मल्लाहको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ४ घ स्थित कित्ता नं. १९० को क्षेत्रफल ०-२-१९-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) शुभावती गल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि GoogleMap

जमानीकर्ताहरुको विवरण

१) तमेश्वर मल्लाह २) इसरावति मल्लाह ३) अभिमन्नु मल्लाह ४) सुभावति मल्लाह

नोट: ऋणी तथा जमानीकर्ता/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ता/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

मेलम्ची रोकिएपछि उपत्यकामा खानेपानी अभाव

काठमाडौं/ मेलम्ची खोलाको खानेपानी बन्द गर्दा काठमाडौं उपत्यकाको खानेपानी वितरणमा समस्या देखिएको छ। मौसम प्रतिकूलता तथा निरन्तर वर्षाका कारण मेलम्चीको पानी वितरण पूर्ण रूपमा बन्द गरिएको छ।

दैनिक २० करोड लिटर पानी मेलम्चीबाट आउने गरेकोमा १५ असारदेखि नै मेलम्ची खोलाको पानी पठाउन बन्द गरिएको हो। लेदो र गेग्रानसहितको पानी आएपछि टनेल ढोका बन्द गरिएको मेलम्ची खानेपानी आयोजनाले जनाएको छ।

यद्यपि, मेलम्ची खोलाको पानी वितरण बन्द गरिए पनि नजिकै रहेको रिबर्मा खोलाबाट भने दैनिक ६ करोड लिटर सोही टनेलबाट वितरण भइरहेको मेलम्ची खानेपानी विकास समितिका प्रमुख रत्न लामिछानेले बताए। 'मेलम्ची खोलाको पानी पूर्ण रूपमा धमिलो आयो, त्यसपछि नजिकै रहेको रिबर्मा खोलाको पानी मेलम्चीकै टनेलबाट पठाएका छौं, तर त्यो पुग्दो छैन, दैनिक ६ करोड लिटर पठाउने गरेका छौं,' उनले भने, 'हामीले ट्रिटमेन्ट गरेर पानी पठाएका छौं, सुन्दरजलीसम्म हामी हेर्छौं, त्यसपछि केयुकेएलले हेर्छ, सुन्दरीजलमा रहेको ट्रिटमेन्ट प्लान्टबाट पानी प्रशोधन गरेर मात्रै पठाउँछौं, धमिलो पानी पठाइएको छैन।'

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले मेलम्चीबाट आउने पानीको मात्रा घटेको र धमिलो पानी आउने अवस्थाका कारण केही स्थानमा पानी वितरण बन्द भएको छ। केयुकेएल ललितपुर शाखाले सूचना जारी गर्दै खुमलटार ट्यांकीमार्फत वितरण हुने पानी आपूर्ति अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको जानकारी गराएको छ। 'मौसम सुधार भई पानीको प्रवाह पुनः नियमित भएपछि प्रणाली स्थिर भई मात्र आपूर्ति पुनः सुरु गरिनेछ,' केयुकेएल ललितपुरले जारी गरेको सूचनामा भनिएको छ, 'असुविधाका लागि हामी विनम्रतापूर्वक क्षमाप्रार्थी छौं र सेवाग्राही महानुभावहरूको समझदारी तथा सहकार्यका लागि हार्दिक अनुरोध गर्दछौं।'

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल

आन्तरिक आय ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्रको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०४/०६

यस कार्यालयको आ.व.२०८२/२०८३ को नगर सभाबाट यस नगरपालिका अर्न्तगत देहाय बमोजिम आर्थिक वर्ष २०८२/२०८३ देखि आर्थिक वर्ष २०८६/२०८७ (पाँच वर्ष) सम्मका लागि आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गरी राजश्व संकलन गर्ने निर्णय भएकोले ईच्छुक संघ/संस्था, फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी रु ३०००।- (तीन हजार मात्र, फिर्ता नहुनेगरी) राजश्व शाखामा बुझाई न्यूनतम कबोल रकम भन्दा बढाबढमा शिलबन्दी बोलपत्र सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र बोलपत्र फारम लिई ३१ (एकतिस)औं दिन दिनको १२:०० बजेभित्र पेश गर्नहुन र सोहिदिन दिनको २:०० बजे टेन्डर खोलिने यसै सूचना द्वारा जानकारी गराईन्छ। टेन्डर खोलिने दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

तपसिल

ठेक्का नं.	ठेक्काको नाम	न्यूनतम कबोल रकम	धरौटी रकम
आय/५/०८२/०८३	वडा नं.-३ मा अवस्थित नगर आँप बगैचा जग्गा सहित (५ वर्षका लागि)	६७,५०,०००/-	कबोल रकमको ५ प्रतिशत
आय/६/०८२/०८३	वडा नं.-४ र १२ मा अवस्थित नगर आँप बगैचा जग्गा सहित (५ वर्षका लागि)	१,१२,५०,०००/-	कबोल रकमको ५ प्रतिशत

यस ठेक्का सम्बन्धि विस्तृत जानकारीको लागि नगरपालिकाको वेवसाईट www.bagmatimunsarlahi.gov.np मा राखिएको छ।

प्रमुख प्रशासकिय अधिकृत

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं. | ऋणीको विवरण

१)

१) ऋणी फर्म: भवानी पोलिथिन इण्डष्ट्रीज, प्रोप्राईटर तथा जमानीकर्ता: मधु सुदन चौरसिया,
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज, पर्सामा प्रा.फ. पर्सा नं. : ५७५७/०६८/०६९, दर्ता मिति २०६८/११/१६, ठेगाना: जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. ३

२) ऋणी फर्म: एस बाबा सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता: मधु सुदन चौरसिया
दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३८२७८/०७५/०७६, दर्ता मिति २०७६/०१/२६, ठेगाना: जिल्ला पर्सा, वीरगंज म.न.पा. वडा नं. ३

३) ऋणी फर्म: एस वावा इण्डष्ट्रिज, प्रोप्राईटर तथा जमानीकर्ता: अंजली देवी
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय वीरगंज, पर्सामा प्रा.फ. पर्सा नं. १०३६०/०७५/०७६, दर्ता मिति: २०७५/१०/१७, ठेगाना: जिल्ला पर्सा, बहुअर्वाभाठा गा.वि.स. वडा नं. ७ (हाल विन्दवासिनी गा.पा. वडा नं. २)

जमानीकर्ताहरु: १) अंजली देवी, २) जितेन्द्र कुमार चौरसिया, ३) मधु सुदन चौरसिया

४) ऋणी: मधु सुदन चौरसिया
स्थायी ठेगाना : पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ७, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३
बाबु : जितेन्द्र कुमार चौरसिया, बाजे : शिववचन प्रसाद वरै

जमानीकर्ताहरु: १) अंजली देवी, २) जितेन्द्र कुमार चौरसिया

धितोको विवरण

१) दुखी प्र. वरैको नाति, शिववचन प्रसाद वरैको छोरा, पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ७ बस्ने जितेन्द्र कुमार चौरसियाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वहुअर्वा भाठ्ठा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १०९१ र १०९२ को क्षेत्रफल क्रमश: ०-१-० र ०-१-० (विगाहा) को जग्गा र पर्सा जिल्ला, वीरगंज न.पा. वडा नं. ३ स्थित कित्ता नं. १०५ र १७६ को क्षेत्रफल क्रमश: ०,०१४०.७० र ०,०३४०.६८ (व.मी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) शिववचन प्रसाद वरैको नाति, जितेन्द्र कुमार चौरसियाको छोरा, पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ७ बस्ने मधु सुदन चौरसियाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, वीर गंजको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वहुअर्वा भाठ्ठा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १०९३ को क्षेत्रफल ०-२-२ (विगाहा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) भवानी पोलिथिन इण्डष्ट्रीज, एस वावा इण्डष्ट्रिज तथा एस बाबा सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

५) ऋणी: जितेन्द्र कुमार चौरसिया
स्थायी ठेगाना : पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ७, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३
बाबु : शिववचन प्रसाद वरै, बाजे : दुखी प्र. वरै

जमानीकर्ताहरु: १) अंजली देवी, २) मधु सुदन चौरसिया

धितोको विवरण

दुखी प्र. वरैको नाति, शिववचन प्रसाद वरैको छोरा, पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ७ बस्ने जितेन्द्र कुमार चौरसियाको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ६/ख स्थित कित्ता नं. ५१० को क्षेत्रफल ०-०-१९ (विगाहा) को जग्गा, पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ६५२ को क्षेत्रफल ०-१-५-१५½ (विगाहा) को जग्गा तथा पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ८३७ र ६३९ को क्षेत्रफल क्रमश: ०-३-१० र ०-९-६-१½ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

विद्याको बाटोमा ओलीको कठोर अवरोध

पूर्वराष्ट्रपतिलाई छेक्न ओलीका तीन रणनीति : **संगठन, प्रचार र त्रास**

केन्द्रीय कमिटी बैठकमा ओलीको अभिव्यक्ति

सदस्यता नवीकरण भयो कि भएन, सक्रिय रूपमा आउनुपर्छ कि पर्दैन ? पार्टी निर्णय हुन्छ। निर्णयअगावै च्यानलबाहिर गएर प्रवक्ता बन्ने ? पोलिटब्युरो बैठकलाई 'कट अफ' बैठकको रूपमा लिनुपर्छ। अब यस्ता अनुशासनहीन गतिविधि दोहोरिए ठिक हुनेछैन। भेटवार्तामा विद्या भण्डारीलाई पोलिटब्युरो बैठकका निर्णय जानकारी गराइएको छ। राष्ट्रिय राजनीति, राष्ट्रपतिको गरिमा र हाम्रो गणतन्त्रलाई अनावश्यक विवादमा तान्न नहुने कुरा पनि स्पष्ट रूपमा राखिएको छ। उहाँले आफ्नो धारणा सोचेर पछि जानकारी दिने बताउनुभएको छ। उहाँको धारणा आएपछि आवश्यकताअनुसार पार्टीले थप निर्णय गर्नेछ। उहाँ पार्टी कार्यालय आउँदा केही असन्तुष्ट र आफैँ चुनाव गराएर हारेकाहरू पनि देखिए।



शुरोजंग पाण्डे/नयाँ पत्रिका

पूर्वराष्ट्रपति विद्या भण्डारीको सक्रिय राजनीतिमा सम्भावित पुनरागमन रोक्न एमाले अध्यक्ष केपी ओलीले संगठन, प्रचार संयन्त्र र मनोवैज्ञानिक दबाबको रणनीति अपनाएका छन्। जारी केन्द्रीय कमिटी बैठकमा ओलीले भण्डारीको सक्रियताप्रति असहमति जनाउँदै उनका समर्थकमाथि अनुशासनको कारबाही गर्ने चेतावनी नै दिएका छन्। नेता-कार्यकर्तामाझ मनोवैज्ञानिक त्रास सिर्जना गरेर भण्डारीलाई कमजोर बनाउने र आगामी महाधिवेशनमार्फत निर्विकल्प अध्यक्ष बन्ने अध्यक्ष ओलीको रणनीति छ।

केन्द्रीय कमिटीको सोमबारबाट सुरु बैठकमा ओलीले पार्टीको निर्णयअगावै प्रवक्ता बनेर भण्डारीको पक्षमा वकालत नगर्न उनी पक्षधर नेताहरूलाई चेतावनी दिएका हुन्। पार्टी च्यानलभन्दा बाहिर गएर भण्डारीलाई सक्रिय राजनीतिमा ल्याउने पक्षमा प्रवक्ता बन्ने काम दोहोरिए अनुशासनको डण्डा चलाइने ओलीको चेतावनी छ। सचिवालय, पोलिटब्युरो र केन्द्रीय समितिमा भण्डारीको पक्ष-विपक्षमा ध्रुवीकरण भइरहेका वेला ओलीले कारबाहीको चेतावनी दिएर भण्डारीको सम्भावित प्रभाव वेलैमा निरुत्साहित गर्ने योजना अघि सारेका छन्।

आइतबार पूर्वराष्ट्रपति भण्डारीले पार्टी केन्द्रीय कार्यालय च्यासलमा भेटेर त्यहीँबाटै पार्टी काममा नियमित रूपमा सक्रिय हुने औपचारिक जानकारी गराएको भोलिपल्ट अध्यक्ष ओलीले जवाफी रणनीतिबारे बोलेका हुन्। केन्द्रीय कमिटी बैठकमा ओलीले भण्डारीको पक्षमा वकालत गरे ठिक नहुने भन्दै अनुशासन आकर्षित हुन सक्ने बताएर उनका समर्थकमाथि मनोवैज्ञानिक त्रास सिर्जना गरेका छन्।

भण्डारीलाई सक्रिय राजनीतिमा ल्याएर अध्यक्ष बनाउने अभियानमा कित्ताकाट हुँदै गएका नेता-कार्यकर्ताहरूलाई लक्षित गर्दै ओलीले भनेका छन्, 'जे गर्ने भए पनि पार्टीले निर्णय गर्छ। सदस्यता नवीकरण भयो कि भएन, सक्रिय रूपमा आउनुपर्छ कि पर्दैन ? पार्टी निर्णय हुन्छ। निर्णयअगावै च्यानलबाहिर गएर प्रवक्ता बन्ने ? जे बोल्ने पार्टीले बोल्छ।'

ओलीले पोलिटब्युरो बैठकलाई विवाद र असहमति सकिएको 'कट अफ' बैठकका रूपमा लिनुपर्ने भन्दै अनुशासनहीन गतिविधि दोहोरिए ठिक नहुने बताए। 'पोलिटब्युरो बैठकलाई 'कट अफ' बैठकको रूपमा लिनुपर्छ। अब यस्ता अनुशासनहीन गतिविधि दोहोरिए ठिक हुनेछैन,' ओलीलाई उद्धृत गर्दै पोलिटब्युरो सदस्य महेश बस्नेतले भने, 'एमाले र हाम्रो नेतृत्वमाथि चौतर्फी आक्रमण भइरहेकै वेलामा सबैले एकताबद्ध भएर अघि बढ्नु अत्यावश्यक छ।'

च्यासलमा भएको भेटमा पूर्वराष्ट्रपति भण्डारीलाई सक्रिय राजनीतिमा आउने कुरा ठिक नहुने कुरामा सजग गराइएको केन्द्रीय कमिटी बैठकमा ओलीले ब्रिफिङ गरेका छन्। उक्त भेटमा भण्डारीले पछि सोचेर जवाफ दिने जानकारी गराएको ओलीले बैठकलाई अवगत गराएका छन्। 'भेटवार्तामा विद्या भण्डारीलाई पोलिटब्युरो बैठकका निर्णय जानकारी गराइएको छ। राष्ट्रिय राजनीति, राष्ट्रपतिको गरिमा र हाम्रो गणतन्त्रलाई अनावश्यक विवादमा तान्न नहुने कुरा पनि स्पष्ट रूपमा राखिएको छ। उहाँले आफ्नो धारणा सोचेर पछि जानकारी दिने बताउनुभएको छ। उहाँको धारणा आएपछि आवश्यकताअनुसार पार्टीले थप निर्णय गर्नेछ,' बैठकमा ओलीले भनेका छन्।

पार्टी कार्यालयको भेट पूर्वराष्ट्रपति भण्डारीकै प्रस्तावमा भएको ओलीले सुनाएका छन्। ओलीले जनसंगठनहरूको महाधिवेशनबाट असन्तुष्ट र लोकतान्त्रिक प्रतिस्पर्धामा पराजितहरू भण्डारीको स्वागतमा देखिनु ठिक नभएको बताए। ओलीले आफ्नै कार्यकर्ताहरूलाई अपमान हुने गरी असहिष्णु शब्दसमेत प्रयोग गरेका छन्।

एक केन्द्रीय सदस्यका अनुसार ओलीले भनेका थिए, 'भेटवार्तासम्बन्धी प्रस्ताव उहाँबाटै आएको हो। 'कहाँ भेट्ने ?' भन्ने प्रश्नमा उहाँले 'पार्टी कार्यालय नगएको धेरै भयो, त्यहीँ आउँछु' भन्नुभयो र त्यसपछि भेटवार्ता पार्टी कार्यालयमै भयो। तर, उहाँ आउँदा केही असन्तुष्ट र आफैँ चुनाव गराएर हारेकाहरू पनि देखिए। उनीहरू पशुपतिको आरतीमा समेत देखिएका थिए। तिनै आरतीमा देखिनेहरू यता पनि देखिए।'

■ आजै बैठक समापन गर्ने तयारी

केन्द्रीय कमिटी बैठकमा विधान अधिवेशनको मस्यौदा, संगठनात्मक कामसहित चारवटा कार्यसूचीमा ४९ जनाले धारणा राखेका छन्। केन्द्रीय सदस्यहरूलाई बढीमा तीन मिनेट बोल्न दिइएको छ। मंगलबारै बैठक समापन गर्ने तयारी छ। पार्टी बैठकको आरम्भमै भण्डारीलाई राजनीतिमा फर्काउने पक्षमा थप वकालत गरिए कारबाही हुन सक्ने भन्दै ओलीको प्रस्तुति सुनेपछि धेरै केन्द्रीय सदस्यले दबाब महसुस गरेका थिए। यद्यपि, उनीहरूले औपचारिक प्रतिक्रिया भने दिएनन्।

ओलीले केन्द्रीय सचिवालय बैठकको सँघारबाटै युट्युब च्यानलबाट भण्डारीको विरोधमा बोल्न सुरु गरेका थिए। केन्द्रीय कमिटी बैठकमा ओलीले भण्डारीका पक्षमा बोले कारबाही हुने बताएपछि परिस्थिति बदलिएको एक नेताले बताए। उनका अनुसार ओलीको अभिव्यक्तिपछि भण्डारीको पक्षमा रहेका कतिपय केन्द्रीय सदस्यले पनि उनको सदस्यता नवीकरण र पार्टीमा पुनरागमनबारे संवादबाट हल गर्नुपर्ने भन्दै झिनो स्वरमा मध्यमार्गी लाइनबाट धारणा राखेका थिए। समर्थक थुप्रै केन्द्रीय सदस्य मौन बसे।

प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बैठकमा ओलीले केन्द्रीय कमिटीले आवश्यक राजनीतिक निर्णय गर्ने जानकारी दिएको बताए। 'राष्ट्रपति राजनीतिमा आउनुहुन्छ कि हुँदैन भन्ने विषयमा पार्टी अध्यक्षले आफ्नोतर्फबाट अहिले चलिरहेको अभ्यासबारे स्पष्ट दृष्टिकोण राख्नुभएको छ। पार्टी सदस्यबारे पनि धेरै विवाद गर्नुपर्ने विषय भएन, केन्द्रीय कमिटीले निर्णय गरेर अन्तिम टुंगो लगाउँछ भन्ने कुरा राख्नुभएको छ,' उनले भने।

बैठकमा बोल्ने धेरैजसो सदस्यले पोलिटब्युरोबाट पारित विधान संशोधन प्रस्तावलाई समर्थन गर्ने दोहोर्‍याउँदै पार्टीलाई एकताबद्ध बनाएर मिसन ८४ पूरा गर्न ओलीको नेतृत्वको विकल्प नभएको दोहोर्‍याएका छन्। उनीहरूले राष्ट्रपतिजस्तो गरिमामय पदमा पुगिसकेको व्यक्तिलाई राजनीतिमा फर्काउने काम ठिक नहुने भन्दै उपयुक्त राजनीतिक निर्णय गरेर भण्डारीलाई रोक्नुपर्ने धारणा राखेका छन्।

केन्द्रीय सदस्य नीरज आचार्यले पूर्वराष्ट्रपति राजनीतिमा आउन मिल्छ कि मिल्दैन भन्ने विषय राजनीतिक मामिला भएकाले राजनीतिक निर्णयबाटै टुंगो लगाउनुपर्ने बताएका थिए। अर्का केन्द्रीय सदस्य विष्णु रिजालले विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन अलग-अलग गरिनु नै बेठिक भएको तर्क गरेका थिए। बैठकमा दिवाकर देवकोटा, इन्द्रलाल सापकोटा, रमेश पौडेल, रवीन्द्र अधिकारी, रचना खड्का, अरविन्द सिंह, कृष्ण पौडेल, कृष्ण थापालगायत करिब एक दर्जन केन्द्रीय सदस्यले भने पार्टी सदस्यता नवीकरण पूर्वराष्ट्रपति भण्डारीको स्वेच्छाको विषय भन्दै तत्काल पार्टी अध्यक्ष ओलीले संवाद गरेर अन्तिम निष्कर्षमा पुग्न सुझाव दिएका थिए।

ओलीलाई अखिलको चुनाव लडेका पौडेलको जवाफ-

आफ्नै अभिभावकको प्रहारले मेरो मन रोयो, मुटु छियाछिया भयो



एमाले अध्यक्ष केपी ओलीले पराजित समूह भन्दै केन्द्रीय कमिटी बैठकबाट अपमान गरेपछि अनेरास्ववियुको महाधिवेशनमा सात मतले अध्यक्षमा पराजित प्रकाश पौडेलले सामाजिक सञ्जालबाट जवाफ फर्काएका छन्। 'आज त्यही लामो यात्रा र त्यागपछि, मैले पार्टीको आन्तरिक लोकतन्त्रको अभ्यास गरेँ। मैले कुनै विद्रोह गरिनँ, कुनै गुट बनाइनँ। केवल तपाईंले नै बनाउनुभएको विधानमा टेकेर, कार्यकर्ताको माझमा जाने आँट गरेँ। मैले प्रतिस्पर्धा रोजेँ,' उनले भनेका छन्, 'त्यसैले आज म सोध्न चाहन्छु, अध्यक्षज्यू, के लोकतान्त्रिक प्रतिस्पर्धा गर्नु अपराध हो ? के कार्यकर्ताको माझमा जानु पाप हो ?' ७ मतले हार्नु मेरो भाग्य होला, त्यो अंकगणितलाई मैले सहर्ष स्वीकार गरेँ। तर, जब लोकतन्त्रको त्यही मन्दिरमा, आफ्नै अभिभावकबाट, आफ्नै नेताबाट 'असन्तुष्ट' र 'हारेकाहरू' भन्ने शब्दले प्रहार हुन्छ, तब मन रुँदो रहेछ। छातीभित्र कतै गहिरो चोट लाग्दो रहेछ। मुटु छियाछिया हुँदो रहेछ। हिजो सडकमा तपाईंको लागि लड्दा पाएको हरेक चोटभन्दा यो शब्दको चोट कैयौँ गुणा गहिरो हुँदो रहेछ।'

रणनीतिक छलफलमा कांग्रेसका सात पूर्वपदाधिकारी

१५औँ महाधिवेशन, सत्तागठबन्धनदेखि संविधान संशोधनसम्मका विषयमा कुराकानी



नयाँ पत्रिका

कांग्रेस नेता डा. शेखर कोइरालाले सक्रियता बढाएका वेला संस्थापन पक्षका सात पूर्वपदाधिकारीले रणनीतिक छलफल गरेका छन्। आगामी महाधिवेशन, सत्तागठबन्धनदेखि संविधान संशोधनसम्मका विषयमा उनीहरूले छलफल गरेका हुन्।

उपप्रधानमन्त्री एवं कांग्रेस पूर्वमहामन्त्री प्रकाशमान सिंहको निवास चाक्सीबारीमा सोमबार सिंहसहित उपसभापतिहरू विमलेन्द्र निधि, विजयकुमार गच्छदार र गोपालमान श्रेष्ठ, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र डा. शशांक कोइराला तथा पूर्वसहमहामन्त्री डा. प्रकाशशरण महतले छलफल गरेका हुन्। उनीहरू सबै हाल केन्द्रीय सदस्य छन्। महत भने पार्टी प्रवक्ता हुन्। गत महाधिवेशनमा सबैले सभापति शेरबहादुर देउवालाई सघाएका थिए।

कांग्रेस-एमाले गठबन्धनको भावनाअनुरूप वर्तमान सरकार ०८४ को निर्वाचनसम्मै चल्नुपर्नेमा उनीहरूले जोड दिएका छन्। छलफलपछि सिटौलाले गठबन्धन सरकारले प्रभावकारी रूपमा काम गर्नुपर्ने र गठबन्धन आगामी निर्वाचनसम्मै जानुपर्ने निष्कर्ष निकालेको बताए। 'सरकारले प्रभावकारी ढंगले काम गर्न सक्नुपर्छ। यसका लागि हामीले कांग्रेसको तर्फबाट सरकारमा प्रतिनिधित्व गर्ने प्रकाशमानजीलाई भनेका छौँ। उहाँ प्रधानमन्त्रीसँग कुरा राख्नुहुन्छ। गठबन्धनको भावनाअनुसार सरकारले काम गर्नुपर्छ भन्ने हाम्रो मत हो,' उनले भने।

> कांग्रेस नेता **कृष्णप्रसाद सिटौला** भन्छन्-
> सरकारले प्रभावकारी ढंगले काम गर्न सक्नुपर्छ। यसका लागि हामीले कांग्रेसको तर्फबाट सरकारमा प्रतिनिधित्व गर्ने प्रकाशमानजीलाई भनेका छौँ। उहाँले प्रधानमन्त्रीसँग कुरा राख्नुहुन्छ। गठबन्धनको भावनाअनुसार सरकारले काम गर्नुपर्छ भन्ने हाम्रो मत हो।

कांग्रेस-एमाले सत्तागठबन्धन हुँदाको सातबुँदे सहमति कार्यान्वयनमा पनि उनीहरूले जोड दिएका छन्। संविधान संशोधनको विषयमा सातबुँदे सहमतिमा पनि उल्लेख भएको स्मरण गर्दै उनीहरूले सरकारले सबैलाई मान्य हुने गरी छलफल थाल्नुपर्ने आवश्यकता औँल्याएका छन्। कांग्रेसले संविधान संशोधनका लागि सहजीकरण गर्न कार्यदल गठन गर्ने निर्णय गत केन्द्रीय कार्यसमिति बैठकले गरिसकेको छ।

मंगलबार सभापति देउवालाई भेटेर छलफलको निष्कर्ष जानकारी गराउने सिटौलाले जानकारी दिए। 'गठबन्धनको सरकार भएपछि सोही भावनाअनुसार चल्नुपर्छ। गठबन्धन ०८४ को चुनावसम्म जानुपर्छ भन्ने भावनाले काम गर्नुपर्छ,' उनले भने। कांग्रेसका सात पूर्वपदाधिकारीहरूले आगामी १५औँ महाधिवेशनबारे पनि छलफल गरेका छन्। तोकिएकै समयमा महाधिवेशन हुनुपर्ने र सभापतिमा आफूहरूमध्येबाट एकजनालाई अगाडि सारेर जानुपर्नेमा उनीहरूको जोड छ। तर, को भन्ने विषयमा नेताहरू निष्कर्षमा पुगिसकेका छैनन्।

संक्षेप

सिद्धबाबाविरुद्ध सर्वोच्च नजाने महान्यायाधिवक्ताको निर्णय

काठमाडौं/ सिद्धबाबा भनी चिनिने कृष्णबहादुर गिरीविरुद्धको जबर्जस्ती करणी मुद्दामा सरकारी पक्ष पुनरावेदनमा नजाने भएको छ। महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्चमा दोहोर्‍याइ पाऊँ निवेदन नदिने निर्णय गरेसँगै यो मुद्दा तत्कालका लागि टुंगिएको छ। 'त्यो मुद्दामा न्याय प्रशासन ऐनको दफा १२ को अवस्था विद्यमान नभएको अवस्था रहेकाले दोहोर्‍याइ पाऊँ नगर्ने निर्णय भएको हो। मिसिल सम्बन्धित कार्यालयमा फिर्ता गइसक्यो,' सहन्यायाधिवक्ता उद्धवप्रसाद पुडासैनीले भने। १७ असारमा महान्यायाधिवक्ताको कार्यालयबाट यस्तो निर्णय भएको हो। उल्लिखित दफामा उच्च अदालतले गरेको फैसलामा पुनरावेदन नलाग्ने मुद्दामा सर्वोच्चमा दोहोर्‍याई हेर्न सकिने चार अवस्था उल्लेख छन्। जसमा उच्चको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक त्रुटि भएमा सर्वोच्च जान सकिने व्यवस्था छ। सर्वोच्च अदालतबाट स्थापित कानुनी सिद्धान्त वा नजिरको पालना नभएमा, गलत किसिमले व्याख्या गरेमा, सरकारी वा सार्वजनिक विवाद समावेश भएको मुद्दामा प्रमाणको उचित मूल्यांकन नभएमा पनि माथिल्लो अदालतमा दोहोर्‍याई हेर्ने अनुमति माग्न सक्ने उल्लेख छ।

आगलागीबाट ६ करोडको क्षति

धनगढी/ कैलालीको धनगढी उपमहानगरपालिका- ४, उत्तरबेहडीस्थित तीनवटा पसलका आठ सटरमा आगलागी भएको छ। आगलागीबाट ६ करोड १३ लाख रुपैयाँको क्षति भएको विवरण प्रहरीले संकलन गरेको छ। हेलन ट्रेडर्स, परिवर्तन इम्पेक्स र सेन्टरप्वाइन्ट रेस्टुरेन्टमा आइतबार राति आगलागी भएको हो। विद्युत् सर्ट भएर आगलागी सुरु भएको बुझिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहले जानकारी दिए। धनगढी उपमहानगरपालिकाका दुई र गोदावरी नगरपालिकाको एक दमकल, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली तथा स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो। राति पौने ११ बजेतिर लागेको आगो करिब १२ बजे नियन्त्रणमा आएको थियो। दुईवटा होलसेल पसलका सामान आगलागीबाट जलेर नष्ट भएका छन्।

कोरोना संक्रमणबाट पोखरामा एकजनाको मृत्यु

पोखरा/ पोखरामा महानगरपालिका- ९ नागढुंगास्थित चरक मेमोरियल हस्पिटलमा उपचारका लागि भर्ना भएकी एकजना कोरोना संक्रमितको मृत्यु भएको छ। ७४ वर्षीया महिलाको उपचारको क्रममा मृत्यु भएको स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशक खिमबहादुर खड्काले बताए। चरकमा उपचारका लागि भर्ना भएकी ती महिलामा २५ असारमा कोरोना परीक्षण गर्दा पोजेटिभ देखिएको थियो। जनस्वास्थ्य प्रयोगशालामा परीक्षणका क्रममा उनमा कोरोना संक्रमण रहेको पत्ता लागेको थियो। कोरोना देखिएपछि चरकमा उपचार गराइरहेकी महिलाको आइतबार साँझ मृत्यु भएको खड्काले बताए। कोरोनासँगै ती महिलामा उच्च रक्तचाप र मधुमेहको समेत समस्यासमेत थियो। निर्देशक खड्काका अनुसार जनवरी २०२५ यता गण्डकीमा आठजनामा कोरोना देखिएकोमा अन्य सातजनाको उपचार भएको र एकजनाको मृत्यु भएको हो।

भारतीय सहयोगमा शिक्षा र स्वास्थ्यका पाँच परियोजना निर्माण हुने

काठमाडौं/ भारत सरकारको अनुदान सहयोगमा शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पाँचवटा परियोजना निर्माण हुने भएको छ। त्यसको नाम उच्च प्रभाव सामुदायिक विकास परियोजना दिइएको छ। विद्यालय, स्वास्थ्यचौकी तथा अस्पतालसमेत पाँच परियोजना निर्माणसम्बन्धी समझदारीपत्रमा सोमबार हस्ताक्षर भएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भारतीय दूतावास र नेपाल सरकारका परियोजना कार्यान्वयन निकायहरूबिच समझदारीपत्रमा हस्ताक्षर भएको छ। कुल ३९ करोड रुपैयाँ अनुदान सहयोगमा पाँच परियोजना निर्माण हुनेछन्। भारतीय दूतावासका अनुसार धनुषाको बटेश्वर- ३ स्थित जनशक्ति माध्यमिक विद्यालय भवन, पर्साको पोखरियास्थित महोवनी पद्म माध्यमिक विद्यालय, अछामको मेल्लेख गाउँपालिकास्थित बासुकी माध्यमिक विद्यालय, बाराको प्रसौनी गाउँपालिका- २ मा बेंगा साह माध्यमिक विद्यालय तथा पुस्तकालय र मनाङको नार्सों गाउँपालिका- ५ मा पाँच शय्याको अस्पताल भवन निर्माण हुनेछ।

दुई वर्षको प्रेमपछि प्रेमिकाको हत्या

काभ्रेमा **इन्द्रबहादुर थापा**

दुई वर्ष प्रेममा रहेका एक युवकले दाउरा प्रहार गरी प्रेमिकाको हत्या गरेका छन्। जिल्ला प्रहरी कार्यालय काभ्रेका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेका अनुसार रामेछाप मन्थली गाउँपालिका- १३ का ३७ वर्षीय सन्तोष सुनारले बनेपा नगरपालिका- ९ की ३३ वर्षीया शर्मिला उप्रेतीलाई दाउरा प्रहार गरी हत्या गरेका हुन्।



सन्तोष सुनार

शनिबार बनेपा नगरपालिका- १३ भगवान थुम्कीस्थित सामुदायिक वनको भिरालो जमिनमा रहेको चिलाउनेको फेदमा अपरचित महिलाको शव फेला परेको थियो। शव फेला परेपछि इलाका प्रहरी कार्यालय बनेपाका प्रहरी नायब उपरीक्षकको कमान्डमा प्रहरी र धुलिखेल अस्पतालका फरेन्सिक डाक्टरको टोली खटी अनुसन्धान थालेको थियो। सो क्रममा भुम्लु गाउँपालिका- १ डाँडखर्क घर भई हाल बनेपा- ९ नयाँबस्तीमा बस्दै आएका मृतक शर्मिलाका बुबाले शवको सनाखत गरेको घलेले बताए। प्रेमिकाको हत्या गरी बनेपा नगरपालिका- १० ईँटाभट्टामा लुकीछिपी रहेको अवस्थामा सुनार पक्राउ परेका छन्। उनले आफूले उप्रेतीको हत्या गरेको स्विकारेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। उप्रेती र सुनार दुई वर्षदेखि प्रेम सम्बन्धमा रहेको खुलेको छ। उप्रेतीले पटक-पटक विवाह गर्न गरेको अनुरोध आलटाल गरेपछि अर्कैसँग लागेको शंका गरेर दाउराले हानेर हत्या गरेको सुनारले स्विकारेको प्रहरीले जनाएको छ।

■ होटेलको छतबाट खसालेर हत्या गरेको आरोपमा युवती पक्राउ

जनकपुरधाम/ जनकपुरको जिरोमाइलस्थित होटेल एसपी एन्ड गेस्ट हाउसको छतबाट धकेलेर युवकको हत्या आरोपमा २१ वर्षीया जुली झा पक्राउ परेकी छिन्। महोत्तरी गाउँपालिका- १ पर्साका ३२ वर्षीय विमलेश यादवको आइतबार बिहान छतबाट खसालेर हत्या गरेको आरोपमा पक्राउ परेकी झालाई प्रहरीले सोमबार सार्वजनिक गरेको हो। यादवको आइतबार बिहान प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको धनुषाका प्रहरी प्रवक्ता नायब उपरीक्षक वरुणबहादुर सिंहले बताए। महोत्तरी बलवा नगरपालिका- ७ बनौटीकी झा केही वर्षदेखि जनकपुरधाम उपमहानगरपालिका- ४ मा डेरा गरी स्नातक अध्ययन गर्दै आएकी थिइन्। आइतबार बिहान साढे तीन बजेतिर गेस्ट हाउसमा यादवलाई छुरा प्रहार गरी घाइते बनाएर झाले छतबाट खसालेर हत्या गरेको प्रहरीले जनाएको छ। छतबाट खसेर गम्भीर घाइते भएका यादवलाई प्रहरीले जनकपुरधामको प्रादेशिक अस्पतालमा उपचारका लागि भर्ना गरेको थियो। उपचारकै क्रममा यादवको मृत्यु भएको थियो।

कास्की कारागारको चौकीदार नियुक्तिमा आर्थिक चलखेलको आरोप

कास्की/ कास्की कारागारको चौकीदार नियुक्तिमा विवाद भएको छ। कारागारको 'क' ब्लकका कैदीबन्दीहरू चौकीदार नियुक्तिको विषयमा आइतबार साँझदेखि नाराबाजीमा उत्रिएका हुन्। उनीहरू आर्थिक चलखेल गरेर चौकीदार नियुक्त भएको भन्दै विरोध एवं नाराबाजीमा उत्रिएका हुन्। उनीहरूले सोमबार गृहमन्त्रीलाई पत्र पठाएर चौकीदार नियुक्ति खारेज गरी आफुहरूले भनेको चौकीदार नियुक्त गर्न माग राखेका छन्। कैदीबन्दीको माग पुरा नभएसम्म अनिश्चितकालिन सिदा बहिस्कार, आमरण अनसन लगायतका आन्दोलनका कार्यक्रम गर्ने चेतावनी समेत दिएका छन्। कारागार कार्यालय 'क' ब्लकमा रहेका सम्पूर्ण कैदीबन्दीको नामबाट गृहमन्त्रीलाई सोमबार पत्र पठाइएको हो। कारागार व्यवस्थापन विभागबाट आइतबार आएको पत्र अनुसार 'क' ब्लकका लागि आर्थिक वर्ष ०८२/०८३ का लागि अजय गुरुङ चौकीदारको रुपमा छनौट भएका छन्। 'क' ब्लकमा रहेका कैदीबन्दीहरूले त्यसलाई अस्विकार गर्दै छनोट प्रक्रियामा प्रतिस्पर्धामा रहेका प्रकाश गुरुङलाई चौकीदार नियुक्त गर्न माग गरेका हुन्। 'क' ब्लकमा रहेका ३६६ कैदीबन्दीमध्ये ३६२ जनाले हस्ताक्षर गरी गृह मन्त्रीलाई पठाएका छन्।

■ स्वास्थ्यमन्त्री पौडेलको एक वर्ष

स्वास्थ्य क्षेत्रमा सुधारको आशा

शिवहरि घिमिरे/नयाँ पत्रिका

स्वास्थ्यमन्त्री प्रदीप पौडेलको एकवर्षे कार्यकालमा केही सुधारका आशा देखिएका छन्। ३१ असार ०८१ मा मन्त्री नियुक्ति भएका पौडेलले सोमबार पत्रकार सम्मेलनमार्फत एकवर्षे कार्यकालको उपलब्धि सार्वजनिक गरे। एक वर्षमा स्वास्थ्यमा सामान्यदेखि नीतिगत सुधारका काम गरी आशा जगाएको उनले दाबी गरे।

तर, मन्त्री पौडेलले सुरुवात गरेर आफैँले अन्त्य गरेका सम्झनयोग्य योजना भने छैनन्। कतिपय नियमित र कतिपय पाइपलाइनमा भइरहेका कामलाई उनी पूर्णता दिनतिर लागे। कतिपय साना निर्णय र त्यसको कार्यान्वयन गरे। मन्त्री पौडेलले एक वर्षमा केही महत्त्वपूर्ण निर्णय र त्यसको कार्यान्वयन गरेका छन्। त्यसमध्ये सिकसेल एनिमिया तथा हेमोफिलियाजस्ता जटिल रोगको उपचार तथा औषधि सेवा, निःशुल्क बाल क्यान्सर उपचार, जटिल क्यान्सरको निःशुल्क औषधि वितरणजस्ता केही महत्त्वपूर्ण कार्य गरेका छन्। त्यस्तै, विपन्नलाई निःशुल्क जलन उपचार सेवाको सुरुवात मन्त्री पौडेलले गरेका छन्। थारू समुदायले वर्षौंदेखि भोगिरहेको सिकलसेल तथा थालिसिमियाका बिरामीलाई बेग्लै वार्ड तथा निःशुल्क खोपको व्यवस्थासमेत पौडेलको पहलमा उपलब्ध गराइएको छ।

त्यस्तै, संघीय राजधानीकेन्द्रित क्यान्सर, मुटुरोग, मानव अंग प्रत्यारोपणजस्ता विशिष्ट उपचार प्रादेशिक अस्पतालमा विस्तार गर्नेसहितका योजना तथा प्राथमिकता घोषणा गरेका मन्त्री पौडेलले त्यसमा प्रतिबद्धता जनाएका नीति कार्यान्वयनमा ल्याउनुका अतिरिक्त थप कामसमेत अघि बढाए। 'हामीले थालेका स्वास्थ्य सेवा सुधार र पहुँच विस्तारका प्रयासले स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि दूरगामी महत्त्वका आधार तय गरेका छन्,' उनले भने, 'यी प्रयास संविधानद्वारा प्रत्याभूत स्वास्थ्यसम्बन्धी मौलिक हक सुनिश्चित गर्न तथा प्रत्येक नागरिकले अनुभूत गर्न सक्ने जीवन्त यथार्थमा परिणत गर्न सफल हुनेछन् भन्ने विश्वास लिएको छु।'



> हामीले थालेका स्वास्थ्य सेवा सुधार र पहुँच विस्तारका प्रयासले स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि दूरगामी महत्त्वका आधार तय गरेका छन्। यी प्रयास संविधानद्वारा प्रत्याभूत स्वास्थ्यसम्बन्धी मौलिक हक सुनिश्चित गर्न तथा प्रत्येक नागरिकले अनुभूत गर्न सक्ने जीवन्त यथार्थमा परिणत गर्न सफल हुनेछन् भन्ने विश्वास लिएको छु।
> ● **स्वास्थ्यमन्त्री पौडेल**

संघीय राजधानीकेन्द्रित विशिष्टीकृत सेवा प्रदेश तहसम्म विस्तार गरिएको छ। जसअनुसार हाल सातै प्रदेशमा जलन उपचार, मुटु उपचार सेवा भरतपुर तथा भेरी अस्पतालमा सुरुवात भएको छ। नेपालमै पहिलोपटक संघीय राजधानीबाहिर मानव अंग प्रत्यारोपण सेवा भेरी अस्पतालमा सुरुवात भएको छ। सातै प्रदेशमा जलन उपचार विस्तारसँगै क्यान्सरका विस्तारित उपचार सेवा प्रादेशिक अस्पतालमा प्राप्त गर्न सकिने भएका छन्।

पाठेघरको मुखको क्यान्सरबाट किशोरी उमेरदेखि नै जोगाउने उद्देश्यका साथ सफलतापूर्वक पाठेघरको मुखको क्यान्सरविरुद्ध राष्ट्रव्यापी खोप अभियान थालनी भएको छ। यो अभियान हरेक वर्ष चल्नेछ। पाठेघरको मुखको क्यान्सरविरुद्ध महिलाहरूलाई निःशुल्क स्क्रिनिङ, हरेक वर्ष फागुन महिनामा र नसर्ने रोगहरूको समेत सोही महिनामा स्क्रिनिङलाई नियमित स्वास्थ्य कार्यक्रममा राखिएको छ। बालबालिकालाई जन्मनासाथ हुने अपांगताबाट रोक्न परीक्षण र उपचार पनि थालिएको छ। पौडेलले स्वास्थ्यमन्त्रीको जिम्मेवारी सम्हालेलगत्तै स्वास्थ्य बिमाको सुधार गर्ने घोषणा गरेका थिए। जसअन्तर्गत स्वास्थ्य बिमासँग सम्बन्धित नीतिगत र व्यवहारगत सुधार आरम्भ भएको छ।

स्वास्थ्य बिमामा सबै निजामती कर्मचारी, संगठित क्षेत्रलाई जोडेर यसको आयसमेत बढाएर दिगोपनामा जाने अनि राज्यका सबै स्वास्थ्य सुविधा यसैमार्फत प्रदान गर्ने गरी थालनी भइसकेको छ। 'नीति, कार्यक्रम तथा योजना तर्जुमा तथा कार्यान्वयन गर्दा पूर्वानुमानयोग्य, पारदर्शी र जवाफदेही प्रणालीको स्थापना गर्न विशेष जोड दिइएको छ,' पौडेलले भने, 'विद्यमान कानुनको समयानुकूल परिमार्जनमार्फत

■ जटिल र दुर्लभ रोगमा उपचार सहायता

केही जटिल रोगहरूको उपचार महँगो र औषधिसमेत प्राप्त गर्न कठिन हुँदा कैयौँले अकालमै ज्यान गुमाएको भन्दै त्यस्ता रोगको उपचारमा सहायता थप गरिएको छ। मस्तिष्कघात तथा हेमोफेलियाको औषधि सरकारी अस्तालमार्फत निःशुल्क प्राप्त गर्ने व्यवस्था गरिएको छ। देशमा प्राप्त गर्न नसकिने क्यान्सरका दुर्लभ र महँगा ३७ खालका औषधि अब निःशुल्क रूपमा राज्यलाई विना कुनै भार नागरिकले उपचार पाउने व्यवस्था भएको छ। यसले आर्थिक अभाव तथा उपचार प्राप्त गर्न नसकेर भोगेको समस्यामा नागरिकलाई राहत मिलेको छ।

केही कानुनी सुधार र कानुन निर्माणका लागि पहल गरिएको मन्त्री पौडेलले बताए। औषधि ऐनको प्रतिस्थापन विधेयक, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा ऐन, प्रत्यायन विधेयकलगायतका सात ऐन तथा संशोधनका मस्यौदा तयार भएर विभिन्न चरणमा अघि बढेका छन्। एक स्थानबाट अर्कोमा बिरामी प्रेषणमा बिरामीको सहजता तथा अस्पताललाई थप जिम्मेवार बनाउन रेफरल निर्देशिका जारी भएको छ।

स्वास्थ्य सेवाप्रवाहमा एकरुपता, गुणस्तर र प्रभावकारिता सुनिश्चित गर्दै भविष्यको स्वास्थ्य प्रणाली सञ्चालनका लागि आवश्यक नीतिगत तथा कानुनी आधार तय गरिएको छ, साथै बिमामा प्रथम सेवा विन्दु पनि कायम गरिएको छ।' मन्त्री पौडेलको अग्रसरतामा स्वास्थ्यमा २१ सयभन्दा बढी जनशक्ति र त्यसमा मूलतः स्वास्थ्य प्राविधिक जनशक्ति थपिने गरी वातावरण तयार भएको छ। पौडेलको नेतृत्वमा गत वर्ष नेपालमा विपन्न वर्गका विद्यार्थीले बढी भर गर्ने सरकारी अस्पतालमा एमबिबिएसको कोटा थप गर्ने काम भएको छ।

के यस्तै थियो त बिपीको सपना ?

बिपीले जन्माएको, हुर्काएको र बढाएको कांग्रेसको वर्तमान भूमिकाबाट आमजनतामा पार्टी र नेतृत्वप्रति वितृष्णा बढ्दै गएको छ



● विनोदचन्द्र कोइराला

अग्रलेख

नेपाली राजनीतिका शिखर पुरुष बिपी कोइरालाको ४३औं स्मृति दिवसको पूर्वसन्ध्यामा कोइरालालाई श्रद्धाञ्जलीस्वरूप यो लेख तयार गरिएको छ । बिपीले जन्माएको, हुर्काएको र बढाएको पार्टी नेपाली कांग्रेसको वर्तमान भूमिकाबाट आमजनतामा पार्टी र पार्टी नेतृत्वप्रति वितृष्णा बढ्दै गएको छ । त्यही वितृष्णालाई लामो अन्तरालपछि केही दिनअघि मात्र बसेको कांग्रेस केन्द्रीय समिति बैठकले चिरफार गर्ला र जनमानसलगायत पार्टी पंक्तिमा उत्साह ल्याउला कि भन्ने आशा निराशामा परिणत भएको छ । केन्द्रीय समिति बैठकमा भएको निम्नस्तरको सवाल-जवाफ, गरिएका अर्थहीन निर्णय र बैठकको समाप्तिसँगै अनुशासनका नाममा इतरपक्षमाथि बर्साइएको 'डन्डा' आदि घटना-परिघटनाले पार्टीप्रतिको वितृष्णा घटाउनुको साटो उत्कर्षमा पुऱ्याउने काम गरेको छ ।

बिपी स्मृति दिवस, बिपी जयन्ती, राष्ट्रिय मेलमिलाप दिवसलगायत बिपीको नाम जोडिने प्रत्येक कार्यक्रममा मात्र होइन, जनतासँग भोट मान्नुपर्दा होस्, चाहे सरकार बनाउँदा नै किन नहोस्, बिपीको राष्ट्रवाद, त्याग, तपस्या, इमानदारी र योगदानको बखान गर्दै उनका कालजयी विचारको पर्याप्त व्याख्या-विश्लेषण र चर्चा-परिचर्चा हुने गर्छ । बिपी विचारको सान्दर्भिकता भन् बढेको स्विकारिन्छ । उनका सपना पूरा गर्न उनले देखाएको बाटोमा हिँड्ने र देश र जनताको पक्षमा काम गर्ने प्रण पनि गरिन्छ । तर विडम्बना, सरकारमा सहभागी कांग्रेसले अप्रजातान्त्रिक, अलोकप्रिय, आपराधिक र भ्रष्ट कार्यमा हातेमालो गर्दै गरेको दृश्य देख्नुपर्दा बिपी बिचारका सच्चा अनुयायीलाई कति पीडा हुँदो हो ?

पार्टीको वर्तमान भूमिका, सरकारमा सहभागी भएर गरिरहेको क्रियाकलाप जे-जस्ता देखिन्छन्, यस्तो कल्पना बिपीले आफ्नो जीवनकालमा सायदै गरेका थिए होलान् । २००७ सालको जनक्रान्ति र २०३६ सालको जनआन्दोलनमा होमिँदा बिपीले २०८२ सालसम्म पनि देश र जनताको अवस्था यस्तै रहन्छ भन्ने कल्पना गरेका थिए त ? के बिपीले यस्तै पार्टी र सरकारको कल्पना गरेका थिए ? कदापि थिएनन् ।

'यो क्या हो माथि रातो तलतिर अरू भन्, बिचमा मात्र सेतो,
सेतोमा चारतारा फरफर गरी फर्फराइरहेको ???
माया मारेर आफ्नो जिउधन सुखको दुःख भोगेर नाना
नेपालीलाई मात्र सहज सुख दिने वीरको यो निसाना'

२०१५ सालको आमचुनावमा घन्किएको माथिको कविताको छाप बालक मन र मस्तिष्कमा अमिट बन्न पुग्यो, जुन आजपर्यन्त मेटिएन । त्यसैले, नेतृत्वको तुच्छ स्वार्थका कारण पार्टी नै अवसानतिर जाँदै गरेको दृश्य टुलुटुलु हेरेर बस्नुपर्दा साँच्चै नै पीडा महसुस हुँदो रहेछ । मध्यरातमा तीनजना बसेर संविधान संशोधन, सुशासन, समृद्धि आदि उल्लिखित सातबुँदे सम्झौता गरेर निर्माण भएको कांग्रेस सम्मिलित यो सरकारले एक वर्ष पार गरिसक्दा एउटा बुँदा मात्र कार्यान्वयनमा आएको छ । त्यो बुँदा भनेको केपी शर्मा ओली प्रधानमन्त्री बन्नु हो । त्यसबाहेक कुनै बुँदामा पनि काम भएको पंक्तिकारलाई जानकारी छैन । बरु सुशासनको नारा दिने सरकारबाट सरकार बनेको सुरुवाती दिनबाटै कुशासनको प्रयत्न भएकोचाहिँ आमजनताले अनुभव गरिरहेका छन् । के यही थियो त बिपीको सपना ?

राम्रो गर्नेलाई देखिनसहने वर्तमान सरकारको रबैयाप्रति किनाराको साक्षी बन्न पुगेको छ कांग्रेस । त्यसका ज्वलन्त उदाहरण हुन् कुलमान घिसिङ र बालेन शाहहरू । उज्यालो नेपालका प्रतीक बनेका कुलमानलाई नक्कली अभियोग लगाएर बर्खास्त गरियो । युवाका आदर्श (रोलमोडल) र काठमाडौंवासीका आशाका केन्द्र बालेन शाहलाई गएको ६ महिनादेखि काम गर्न असहयोग गरी उनलाई दोषी देखाउने प्रयत्नमा छ, संघीय सरकार । तर, सरकारको मुख्य घटक र देशकै पहिलो पार्टी केही बोल्दैन । बरु उल्टो गलत कामको विरोध गरेका कारण आफैंले बनाएका मन्त्रीलाई बर्खास्त गर्दा पनि प्रतिक्रियाविहीन देखियो कांग्रेस ।

विधि र प्रक्रिया मिचेर अँध्यारोमा पर्दाभित्र दुई-चारजना बसेर निर्णय गर्ने, बहुमतको आडमा निर्णय थोपर्ने र संसद्लाई पंगु बनाउने काम भइरहेको छ यहाँ । गरिब जनताको रगत-पसिनाबाट सिञ्चित राजस्व मारेर आफू र आफ्नाका लागि पद र पैसाको जोहो गर्नु नै अहिलेको सरकारको मूल उद्देश्य देखिएको छ । यस्तै-यस्तै हर्कतमा रमाइरहेको छ, आजको कांग्रेस । के यही थियो, बिपीको सपना ?

सैद्धान्तिक मूल्य, मान्यता, आदर्श र नैतिकतालाई तिलाञ्जली दिएर भ्रष्टाचार लुकाउन र भ्रष्टाचार गर्न अँध्यारो कोठामा गर्भाधान गरी यो सरकार जन्मिएको हो भन्ने पंक्तिकारको सुरुदेखिकै बुझाइ अहिले आएर प्रमाणित भएको छ । भ्रष्टाचारीका लागि अहिले स्वर्णयुग बन्न पुगेको छ । कांग्रेसका काँधमा बन्दुक राखेर राम्रोमाथि निसाना साँध्दै कांग्रेसलाई बदनाम गराउने काम भइरहेको कुरा स्वनामधन्य कांग्रेसीले बुझ्न नसक्नु कांग्रेसकै लागि दुर्भाग्यपूर्ण बन्दै गइरहेको छ ।

सहकारीपीडितको समस्या एक्लो रविमाथि थोपर्न कांग्रेसकै आसलाग्दा पात्रलाई प्रयोग गरियो, तर सरकार बनेको एक वर्ष बित्दासम्म सहकारी ठगीका प्रमुख पात्रहरूको खोजी हुन सकेन । भेटिएका पात्रलाई पनि नाम मात्रको



कारबाही हुनु र रविको अदालती कारबाही अघि नबढ्नुले उनीमाथि राज्यको ज्यादती आमनागरिकसामु छर्लंग भएको छ । र, त्यसको दोषको भारी कांग्रेसलाई बोकाइएको छ ।

त्यसैगरी, उज्यालो नेपालका नायक भनेर चिनिएका कुलमान घिसिङलाई कांग्रेसकै मन्त्रीलाई प्रयोग गरेर हटाइएको छ । भिजिट भिसा प्रकरण होस्, चाहे भुटानी शरणार्थी काण्ड, कांग्रेसकै मन्त्रीहरूको संलग्नता (संसदीय छानबिन अस्वीकार गरेका कारण) रहेको बुझाइ आमजनमानसमा बन्दै गएको छ । मेयर बालेन शाहलाई असहयोग गर्न उक्साउने प्रमुख पात्रमा प्रकाशमान सिंहको नाम जोडिएको छ । भलै यी सबै काण्ड सरकार प्रमुखको संलग्नताबेगर हुन सक्दैनन्, तर बदनाम भने कांग्रेस नै भइरहेको छ । यति हुँदा पनि कांग्रेस निर्जीवजस्तो प्रतिक्रियाविहीन छ ।

> बिपीले पद र प्रतिष्ठाका लागि षड्यन्त्र र गुटको राजनीति कहिल्यै गरेनन् । पद र प्रतिष्ठाका लागि आफ्नो आदर्श र सिद्धान्तसँग कुनै सम्झौता गरेनन् । तर, अहिले त्यसको ठ्याक्कै उल्टो भइरहेको छ ।

सरकारको जिम्मेवार पदमा बसेका तर अभियोग लागेका पात्रउपर सफाइ लिएर स्वच्छ कांग्रेस बन्न डा. शेखर कोइरालाले गरेको अनुरोधलाई गुटप्रेरित र पूर्वाग्रहपीडित भनी उल्टो लाञ्छना लगाउने काम गरिँदै छ । प्रत्येक दिन भ्रष्टाचारका नयाँ काण्ड उजागर भइरहेका छन् । भ्रष्टाचारको रकम 'बा'सम्म पुऱ्याउनुपर्नेजस्ता अडियो-भिडियो रेकर्ड बजिरहेका छन् । उच्चस्तरीय छानबिनको माग गर्दै संसद् अवरोध भइरहेको छ । तर, छानबिन त परै जाओस्, झन् भ्रष्टाचारको मात्रा बढ्दै गएको छ । यति हुँदा पनि कांग्रेस सत्तालिप्सामा यतिसम्म चुर्लुम्म डुबेको छ कि न आफ्नो स्वच्छता कायम गर्छ, न त सरकार छोड्न नै सक्छ । के बिपीले यस्तै कांग्रेसको कल्पना गरेका थिए त ?

एमालेले कांग्रेसको काँधमा राखेको बन्दुकको निसानामा अहिले जो देखिए पनि सोत्तर भएकोचाहिँ कांग्रेस नै छ । अब उमेरजन्य कारण र कांग्रेसको विधानले पनि यो अन्तिम अवसर सम्झिएको नेतृत्वलाई पार्टीको भविष्यसँग कुनै सरोकार देखिन्न । आफ्नालाई बचाउने (आमजनताको बुझाइ) र सर्तबमोजिम भोलि फेरि आफू प्रधानमन्त्री हुने अन्तिम अभिलाषा पूरा गर्न एमाले नेतृत्वको पैरवी गर्न तल्लीन छ, कांग्रेस मूल नेतृत्व ।

आमजनताबाट अत्यन्तै आलोचित र अत्यन्तै अलोकप्रिय कांग्रेस-एमालेको वर्तमान नेतृत्व आलोचनाको स्वर सुन्न नसकेर उल्टै जनतामाथि 'साइबर कानुन'रुपी तरबार झुन्ड्याउन उद्यत् देखिन्छ ।

यति हुँदा पनि राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रका लागि पदत्याग मात्रै नभई जीवन नै उत्सर्ग गर्न तयार रहने बिपी कोइरालाले जन्माएको, हुर्काएको, बढाएको र उनकै नाम र परिश्रमको ब्याज खाइरहेको नेपाली कांग्रेसका अन्य जल्दाबल्दा भनिएका नेता-कार्यकर्ताको मौनता अचम्मलाग्दो छ । के बिपीले यस्तै नेतृत्व, कार्यकर्ता, सरकार र यस्तै शासनको अपेक्षा गरेका थिए ?

बिपीले भन्नुभएको थियो, 'नेतृत्वमा आफ्नो अपरिहार्यता र अहंको भाव उत्पन्न भयो भने बुझे हुन्छ, तिनको पतन भयो ।' पार्टीभित्र अहिले ठ्याक्कै त्यस्तै भइरहेको छ । 'म जे चाहन्छु त्यही गर्छु, मलाई कसैले सिकाउनु पर्दैन' भनी कांग्रेस सभापतिले केन्द्रीय समितिमै ठाडो जवाफ दिँदासमेत केन्द्रीय समितिका पदाधिकारी एवं अधिकांश केन्द्रीय सदस्य निरीह बनेर बसेको दृश्य देखियो । पार्टी हितका लागि शेखर कोइराला, गगन थापा, विश्वप्रकाश शर्मालगायत केही सदस्यले दिएको रचनात्मक सुझावलाई अन्यथा सम्झने सभापति र उनलाई उक्साउने 'झोले' प्रवृत्तिका कारण कांग्रेस सुधिनेभन्दा सकिने दिशामा अग्रसर भइरहेको देखिन्छ । यो त अति भएन र भन्या ? के यस्तै कांग्रेसको कल्पना गरेका थिए बिपीले ?

अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले भनेका थिए- 'एउटा कुशल शासकलाई देशको भविष्यको चिन्ता हुन्छ भने एउटा कुटिल राजनीतिज्ञका लागि केवल आगामी चुनावको ।' अहिले कांग्रेस नेतृत्व ठ्याक्कै लिंकनले भनेजस्तै कुटिल राजनीतिज्ञ बनेको छ ।

बिपीले पद र प्रतिष्ठाका लागि षड्यन्त्र र गुटको राजनीति कहिल्यै गरेनन् । पद र प्रतिष्ठाका लागि आफ्नो आदर्श र सिद्धान्तसँग कुनै सम्झौता गरेनन् । तर, अहिले त्यसको ठ्याक्कै उल्टो भइरहेको छ । पद र पैसाका लागि सिद्धान्त, आदर्श, इमानदारी र नैतिकता सबै बेचेर सर्वांग नांगो बनेको छ, कांग्रेस नेतृत्व । तर, हामी कांग्रेस भनाउँदाहरूमा अलिकति पनि चेत पलाएको देखिँदैन । कांग्रेसको भूमिकाकै कारण अहिले कांग्रेसप्रति आस्था राख्ने स्वतन्त्र मतदाता गएको निर्वाचनभन्दा धेरै संख्यामा रास्वपातिर आकर्षित भइरहेको तथ्यतर्फ कांग्रेस अनभिज्ञभैं देखिन्छ ।

अहिलेको नेपालको अवस्थासँग ठ्याक्कै मिल्ने हुनाले कतै पढेको 'सिस्टम जस्टिफिकेसन थ्योरी'का केही अंश यहाँ उद्धृत गर्न चाहँ । उक्त सिद्धान्तअनुसार शासकले लादेको अन्यायपूर्ण प्रणालीलाई नै कालान्तरमा नागरिकले स्वाभाविक मान्न थाल्छन् । यसले योग्य, सक्षम र इमानदार व्यक्तिलाई राजनीतिबाट टाढा राख्छ । जब स्वतन्त्र सोच्नेहरू दबिन्छन्, अवसरवादी मौलाउँछन्, भ्रष्टाचार संस्थागत बन्छ र लोकतन्त्रको आत्मा कमजार हुन्छ ।'

अन्त्यमा, हालै संसद्मा चलेको सायरीको जुहारीका हरफ यो आलेखमा पनि सान्दर्भिक हुने ठानी यहाँ उल्लेख गर्दै र पुनः एकपटक जननेता बिपीप्रति हार्दिक श्रद्धा सुमन !

'तु इधर उधर कि वात न कर,
ए वता कि काफिला क्यु लुटा ?
मुझे रहजनों से गिला नहीं,
तेरी रहवरी का सवाल है ।'

र यो पनि

अमेरिकी लेखक विलियम आर्थर वार्ड भन्छन्, 'अवसर र सूर्योदय एकै हुन्, धेरै कुर्यौ भने तिमीले तिनलाई गुमाउनेछौ ।' सरोकारवाला सबैलाई चेतना भया !

(लेखक बिपी विचार समाज मकवानपुरका अध्यक्ष हुन्)

---

३ प्रश्न

माओवादी
प्रमुख सचेतक
हितराज पाण्डेलाई



'कुलिङ अफ पिरियड'को व्यवस्था हटाउन राष्ट्रिय सभामा एमालेले नै संशोधन प्रस्ताव हाल्नुले के संकेत गर्छ ?

'कुलिङ अफ पिरियड'को विषय बहसमा आएदेखि नै यसबारे विभिन्न पक्षबाट अनेक तिकडमका प्रयास हुँदै आएका हुन् । राज्य व्यवस्था तथा सुशासन समितिबाट सर्वसम्मतिले पारित भएपछि पनि प्रतिनिधिसभाबाट पारित गर्ने समयमा त्यसमाथि चलखेल गरियो र एउटा व्यवस्था राखिसकेपछि त्यसलाई काट्ने गरी अर्को व्यवस्था राखियो । अहिले त्यसै विषयमा छानबिन गर्न समिति बनाइएको छ । यतिखेर सत्तारुढ दलकै तर्फबाट संशोधन हालिएको सम्बन्धमा हामीले पनि मिडियाबाट सुनिरहेका छौं । समितिमा सर्वसम्मत रूपमा पारित गरेर हस्ताक्षर गर्नेमा त कांग्रेस र एमालेका पनि धेरै सांसद हुनुहुन्थ्यो । अहिले सत्तारुढ दलबाटै संशोधन प्रस्ताव हाल्नुले उहाँहरूको तिकडम उजागर भएको छ । यसमा मुख्यसचिव र समितिका सचिवहरूले सभामुखसम्म लबिङ गरिरहनुभएको थियो । त्यसैको परिणाम हो यो संशोधन ।

समितिमा सर्वसम्मत निर्णयमा हस्ताक्षर गरेको एमाले यसरी एकाएक किन पछाडि हटेको होला ?

०७४ को संसद्मा पनि समितिबाट सर्वसम्मत पारित गरिसकेपछि यस विधेयकलाई संसद्बाट अघि बढ्न र राष्ट्रिय सभासम्म पुग्न दिइएन । त्यतिखेर पनि धोकाधडी र विश्वासघात भएको थियो । अहिले पनि राष्ट्रिय सभाबाट सच्याउने अनुरोध गर्ने निर्णय भए पनि उल्टै सत्तारुढ दलबाटै संशोधन हालेर इतिहास दोहोऱ्याउन खोजिएको छ ।

अब निजामती विधेयक र कुलिङ अफ पिरियडसम्बन्धी प्रावधानको भविष्य के होला ?

समितिमा यस विषयमा छलफल गर्दा हामीले कम्तीमा दुई वर्षको कुलिङ अफ पिरियड राख्ने प्रस्ताव गरेका थियौं । तर, पछि सहमतिमा जाँदा 'कम्तीमा' भन्ने शब्द हटाएर दुई वर्षको प्रावधानमा सहमत भएका हौं । राष्ट्रिय सभामा एमालेका मात्र सांसद हुनुहुन्न, कांग्रेस, माओवादी र अन्य दलका पनि सांसद हुनुहुन्छ नि !

प्रेरक प्रसंग

नयाँ गुँड

एउटा रुखमा दुकुरका जोडी एक पुरानो गुँडमा बस्थे । गर्मी सकिएर जाडो सुरु हुने समय आउन लागिसकेको थियो । त्यसैले, दुवै भालेपोथीले सल्लाह गरेर जाडोको समयमा समस्या नहोस् भनेर सोही रुखको अर्को हाँगामा एउटा नयाँ, बलियो र न्यानो गुँड बनाउने निश्चय गरे ।

भोलिपल्ट बिहान उठ्नासाथ पूर्वनिर्धारित योजनाअनुसार नै दुकुरका भालेपोथी नजिकैको खेतमा पुगेर मसिना भिँजामिजा संकलनमा व्यस्त भए । दुवैले दिनभर खुब मिहिनेत गरे र साँझसम्ममा एउटा सानदार गुँड तयार गरे । आफ्नो परिश्रम सफल भएकोमा उनीहरू दंग परे । दुवैलाई पुरानो गुँडको पनि निकै माया थियो । त्यसैले, उनीहरूले अन्तिमपल्ट त्यो रात पुरानै गुँडमा बिताउने सल्लाह गरेर पुरानै गुँडमा सुते । भोलिपल्ट बिहानै उनीहरू आफ्नो पुरानो गुँड छाडेर नयाँमा सर्ने निश्चयसाथ नयाँ गुँडतिर गए । तर, त्यहाँ पुगेपछि



आफ्नो नयाँ गुँड देख्दा उनीहरू झस्किए । कुनै अर्कै दुष्ट पक्षीले उनीहरूको त्यति सुन्दर गुँड भत्काएर तहसनहस पारिदिएको थियो । त्यो देख्दा दुकुरका जोडीका आँखा एकसाथ रसाए । एकछिनको मौन सन्नाटापछि भालेले भन्यो, 'अब त्यो धुन्धुकारी पक्षीलाई खोजेर सजाय दिनैपर्छ, बुझ्यौ प्रिये ?' पोथीले भालेको मुखतिर हेरेर भनी, 'बेकारमा आफ्नो ऊर्जा त्यो दुष्टको खोजी गरेर र झगडा गरेर किन सिध्याउनु ? बरु दुवै मिलेर हिजोभन्दा बढी परिश्रम गरौं, त्योभन्दा राम्रो गुँड साँझसम्म बनिहाल्छ नि ! एउटा असफलताबाटै त अर्को सफलताको ढोका खुल्छ होइन र ?' भालेलाई पनि पोथीको तर्क ठिक लाग्यो । दुवैले पहिलो दिनभन्दा बढी नै परिश्रम गरे । अन्त्यमा दिन नढल्दै उनीहरूले अघिल्लो दिनको भन्दा पनि आकर्षक, बलियो र न्यानो गुँड तयार गरे र त्यसै दिनदेखि नयाँ गुँडमा सरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लेखक कार्कीलाई सुझाव


बाख्रा, भैंसी चराउँदा-चराउँदै छविलाल दाहाल प्रचण्ड बने । भैंसी चराउँदा-चराउँदै रामवरण यादव डाक्टर मात्र होइन, देशकै प्रथम राष्ट्रपतिसमेत बने । ओली, मदन, विद्या पहिले के गर्थे, थाहा भएन । म पनि भैंसी चराउँदा-चराउँदै पढेर डाक्टर भएको हुँ । मधेशमा त्यसलाई पासवारी भैंसी चराउने भनिन्छ । कृष्णले पनि गाई चराउँथे । यस्ता मानिस राजकाजमा आउँदा 'लुटिया' त डुबाउँछन् नै । कहाँ दाउरा बेच्ने अब्राहम लिंकन र कहाँ वासिंटन र जेफर्सन । कर्नेल, जर्नेलहरू जन्मजात अनुशासित, सभ्य र राजकाजका लागि नै बनेका हुन्छन् ।

पाकिस्तानमा अयुब खाँदेखि असीम मुनिरसम्मलाई हेरे पुग्छ । उनीहरूले सबै नेतालाई जेलमा बन्द गरीदिए र पाकिस्तानमा 'जन्नत'को सिँढी बनाइदिए ! सबै अमेरिकी राष्ट्रपतिले उनलाई खानका लागि आफ्ना घरमा बोलाउँछन् ! यसरी पाकिस्तानको नाम अमर बनाइदिएका छन् उनले ! नेपालमा पनि यिनै जर्नेल-कर्नेलको आगमन नभई नेपालको नाम अमर हुनेछैन ! ठिकै भन्नुभयो सुरेशकुमार कार्कीले, ४ साउनको नयाँ पत्रिकामा प्रकाशित 'राजनीतिमा नयाँ अनुहारको आवश्यकता' नामक लेखमार्फत । उहाँले एउटा कुरा छाडिदिएको जस्तो लाग्छ मलाई । पूर्वजर्नेल, कर्नेलका साथै बहालवाला जर्नेल-कर्नेलको पनि साथ लेखिदिएको भए अझै राम्रो हुने थियो । अझ त्यसमा ज्ञानेन्द्रको पनि नाम थपिएको भएहुन्थ्यो नि !

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

भारत-नेपाल सम्बन्धलाई जटिल बनाउने प्रयास

मतदाता नामावलीमा नाम दर्ता गर्न नागरिकता अनिवार्य गर्ने निर्णयले भारत-नेपाल सम्बन्धमा अवरोध थपेको छ



देश / विदेश

● अजाज अम्लफ

भारतीय निर्वाचन आयोग (इसिआई) ले बिहारमा मतदाता नामावली संशोधन गर्दा भारत-नेपाल सम्बन्ध थप जटिल बन्ने देखिन्छ । र, नेपालको तराई क्षेत्रका ती समुदायलाई अलगावमा पार्ने खतरा छ, जसको भाषिक एवं जातीय सम्बन्ध बिहार र उत्तर प्रदेशका जनसंख्यासँग गहिरो गरी जोडिएको छ । यो खतरा तब थप चर्को बन्यो, जब आयोगले गैरनागरिकमध्ये नेपालीलाई छुट्टै पहिचान दिँदै बिहारको अन्तिम मतदाता सूचीबाट हटाउने निर्णय गऱ्यो ।

मुख्यतः सीमापार विवाहका कारण तराई वा मधेशका नामले चिनिने नेपाली मधेशीको सम्बन्ध बिहार र उत्तर प्रदेशका समान सांस्कृतिक समूहसँग लामो समयदेखि कायम छ । यस्ता विवाहमा प्रायः महिला नै सीमापार गर्छन्, अर्थात् मधेशी महिला बिहार (र पूर्वी उत्तर प्रदेश) मा विवाह गर्छन् र धेरै बिहारी महिलाले नेपालमा । बिहारमा विवाह गरेकी मधेशी महिला प्रायः भारतीय नागरिकता लिन कानुनी प्रक्रिया सुरु गर्दैनन्, किनभने सन् १९५० को भारत-नेपाल सन्धिअनुसार नेपालीले नागरिकता नलिई पनि भारतमा बस्न, सम्पत्ति राख्न, निजी वा सरकारी रोजगारी (भारतीय विदेश सेवाबाहेक) गर्न पाउँछन् । यस्तै अधिकार भारतीय नागरिकले नेपालमा पनि पाउँछन् ।

तर, मतदान गर्ने अधिकार बिहेपछि बिहार सरेकी मधेशी महिलालाई हुँदैन, किनभने मताधिकार भारतीय नागरिकका लागि मात्र सुरक्षित छ । तर, उनीहरूसँग मतदाता सूचीमा नाम लेखाउने कागजात भने हुन्थ्यो । र, अहिलेसम्म राज्यसहित कसैले आपत्ति जनाएका पनि थिएनन् । यसको कारण हो, संस्कृतिक मान्यता । जसअनुसार पत्नी पतिको परिवार र राष्ट्र दुवैकी सदस्य मानिन्छिन् । यही आधारमा नागरिकताको औपचारिक प्रक्रिया बेवास्ता हुँदै आएको छ ।

नागरिकता प्रमाण अनिवार्य गर्दै मतदाता नामावलीमा नाम दर्ता गर्ने आयोगको निर्णयले भारत-नेपाल सम्बन्धमा नयाँ अवरोध थपेको छ, किनभने दुवै देशका नागरिकता कानुन फरक छन् । भारतमा विदेशीले भारतीय नागरिकसँग विवाह गरी सात वर्ष बसेपछि दर्तामार्फत नागरिकता प्राप्त गर्न सक्छ । नेपालमा विदेशी महिलाले (पुरुषले होइन) नेपाली नागरिकसँग विवाह गरी प्रमुख जिल्ला अधिकारीसमक्ष आवेदन दिई, विवाह प्रमाणपत्र र पुरानो नागरिकता त्याग्न थालेको प्रमाण पेस गरेपछि वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्न सक्छिन्, जुन छिटो प्रदान गरिन्छ । नेपालमा अंगीकृत नागरिकले मतदान गर्न, चुनाव लड्न र संविधानको धारा २८९ मा उल्लिखित केही पदबाहेक सबै पद सम्हाल्न सक्छन् । तर, बिहारमा बस्ने मधेशी महिलाले नागरिकताको प्रमाणविना मतदाता सूचीमा नाम लेखाउन नपाउने हो भने ती अधिकार सात वर्षपछि मात्र पाउनेछन् । नेपालमा एक प्रभावशाली राजनीतिक समूहले सधैं भारतसरह नागरिकता प्राप्त गर्न सात वर्षको पर्खाइ अवधि लागू गर्नुपर्ने माग गर्दै आएको छ । सन् २०१९ मा नागरिकता ऐन, २०६३ संशोधन गर्न तयार पारिएको विधेयकमा सातवर्षे प्रतीक्षा अवधि प्रस्ताव गरिएको थियो । यसका पछाडि विदेशीले नेपालको संस्कृति बुझ्न र राष्ट्रप्रति निष्ठा विकास गर्न कम्तीमा सात वर्ष लाग्छ भन्ने तर्क थियो । तर, मधेशी नेताले यस प्रावधानको कडा विरोध गरे । तीमध्ये एक नेता उपेन्द्र यादवले 'एक महिला, जसले नेपाली परिवारको हिस्सा बन्न आफूलाई समर्पण गर्छिन्, उनलाई सात वर्ष नागरिकताबाट वञ्चित गर्नु किन आवश्यक छ ?' भनेर प्रश्न उठाएका थिए ।

सन् २०२३ मा नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक पारित भयो, तर सातवर्षे प्रतीक्षा अवधि समावेश भएन । यसलाई मधेशी आन्दोलनको विजयका रूपमा



तस्बिर : आइस्टक

स्वागत गरियो । यद्यपि, केहीले भारतको 'गुप्त हस्तक्षेप' भएको संकेत गरेका थिए । उदाहरणका लागि नेकपा (एमाले) का सांसद विशाल भट्टराईले 'नागरिकता विधेयकबाट सातवर्षे प्रावधान हटाउन सरकारले कोसँग सम्झौता गऱ्यो ?' भनेर प्रश्न गरेका थिए ।

मधेशीलाई कानुनी रूपमा मताधिकारबाट वञ्चित गरिनु नेपालका केही दलले सातवर्षे प्रतीक्षा अवधि पुनः प्रस्ताव गर्न दबाब दिने आधार बन्न सक्छ । मधेशीले यसको कडा विरोध गर्नेछन्, किनभने यसले सीमापार विवाहलाई निरुत्साहित गरी पारिवारिक र सांस्कृतिक सम्बन्धमा असर पुऱ्याउनेछ । यस्तो अवस्थामा भारतले नेपालमा प्रतीक्षा अवधि नराख्न आग्रह गर्नु दोहोरो मापदण्ड ठहरिनेछ ।

सीमापार विवाहबारे यथेष्ट तथ्यांक छैन । तर, थिंक ट्यांक 'नर्थ साउथ कलेक्टिभ्स'का कार्यकारी निर्देशक राकेश मिश्राका अनुसार नेपालको गृह मन्त्रालयबाट वार्षिक झन्डै १० हजार विदेशी महिलाले अंगीकृत नागरिकता हासिल गर्छन् । ती महिला मूलतः भारतीय हुने अनुमान छ । तर, वास्तविक सीमापार विवाहको संख्या योभन्दा धेरै बढी हुन सक्छ, किनभने बालविवाहको उच्चदर भएका सीमान्तकृत समुदायले विवाह दर्ता गर्न सक्दैनन्, जसका कारण नागरिकता आवेदन दिनसमेत सक्दैनन् । नेपालमा जस्तै भारतमा पनि विवाह गरेर आएकी नेपाली महिलाको कुल संख्या हजारौं पुग्ने अनुमान गर्न सकिन्छ ।

सीमापार विवाहको यो प्रवृत्तिको केन्द्रमा अर्को कथा पनि लुकेको छ, अर्थात् सन् २०२१ को जनगणनाअनुसार नेपालमा यादव समुदाय ४.५ प्रतिशत र मुस्लिम समुदाय ४.८६ प्रतिशत छन् । यिनै दुई समुदायका धेरै महिलाले बिहारमा विवाह गर्छन् । अहिले यिनै महिला मताधिकारबाट वञ्चित हुने जोखिममा छन् । स्मरण रहोस्, विहारमा यादव र मुस्लिम राष्ट्रिय जनता दल-कंग्रेस-वाम गठबन्धनको आधार स्तम्भ हुन् । यो दृष्टिकोणबाट हेर्दा नागरिकता पुनरावलोकन गर्ने निर्णय भारतको निर्वाचन आयोगले भारतमा सत्तारुढ भारतीय जनता पार्टी-जनता दल (युनाइटेड) गठबन्धनलाई फाइदा पुऱ्याउने उद्देश्यले गरेको देखिन्छ । यसले भारत-नेपाल सम्बन्धलाई झन् जटिल बनाउनेछ र भौगोलिक सीमाभन्दा पर रहेर जनतालाई सांस्कृतिक रूपमा बाँध्ने अभ्यासलाई पनि उल्ट्याउनेछ ।

(अम्लफ वरिष्ठ पत्रकार एवं लेखक हुन्)
मिड डेबाट

एक्लै बस्ने रहर किन बढ्दै छ ?

नेपालमा दिनप्रतिदिन नारी र पुरुषमा एक्लै बस्न मन पराउने क्रम बढ्दै गएको छ । यसले भविष्यमा केकस्तो प्रभाव छाड्ला, सायद समाजशास्त्रीहरूले त्यसको विश्लेषण गर्दै गर्लान् । आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने उद्देश्यसाथ महिलाले पनि एकल जीवन रोज्न थालेपछि समाजमा डिभोर्सको दर पनि बढेको छ । यसका साथै, शिक्षा र स्वास्थ महँगो हुनु र अध्ययन सकिएपछि रोजगारी सुनिश्चित नहुँदा आजको नेपाली समाजमा बालबच्चा जन्माउने र हुर्काउने कामलाई बोझ, खर्चिलो, अनावश्यक र झन्झटिलोसमेत ठान्न थालिएको छ ।

● **बलराम थापा**
क्षेत्रपाटी, काठमाडौं

कुलिङ पिरियडमा एमालेको बेइमानी

प्रतिनिधिसभाको राज्य व्यवस्था समितिमा सर्वसम्मत निर्णय गरेर निजामती सेवा विधेयकमा 'कुलिङ अफ पिरियड'को व्यवस्था राख्ने सहमतिमा हस्ताक्षर गरेको एमालेले अहिले राष्ट्रिय सभामा सो व्यवस्था हटाउन संशोधन प्रस्ताव राखेर आफ्नो सक्कली अनुहार देखाएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीलाई यो कुलिङ अफ पिरियडको व्यवस्था सुरुदेखि नै मन परेको थिएन । तैपनि, समितिबाट यो व्यवस्था सर्वसम्मतिले पारित भएपछि अन्तिम समयमा आएर शब्दमा चलखेल गरियो र अहिले राष्ट्रिय सभाबाट त्यसलाई हटाउन एमालेले विशेष प्रपञ्च रच्दै छ ।

● **भूमिका पासवान**
सामाखुसी, काठमाडौं

भूलसुधार

५ साउनको नयाँ पत्रिकाको दोस्रो पृष्ठमा प्रकाशित 'कुलिङ पिरियड हटाउन एमालेले राष्ट्रिय सभामा राख्यो संशोधन' शीर्षकको समाचारमा 'कुलिङ पिरियड हटाउन लागिरहन्छु' उपशीर्षकको समाचार सामग्रीमा मुख्यसचिव एकनारायण अर्याल र उनको तस्बिर प्रकाशित हुनुपर्नेमा अन्यथा पर्न गएकाले क्षमायाचनासहित भूलसुधार गरिएको छ ।

– सम्पादक

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं. | ऋणीको विवरण

१)

१) ऋणी कम्पनी: मानेश्वरी पोलिक्लिनिक प्रा.लि., संचालक तथा जमानीकर्ता: राम कृष्ण पोडे
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २७८३६९/०७८/०७९, दर्ता मिति: २०७८/०८/१४, ठेगाना: जिल्ला काभ्रे, पनौती न.पा. वडा नं. ७

धितोको विवरण

१) भाइचा पोडेको नाति, होम बहादुर पोडेको छोरा, काभ्रे जिल्ला, पनौती न.पा. वडा नं. ८ बस्ने राम कृष्ण पोडेको नाममा मालपोत कार्यालय काभ्रेको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, सुनथान गा.वि.स. वडा नं. ५/क स्थित कित्ता नं. ६६८ र ६६५ को क्षेत्रफल क्रमश: २-०-०-० र ४-१०-२-३ (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) मानेश्वरी पोलिक्लिनिक प्रा.ली.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२) ऋणी फर्म: अभिस मेडिसीन डिस्ट्रीब्युटर्स, प्रोप्राईटर तथा जमानीकर्ता: राम कृष्ण पोडे
दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा)मा प्रा.फ.र.नं. ३-३५-३८२-१५९९६४/०७८/०७९, दर्ता मिति: २०७८/०६/१२, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १०

धितोको विवरण

१) भाइचा पोडेको नाति, होम बहादुर पोडेको छोरा, काभ्रे जिल्ला, पनौती न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला, पनौती न.पा. वडा नं. ६ बस्ने राम कृष्ण पोडेको नाममा मालपोत कार्यालय काभ्रेको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, सुनथान गा.वि.स. वडा नं. ५/क स्थित कित्ता नं. १४५३ र १४५४ को क्षेत्रफल क्रमश: ३-९-०-१ र ३-९-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) अभिस मेडिसीन डिस्ट्रीब्युटर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२)

१) ऋणी: राज कुमारी थारु
स्थायी ठेगाना: रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ६, हालको ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३
बाबु: ठाकुर प्रसाद थारु, ससुरा: रुपन थारु, पति: निराही थारु

धितोको विवरण

ठाकुर प्रसाद थारुकी छोरी, रुपन थारुकी बुहारी, निराही थारुकी पत्नी, रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ बस्ने राज कुमारी थारुको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ४ ग (हाल: देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ८१ को क्षेत्रफल ०-३-७ (बिगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

२) ऋणी: ससराम चौधरी थारु
ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३, बाबु: निराही थारु, बाजे: रुपन थारु

धितोको विवरण

रुपन थारुको नाति, निराही थारुको छोरा, रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ बस्ने ससराम चौधरी थारुको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ४ ग (हाल: देवदह न.पा. वडा नं. ०३) स्थित कित्ता नं. २७४ को क्षेत्रफल ०-१-५.२५-० (बिगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

३)

ऋणी कम्पनी: शहनाई होल्डीङ्स प्रा.लि., संचालक तथा जमानीकर्ता: केतार नाथ मिश्र
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: ३१४९२२/७९/०८०, दर्ता मिति: २०८०/०३/२०, ठेगाना: जिल्ला रुपन्देही, सिद्धार्थनगर न.पा. वडा नं. ४

धितोको विवरण

१) रामेश्वर मिश्रको नाती, दयाराम मिश्रको छोरा कपिलवस्तु जिल्ला, यसोधरा गा.पा वडा नं. ५ स्थाई ठेगाना भई रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने केतार नाथ मिश्रको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लागतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, अमारी गा.वि.स. वडा नं. १ ग (हाल लुम्बिनी सांस्कृतिक न.पा. वडा नं. ४) स्थित कित्ता नं. २१२ को क्षेत्रफल १-१-०-०(विगाह) तथा रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १/ङ (हाल सिद्धार्थनगर न.पा. वडा नं. १) स्थित कित्ता नं. १४७७ को क्षेत्रफल ०-३-१९.५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) शहनाई होल्डीङ्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

४)

१) ऋणी कम्पनी: अन्नपूर्ण अफसेट प्रेस प्रा.लि., संचालक तथा जमानीकर्ता: चिज कुमारी सुनार
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ३०१९२८/०७९/०८०, दर्ता मिति २०७९/०७/२४
ठेगाना: जिल्ला कास्की, पोखरा म.न.पा वडा नं. २७

धितोको विवरण

१) नन्देको नाति, टेक बहादुर कामीको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ बस्ने मन वहादुर कामीको नाममा मालपोत कार्यालय कास्की, पोखराको लगतमा दर्ता कायम रहेका कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ स्थित किता नं. १४७ को क्षेत्रफल ११२.५० (व.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) नन्देको नाति, टेक वहादुर कामीको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ बस्ने मन वहादुर कामीको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. १ स्थित किता नं. ७९४२ को क्षेत्रफल ४-१-२-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) अन्नपूर्ण अफसेट प्रेस प्रा.लि को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२) ऋणी: चिज कुमारी सुनार
स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २९
बाबु: राजि मान वि.क., ससुरा: टेक बहादुर कामी, पति: मन बहादुर वि.क.

३) मन वहादुर कामी
स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २९
बाबु: टेक वहादुर कामी, बाजे: नन्दे

तथा,
चिज कुमारी सुनार
स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २९
बाबु: राजि मान वि.क., ससुरा: टेक बहादुर कामीए, पति: मन बहादुर वि.क.

धितोको विवरण

नन्देको नाति, टेक वहादुर कामीको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ बस्ने मन वहादुर कामीको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. १ स्थित किता नं. ७९४२ को क्षेत्रफल ४-१-२-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

५)

१) ऋणी फर्म: पर्पल कलेक्सन, प्रोप्राइटर तथा जमानीकर्ता: कमला वि.क.
दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, गण्डकी प्रदेश दमौली तनहुँमा प्रा.फ.र.नं. ५६००/०७५/०७६ मिति: २०७६/०२/१२
ठेगाना: जिल्ला तनहुँ, व्यास न.पा. वडा नं. २

२) ऋणी फर्म: अनुपम बुक्स एण्ड स्टेशनरी, प्रोप्राइटर तथा जमानीकर्ता: रामकृष्ण बि.क.
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश दमौली तनहुँमा प्रा.फ.र.नं. ७४०२/०७६/०७७ मिति: २०७६/११/२२
ठेगाना: जिल्ला तनहुँ, व्यास न.पा. वडा नं. ४

३) ऋणी: रामकृष्ण बि.क.
स्थायी ठेगाना: तनहुँ जिल्ला, मनपाङ गा.वि.स. वडा नं. ८, हालको ठेगाना: तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ४
बाबु: पदम बहादुर बि.क., बाजे: सन्त बहादुर बि.क.

धितोको विवरण

१) रामजी बि.क.की छोरी, पदम बहादुर बि.क.की बुहारी, लक्ष्मण वि.क.की पत्नि, तनहुँ जिल्ला, मनपाङ गा.वि.स. वडा नं. ८ बस्ने चिजा माया बि.क.को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको, तनहुँ जिल्ला, कर्लुङ गा.वि.स. वडा नं. ६ग स्थित कित्ता नं. ७४२ को क्षेत्रफल ७९.४९ (व.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) डम्वर सिंह श्रेष्ठकी छोरी, पदम बहादुर बि.क.की बुहारी, रामकृष्ण बि.क.की पत्नि, तनहुँ जिल्ला, मनपाङ गा.वि.स. वडा नं. ८ बस्ने कमला वि.क.को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको, तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ९घ स्थित कित्ता नं. २४५६ को क्षेत्रफल १३७.१२ (व.मि) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) पर्पल कलेक्सनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
४) अनुपम बुक्स एण्ड स्टेशनरीको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

६)

ऋणी: चन्द्र लक्ष्मी वज्राचार्या गुवाजु
स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १
बाबु: मान वहादुर गुवाजु, बाजे: ललितमान

धितोको विवरण

ललितमानकी नातिनी, मान बहादुर गुवाजुकी छोरी, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १ बस्ने चन्द्र लक्ष्मी वज्राचार्या गुवाजुको नाममा मालपोत कार्यालय कास्की, पोखराको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, निर्मलपोखरी गा.वि.स. वडा नं. २ स्थित किता नं. १०७६ को क्षेत्रफल ०-१५-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

७)

१) ऋणी फर्म: रिसव ट्रेडिङ, प्रोप्राईटर तथा जमानतकर्ता: राजेश खनाल
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय ईटहरी सुनसरीमा प्रा.फ.र.नं. ६५३१/०७४/०७५, दर्ता मिति: २०७५/०२/२८, ठेगाना: जिल्ला सुनसरी, ईटहरी उ.म.न.पा. वडा नं. ४

२) ऋणी: राजेश खनाल
ठेगाना: सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. १०, बाबु: भेषराज खनाल,बाजे: धर्मानन्द खनाल

धितोको विवरण

१) लोकेन्द्र प्रसाद तिमल्सीनाकी छोरी, भेषराज खनालकी बुहारी, राजेश खनालकी पत्नि, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ४ बस्ने स्मीता तिम्सीनाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा वडा नं. ७क स्थित कित्ता नं. ८००९ र ८००६ को क्षेत्रफल क्रमश: ०-०-११-० र ०-०-५-० (विगाहा)को जग्गा तथा सुनसरी जिल्ला, खनार गा.वि.स. वडा नं. ३क स्थित कित्ता नं. २७१६ को क्षेत्रफल ०-०-७-० (विगाह)को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) धर्मानन्द खनालको नाति, भेषराज खनालको छोरा, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. १० बस्ने राजेश खनालको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, खनार गा.वि.स. वडा नं. ३क स्थित कित्ता नं. २९६४ को क्षेत्रफल ०-०-८-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) धर्मानन्द खनालको नाति, भेषराज खनालको छोरा, सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं.१० बस्ने राजेश खनालको नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, हरैचा गा.वि.स. वडा नं. ८ ग स्थित कित्ता नं. २०४३ को क्षेत्रफल ०-०-१०-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४) रिसव ट्रेडिङ को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

८)

ऋणी फर्म: हाई स्ट्रीट फेशन, प्रोप्राईटर तथा जमानतकर्ता: कुमार शेर्मा
दर्ता नं.: वाणिज्य विभागमा प्रा.फ.र.नं.१२८७७२/०७३/७४, दर्ता मिति: २०७३/०४/०६, ठेगाना: जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं २२

धितोको विवरण

१) हैदुम शेर्माको नाती, जहर सिंह शेर्माको छोरा, झापा जिल्ला, तोपगाँछी गा.वि.स. वडा नं. ६ बस्ने नरेन्द्र कुमार शेर्माको नाममा मालपोत कार्यालय झापा, दमकको लगतमा दर्ता कायम रहेको, झापा जिल्ला, तोपगाछी गा.वि.स. वडा नं ६ ङ स्थित कित्ता नं.१० को क्षेत्रफल १-१०-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत ।
२) हाई स्ट्रीट फेशनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

९)

१) ऋणी फर्म: हिमानी हार्डवेयर, प्रोप्राईटर तथा जमानतकर्ता: टिका बस्नेत
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय झापामा, प्रा.फ.र.नं. ४१९/१०३२१/८/५, दर्ता मिति:२०७४/०८/०५, ठेगाना: जिल्ला झापा, शिवसताक्षी न.पा. वडा नं.९

धितोको विवरण

१) रुद्र बिर कुवरको नाति, नरविर कुवरको छोरा, झापा जिल्ला, सतासी धाम गा.वि.स. वडा नं.७ वस्ने हरिलाल कुंवरको नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, शिवगन्ज गा.वि.स. वडा नं. ७च स्थित कित्ता नं. ९५ को क्षेत्रफल ०-१६-०-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) हिमानी हार्डवेयरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

कर्जाको किसिम: व्यक्तिगत कर्जा
२) ऋणी: केशब वुढाथोकी
स्थायी ठेगाना: झापा जिल्ला सतासीधाम गा.वि.स. वडा नं. ७, हालको ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ११, बाबु: रतन बहादुर वुढाथोकी, बाजे: रन बहादुर वुढाथोकी

जमानीकर्ता: हरिलाल कुंवर, स्थायी ठेगाना: झापा जिल्ला सतासी गा.वि.स.वडा नं. ७, हालको ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ९, बाबु: नरविर कुंवर, बाजे: रुद्र बहादुर कुवर

१०)

ऋणी: राजाराम यादव
स्थायी ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं.२०, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं.२०, बाबु: भोला यादव, बाजे: शिव नन्दन यादव

धितोको विवरण

सोनेलाल यादवकी छोरी, शिव नन्दन यादवकी बुहारी, भोला यादवकी पत्नि मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २० बस्ने जगतारन देवी यादवको नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, बखरी गा.वि.स. वडा नं. १ख स्थित किता नं. १३०७ र १३०८ को क्षेत्रफल ०-०-१५-० र ०-०-१५-० (विगाहा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

११)

१) ऋणी: टेकबहादुर माहाराजी
स्थायी ठेगाना: खोटाङ जिल्ला, खोटेहाङ गा.पा. वडा नं. १, हालको ठेगाना: सुनसरी जिल्ला, ईटहरी न.पा. वडा नं. ४, बाबु: टंकबहादुर माहाराजी, बाजे: राम बहादुर माहाराजी

धितोको विवरण

राम बहादुर माहाराजीको नाती, टंकबहादुर माहाराजीको छोरा, खोटाङ जिल्ला, लिकुवा पोखरी गा.वि.स. वडा नं. ८ बस्ने टेकबहादुर माहाराजीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. २ग स्थित किता नं. ५७२७ र ५१४४ को क्षेत्रफल क्रमश: ०-०-७.२५-० र ०-०-२.५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

कर्जाको किसिम: व्यक्तिगत कर्जा
२) ऋणी: उर्मिला माहाराजी
स्थायी ठेगाना: खोटाङ जिल्ला, खोटेहाङ गा.पा. वडा नं. १, हालको ठेगाना: सुनसरी जिल्ला, ईटहरी न.पा. वडा नं. ४, बाबु: शम्भु बहादुर मित्रकोटी, ससुरा: टंक बहादुर माहाराजी, पति: टेकबहादुर माहाराजी

जमानीकर्ता: टेकबहादुर माहाराजी, स्थायी ठेगाना: खोटाङ जिल्ला, खोटेहाङ गा.पा. वडा नं. १, हालको ठेगाना: सुनसरी जिल्ला, ईटहरी न.पा. वडा नं. ४, बाबु: टंकबहादुर माहाराजी, बाजे: राम बहादुर माहाराजी

१२)

१) ऋणी कम्पनी: सेभेन ब्रदर्स एग्रो प्रा.लि., संचालक तथा जमानीकर्ताहरु: दिपेश नेपाल र प्रदिप दाहाल
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५१६२०/०७७/०७८, दर्ता मिति: २०७७/०९/१५, ठेगाना: जिल्ला काठमाडौं, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९

धितोको विवरण

१) दिना नाथ दाहालको नाति, राधा कृष्ण दाहालको छोरा, काठमाण्डौ जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ३ बस्ने प्रदिप दाहालको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, चाँगुनारायण गा.वि.स. वडा नं. ५/५क स्थित कित्ता नं. ९०८ को क्षेत्रफल १८२.८० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५१६२०/०७७/०७८ अन्तर्गत मिति २०७७/०९/१५ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ९ स्थित सेभेन ब्रदर्स एग्रो प्रा.लि.को नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स. वडा नं ३/३ स्थित कित्ता नं. १४८७, ३३२ र १४२४ को क्षेत्रफल क्रमश: २८६.११, ५०८.७४ र ८३.४६ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) सेभेन ब्रदर्स एग्रो प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

कर्जाको किसिम: बिना धितो कर्जा
२) ऋणी: प्रदिप दाहाल
स्थायी ठेगाना: काठमाण्डौ जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ३, गोठाटार, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३
बाबु: राधा कृष्ण दाहाल, बाजे: दिना नाथ दाहाल

जमानीकर्ता: कमला दाहाल, स्थायी ठेगाना: काठमाण्डौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ३, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३, गोठाटार, बाबु: लिलानाथ डोटेल, ससुरा: राधा कृष्ण दाहाल, पति: प्रदिप दाहाल

१३)

१) ऋणी फर्म: ग्रेट नेपाल टेलरीङ्ग सेन्टर, प्रोप्राईटर तथा जमानीकर्ता: सकिल अंसारी
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, ललितपुरमा प्रा.फ.द.प्र.प.नं. १५८०४/७००/०७२/०७३, दर्ता मिति २०७३/०१/०७, ठेगाना: जिल्ला ललितपुर, ललितपुर उ.म.न.पा. वडा नं. १७

२) ऋणी फर्म: एस.एस.रेडिमेट, प्रोप्राईटर तथा जमानीकर्ता: समीम अंसारी
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, ललितपुरमा प्रा.फ.दर्ता.नं. २३०३८/२६/०७७/०७८, दर्ता मिति २०७८/०३/३०, ठेगाना: जिल्ला ललितपुर, महालक्ष्मी न.पा. वडा नं. १

३) ऋणी: सकिल अंसारी
स्थायी ठेगाना: पर्सा जिल्ला, चोर्नी गा.वि.स. वडा नं. ७, हालको ठेगाना: ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. १
बाबु: रहमान अंसारी, बाजे: भुकल अंसारी

धितोको विवरण

१) भुकल अंसारीको नाती, रहमान अंसारीको छोरा, पर्सा जिल्ला, चोर्नी गा.वि.स वडा नं. ७ बस्ने सकिल अंसारी - १ तथा भुकल अंसारीको नाती, रहमान अंसारीको छोरा, पर्सा जिल्ला, चोर्नी गा.वि.स. वडा नं. ७ बस्ने समीम अंसारी - १ गरी दुई व्यक्तिको संयुक्त नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. २४२ को क्षेत्रफल ८०.६५ (व.मि.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) ग्रेट नेपाल टेलरिङ्ग सेन्टर तथा एस.एस.रेडिमेटको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

१४)

ऋणी कम्पनी: त्रिशक्ति कन्स्ट्रक्सन प्रा.लि., संचालक तथा जमानीकर्ता: लनाम दोङ
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. . १६४६९१/०७३/०७४, दर्ता मिति: २०७३/११/१८, ठेगाना: जिल्ला काभ्रे, मेच्छे गा.वि.स. वडा नं. ९

धितोको विवरण

१) सवारी मोडल: Duster PET RXL | चेसिस नं.:MEEHSRSGEJ8001820 | ईन्जिन नं.: E002059, सवारी दर्ता नं.: बा २१ च ९४१५
२) त्रिशक्ति कन्स्ट्रक्सन प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

१५)

ऋणी कम्पनी: आकार कृषि फर्म प्रा.लि., संचालक तथा जमानीकर्ता: अरुण कुमार साह
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ३०५११९६/०७९/०८०, दर्ता मिति : २०७९/०९/२५, ठेगाना: जिल्ला रौतहट, दुर्गा भगवती गा.पा. वडा नं. २

धितोको विवरण

१) अनुठा साहको नाती, ब्रम्हनारायण प्रसाद साहको छोरा, रौतहट जिल्ला, भलोहिया गा.वि.स. वडा नं. ४ बस्ने अरुण कुमार साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, गौर, रौतहटको लगतमा दर्ता कायम रहेको, रौतहट जिल्ला, गंगापिप्रा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ५९१, ३२४ र ७८७ को क्षेत्रफल क्रमश: ०-१-३$^{3/4}$, ०-२-७$^{1/2}$ र ०-०-१०$^{3/4}$ (विगाहा) को जग्गा तथा रौतहट जिल्ला, गंगापिप्रा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ८५५ को क्षेत्रफल ०-०-१२ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) भरत लाल साहकी छोरी, ब्रम्हनारायण प्रसाद साहकी बुहारी, अरुण कुमार साहकी पत्नी, सर्लाही जिल्ला, वरहथवा गा.वि.स. वडा नं. ८ बस्ने ईन्दु कुमारी साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, गौर, रौतहटको लगतमा दर्ता कायम रहेको, रौतहट जिल्ला, गंगापिप्रा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ७७५ को क्षेत्रफल ०-०-१६ (विगाहा) को घरजग्गा तथा कित्ता नं. ७७२ को क्षेत्रफल क्रमश: ०-१-१६$^{3/4}$ को जग्गा र रौतहट जिल्ला, गंगापिप्रा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ७३९ र ७३६ को क्षेत्रफल क्रमश: ०-०-७$^{1/4}$ र ०-०-८$^{3/4}$ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) आकार कृषि फार्म प्रा.लिको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राइटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आँफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आँफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आँफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आँफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

ब्राजिलमा ट्रम्पको कर नीति आर्थिकभन्दा वैचारिक

उच्च शुल्क लगाउने ट्रम्पको घोषणापछि ब्राजिलका राष्ट्रपति लुला दा सिल्भाले अमेरिकी कदमको डटेर सामना गर्ने र उचित बदला लिने चेतावनी दिएका छन्

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जुलाई ९ मा अमेरिका भित्रिने ब्राजिलका सामानमा ५० प्रतिशत भन्सार कर लाग्ने घोषणा गरे। अन्य देशका नेताले जस्तै ब्राजिलियन राजनीतिज्ञले पनि ट्रम्पको नयाँ भन्सार दर पर्खिरहेका थिए। तर, दुई राष्ट्रबिच व्यापार वार्ता चलिरहेको समयमा भएको यस घोषणाले ब्राजिलका अधिकारीलाई अलमल्लमा पाऱ्यो।

ट्रम्पको घोषणापछि ब्राजिलका राष्ट्रपति लुला दा सिल्भाले अमेरिकी कर साँच्चै लागू भएमा आफूहरूले पनि त्यस्तै प्रतिक्रिया दिने जवाफ दिए। ट्रम्पको घोषणापछाडिको कारण र समयबारे धेरै अनुमान भइरहेको छ। केही विश्लेषकले उदीयमान अर्थतन्त्रको समूह 'ब्रिक्स' राष्ट्रहरूको हालैको बैठक ब्राजिलमा हुनुलाई औंल्याएका छन्। त्यस समूहप्रति ट्रम्पले पहिलेदेखि आक्रोश व्यक्त गर्दै आएका छन्। अरूले भने ब्राजिलबाट सस्ता उत्पादनको अमेरिकामा निर्यात बढेकाले अमेरिकी उद्योगको रक्षा गर्न ट्रम्पले एक सुरक्षात्मक उपाय अपनाएको दावी गरेका छन्।

तथापि, यस कदमपछाडिको स्पष्ट कारण ट्रम्प आफैंले खुलाए। राष्ट्रपति लुलालाई लेखेको पत्रमा ट्रम्पले ब्राजिलसँगको आफ्नो मुख्य गुनासो वास्तवमा पूर्वराष्ट्रपति जैर बोल्सोनारोमाथि त्यहाँको सर्वोच्च अदालतमा चलिरहेको मुद्दा भएको बताएका छन्। उग्र दक्षिणपन्थी बोल्सोनारोलाई सन् २०२२ को अक्टोबरमा सम्पन्न राष्ट्रपतीय चुनावको नतिजालाई उल्ट्याउन खोजेको आरोप छ।

लोकतान्त्रिक संस्था र कानुनी शासनविरुद्ध जनवरी २०२३ मा विद्रोहको प्रयास गरेको आरोपमा उनीमाथि मुद्दा चलिरहेको छ। दोषी ठहरिएमा बोल्सोनारो र उनका केही निकटतम सहयोगीले लामो जेल सजाय भोग्नुपर्ने हुन्छ। बोल्सोनारोलाई कतिपयले ब्राजिलका डोनाल्ड ट्रम्प भन्ने गरेका छन्।

ल्याटिन अमेरिकामा अमेरिकी हस्तक्षेपको इतिहास

ट्रम्पको पत्रमा उल्लेख गरिएको एक मात्र आर्थिक कारणमा अमेरिकाले ब्राजिलसँग व्यापार घाटा व्यहोर्नुपरेको भनिएको छ। तर, तथ्यका आधारमा ट्रम्पको यो दाबी झुटो ठहरिन्छ। लगभग दुई दशकदेखि ब्राजिलसँगको व्यापारमा अमेरिकाले निरन्तर नाफा हासिल गरिरहेको छ। ब्राजिलमाथिको उच्च कर घोषणाबारे अमेरिकी राष्ट्रपति स्वयंले भन्दा





● राफेल आर लोरिस

लोरिस डेनभर विश्वविद्यालयका आधुनिक ल्याटिन अमेरिकी इतिहासका प्राध्यापक हुन्।

पनि राम्ररी ट्रम्प र बोल्सोनारोबिच सम्बन्धका सूत्रधार तथा ट्रम्पका पूर्वसल्लाहकार स्टिभ ब्याननले बताए। ब्राजिलको प्रमुख अनलाइन पोर्टल 'युओल'लाई दिएको अन्तर्वार्तामा ब्याननले भने, 'मुद्दा फिर्ता लिनुस्, हामी भारी भन्सार शुल्क हटाउनेछौं।'

अमेरिका-ल्याटिन अमेरिकी सम्बन्धको इतिहास हेर्ने हो भने वासिंटनले आफ्नो राजनीतिक स्वार्थ पूरा गर्न पटक-पटक हस्तक्षेप गरेको देखिन्छ।

विशेषगरी, शीतयुद्धको समयमा धेरै अमेरिकी नीति-निर्माताले दक्षिणपन्थी सरकारको पक्षमा वा स्वतन्त्र रूपमा अघि बढ्न खोज्ने नेतालाई सरकारबाट हटाउन सक्रिय रूपमा हस्तक्षेप गरेका थिए। तथापि, ब्राजिलमाथिको उच्च कर घोषणा पहिलो घटना हो, जहाँ अमेरिकाले अर्को देशको सरकार प्रमुखलाई गम्भीर अपराधको आरोप लागेका व्यक्तिविरुद्धको अनुसन्धान गर्न पाउने न्यायपालिकाको संवैधानिक भूमिकामाथि हस्तक्षेप गर्न दबाब दिइरहेको छ।

ट्रम्प-बोल्सोनारोबिच पारस्परिक प्रशंसा

निःसन्देह, बोल्सोनारोका लागि ट्रम्पको खुला समर्थन नयाँ वा अनौठो भने होइन। दुई नेताबिचको पारस्परिक प्रशंसा र वैचारिक आत्मीयताको सम्बन्ध सन् २०१८ मा बोल्सोनारोको चुनावी अभियानदेखि सुरु भएको थियो। त्यसपछिका दुई वर्ष (सन् २०१९-२०००) जब दुवै आआफ्ना देशको शासनसत्तामा थिए। दुवै नेताले विशेष आपसी सम्बन्ध रहेको बताइरहे। तथापि, उक्त अवधिमा कुनै महत्त्वपूर्ण द्विपक्षीय सम्झौता भने भएनन्।

ट्रम्प र बोल्सोनारो दुवै पहिलो कार्यकालपछि लगत्तै दोस्रो कार्यकाल प्राप्त गर्न असफल भए। त्यस क्रममा दुवैले शक्तिको शान्तिपूर्ण हस्तान्तरणको अभ्यासलाई उल्ट्याउने प्रयाससमेत गरे, जसका लागि दुवै नेताले आफ्ना समर्थकलाई उचालेका थिए। अहिले चार वर्षको अन्तरालपछि ट्रम्प फेरि सत्तामा फर्किएको अवस्थामा बोल्सोनारोले अमेरिकी राष्ट्रपतिबाट सहयोगको आशा राखेका छन्।

यस क्रममा बोल्सोनारोका तेस्रा छोरा तथा ब्राजिलको तल्लो सदनका सदस्य एड्आर्डो बोल्सोनारोले संसद् सदस्यबाट राजीनामा दिएर यसै वर्षको सुरुदेखि अमेरिका बस्न थालेका छन्। त्यहाँ उनले 'लुला वामपन्थी तानाशाह' भएको, आफ्ना

> राष्ट्रपति लुलालाई लेखेको पत्रमा ट्रम्पले ब्राजिलसँगको आफ्नो मुख्य गुनासो पूर्वराष्ट्रपति जैर बोल्सोनारोमाथि त्यहाँको सर्वोच्च अदालतमा चलिरहेको मुद्दा भएको बताएका छन्। उग्र दक्षिणपन्थी बोल्सोनारोमाथि सन् २०२२ को अक्टोबरमा सम्पन्न राष्ट्रपतीय चुनावको नतिजालाई उल्ट्याउन खोजेको आरोप छ।

पिताले राजनीतिक रूपमा प्रेरित मुद्दाको सामना गर्नुपरेकोजस्ता भ्रामक तर्क गरेर राजनीतिक समर्थन हासिल गर्ने प्रयास गरिरहेका छन्। ट्रम्पद्वारा उच्च भन्सार दर घोषणा र त्यसका लागि उनले दिएका कारण ख्याल गर्दा एडुआर्डोको प्रयासले काम गरेको अनुमान गर्न सकिन्छ।

कुन दिशामा जाला ब्राजिल ?

अमेरिकाजस्तै, ब्राजिलको राजनीति पनि वामपन्थी र दक्षिणपन्थी समूहबिच गहिरो रूपमा ध्रुवीकृत छ। त्यसैले ट्रम्पको घोषणाप्रति स्थानीय प्रतिक्रिया वैचारिक आधारमा भिन्न हुनु कुनै आश्चर्यको कुरा रहेन। आफ्ना नेताको कानुनी कठिनाइका बाबजुद बोल्सोनारोका समर्थक राजनीति, मिडिया र कृषि व्यवसाय क्षेत्रमा निकै प्रभावशाली छन्। ब्राजिलले जस्तालाई त्यस्तै जवाफ दिनेछ भन्ने लुलाको प्रारम्भिक घोषणा उनका समर्थकमाझ सकारात्मक देखिँदा विपक्षी र कैयौं मिडियाले ट्रम्प प्रशासनसँग सम्झौता गर्न नसकेकोमा लुलाको आलोचना गरे।

साउ पाउलोको शक्तिशाली ठुला उद्योगपति ट्रम्पको नयाँ शुल्कबाट प्रभावित हुने सुरुवाती समूह हुनेछन्। त्यहाँ बोल्सोनारोका शक्तिशाली मित्र टार्सिसियो डे फ्रेटास गभर्नर छन्। तर, ट्रम्पको भन्सारको पीडा सम्भवतः ग्रामीण इलाकासहित अन्य गतिविधिमा फैलिनेछ। देशको कृषि निर्यातको ठुलो हिस्सा अमेरिकामा नभई चीनमा जान्छ। यस परिप्रेक्ष्यमा भोलि देशका शक्तिशाली निर्यातकर्ताले व्यावहारिक बनेर लुलासँग सहकार्य गरी अमेरिका जाने उत्पादन चीन र अन्य देशतर्फ स्थानान्तरण गर्छन् वा वैचारिक रूपमा आफू घाटा खाएर पनि ट्रम्पसँगको स्थायी साझेदारीलाई समर्थन जारी राख्नेछन् हेर्न बाँकी छ।

छलफल ब्राजिलको कूटनीतिको पहिचान रहँदै आएको छ। पछिल्लो तनावबिच लुलाले वार्ताप्रति इच्छा व्यक्त गरेका छन्। अब मुख्य ध्यान ट्रम्पको आगामी कदममा निर्भर रहनेछ। ल्याटिन अमेरिकामा ट्रम्पको कदम तर्क र तथ्याकंका आधारमा सञ्चालन हुनेछ वा वैचारिक आधारमा हस्तक्षेपकारी हुनेछ, त्यो भविष्यले देखाउला। यदि कसैले ट्रम्पको पछिल्लो पत्रलाई ध्यान दियो भने दोस्रो विकल्पको सम्भावना उच्च देखिन्छ।

- द कन्भर्सेसनबाट

विश्व संक्षेप

बंगलादेशको क्याम्पसमै खस्यो विमान, १९ को मृत्यु



ढाका/ बंगलादेशी वायुसेनाको तालिम विमान दुर्घटनाग्रस्त हुँदा कम्तीमा १९ जनाको मृत्यु भएको छ। दुर्घटनामा १६४ जना घाइते भएका छन्। सोमबार दिउँसो ढाकाको दियाबारी क्षेत्रमा रहेको माइलस्टोन स्कुल एन्ड कलेज परिसरमा बंगलादेशी सेनाको जेट विमान खसेको बिबिसीले जनाएको छ। कलेजको फुटेजमा विमान दुईतले भवनमा ठोक्किएपछि ठुलो आगो र बाक्लो धुवाँ फैलिएको देखिन्छ। राष्ट्रिय जलन तथा प्लास्टिक सर्जरी संस्थानका एक चिकित्सकका अनुसार बालबालिका र वयस्कसहित ५० भन्दा बढी मानिसलाई जलेको अवस्थामा अस्पताल लगिएको थियो। जलेर घाइते हुनेमा चार वर्षदेखि १८ वर्षसम्मका विद्यार्थी छन्। विमान सीधै भवनमा ठोक्किएको कलेजका शिक्षक रिजाउल इस्लामले जानकारी दिए। दुर्घटनाको समयमा विद्यालयमा परीक्षा चलेको थियो र विद्यालयमा अभिभावकसमेत थिए। मृत्यु हुनेमा केही अभिभावक पनि छन्।

विमान आफ्नै अगाडि भवनमा ठोक्किएको एक विद्यार्थीले बताए। 'जाँच सकिएपछि म बाहिर उभिएको थिएँ। त्यसपछि मेरा आँखैअगाडि विमान भवनमा ठोक्कियो,' फरहान हसनको भनाइ उद्धृत गर्दै बिबिसीले जनाएको छ। उनी १० कक्षाका विद्यार्थी हुन्। यान्त्रिक गडबडी भएपछि फ्लाइट लेफ्टिनेन्ट तथा पाइलट मोहम्मद तौकिर इस्लामले जेटलाई कम जनसंख्या भएको क्षेत्रमा लैजाने प्रयास गरेका थिए। विमान राजधानीको वायुसेना बेसबाट उडेको थियो। घाइतेलाई नजिकैका अस्पतालमा लगिएको छ भने आपत्कालीन टोलीले घटनास्थलमा उद्धार कार्य जारी राखेका छन्। घटनाको छानबिन गर्न अनुसन्धान समिति गठन गरिएको छ। घटनास्थलका तस्बिरमा आपत् कालीन सेवाका कर्मचारीले जलेको भग्नावशेषबाट जीवितलाई खोज्ने प्रयास गरिरहेको देखिन्छ। - *बिबिसी*

गाजामा चरम खाद्यान्न अभाव

न्युयोर्क/ गाजा क्षेत्रमा खाद्यअभाव र कुपोषणको अवस्था अत्यन्त भयावह बन्दै गएको भन्दै राष्ट्र संघले गहिरो चिन्ता व्यक्त गरेको छ। गाजामा महिला र बालबालिका तीव्र भोकमरीको सिकार भइरहेका छन्, जसका कारण हरेक दिन सर्वसाधारणको निरन्तर मृत्यु भइरहेको छ। इजरायली प्रशासनले गाजाको उत्तरी क्षेत्रमा पुनः जबर्जस्ती विस्थापनको आदेश दिएको राष्ट्र संघको मानवीय मामिलाका लागि समन्वय कार्यालय (ओसिएचए)ले सार्वजनिक गरेको एक प्रतिवेदनमा उल्लेख छ। त्यहाँका अस्पतालमा उपचारको अभावका कारण कुपोषित बालबालिका र वयस्कको ज्यान जोखिममा छ। पछिल्ला दिनमा इन्धन संकट अझै चर्किएको छ। सीमित मात्रामा इन्धन प्रवाह भएकाले फोहोर व्यवस्थापन रोकिएको छ भने डिर अल बलाह क्षेत्रमा पानीका कुवा बन्द भएका छन्। यस्तै, मिर्गौलाका बिरामीका लागि आवश्यक डायलाइसिसजस्ता जीवनरक्षक स्वास्थ्य सेवा बन्द छन् भने अन्य सेवा रोक्ने तयारी भइरहेको छ।

महामारीसम्बन्धी नियम संशोधनलाई अस्वीकार

वासिंटन डिसी/ अमेरिकाले विश्व स्वास्थ्य संगठनले (डब्लुएचओ)ले अघिल्लो वर्ष पारित गरेका 'महामारीसम्बन्धी नियम' संशोधनलाई अस्वीकार गरेको छ। ती संशोधनले राष्ट्रको सम्प्रभुतामा हस्तक्षेप गर्ने सरकारको दाबी छ। ट्रम्पले जनवरी २० मा राष्ट्रपति पदमा पुनः फर्किएपछि अमेरिका डब्लुएचओबाट औपचारिक रूपमा हट्ने प्रक्रिया सुरु गरेका थिए। तर, अघिल्लो वर्ष पारित भएका नियम अमेरिका सदस्य नरहे पनि बाध्यकारी बन्न सक्थे। परराष्ट्रमन्त्री मार्को रुबियो र स्वास्थ्यमन्त्री रोबर्ट एफ केनेडी जुनियरले संयुक्त वक्तव्य जारी गर्दै ती नियमले अमेरिकाको आफ्नै स्वास्थ्य नीति बनाउने अधिकार रहेको बताए।

इतिहासमा आज



सन् १९७७ : सांस्कृतिक क्रान्ति (सन् १९६६ देखि सन् १९७६)को समयमा चिनियाँ कम्युनिस्ट पार्टीले उपप्रधानमन्त्रीसहित आफ्ना सबै पूर्वउच्च पद पुनर्स्थापित गरेपछि सन् १९७७ मा देङ सियाओपिङ आजकै दिन सत्तामा फर्किए।

सन् १९६६ : पहिलोपटक उत्तर र दक्षिण भियतनामको निःशस्त्र क्षेत्रमा बी ५२ बमहरूले हमला गरे।

सन् २०११ : ओस्लो र नर्वेको उटोया टापुमा भएको आतंकवादी आक्रमणमा ७७ जनाको मृत्यु भएको थियो।

सन् २०१३ : क्याम्ब्रिजका प्रिन्स जर्ज अलेक्ज्यान्डर लुइसको जन्मदिन। ड्युक अफ क्याम्ब्रिज प्रिन्स विलियम र डचेज अफ क्याम्ब्रिजको पहिलो सन्तानका रूपमा लुइसको जन्म भएको थियो।

रुसले तालिबान सरकारलाई किन दियो मान्यता ?

तालिबान सरकारसँगको सम्बन्धबाट रुसले धेरै फाइदा लिन सक्ने देखिन्छ



● एल्डार मामदोभ

मामदोभ ब्रसेल्समा बस्ने विदेश नीतिविज्ञ हुन्, जो युरोपेली संघको संसद्का प्रतिनिधिमण्डलको 'इरान, इराक र अरब प्रायद्वीप'केन्द्रित अन्तर-संसदीय सम्बन्धका प्रमुख हुन्।



यो महिनाको सुरुमा केहीलाई आश्चर्यचकित पार्दै रुसले अफगानिस्तानका तालिबान सरकारलाई औपचारिक रूपमा मान्यता दियो। यस निर्णयपछाडि तालिबानप्रतिको वैचारिक समर्थनभन्दा भूराजनीतिक रणनीतिले भूमिका खेलेको छ। तालिबानसँग सम्बन्ध कायम गरेर रुसले मध्य र दक्षिण एसियामा आफ्नो हित सुरक्षित गर्ने, त्यस भेगमा बढ्दै गएको पश्चिमी प्रभावको प्रतिरोध गर्ने र लामो समयदेखि अतिवाद तथा अस्थिरताबाट प्रभावित त्यस भेगलाई स्थिर बनाउने लक्ष्य राखेको छ।

सन् २०२१ मा अफगानिस्तानबाट अमेरिकी सेना फर्किएदेखि नै रुसले मध्य एसियामा उत्पन्न भूराजनीतिक शून्यता भर्न खोजिरहेको छ। यस क्रममा उसले आफूलाई क्षेत्रीय सुरक्षाको एक प्रमुख खेलाडीका रूपमा प्रस्तुत गर्ने गरेको छ। खासमा अफगान समाजमाथि तालिबानको प्रभाव देखेर मस्कोले सन् २०१६ को प्रारम्भमै सो समूहसँग भित्रभित्रै छलफल सुरु गरेको थियो। छलफलको लामो चरणपछि यो वर्ष अप्रिलमा रुसले तालिबानलाई आफ्नो आतंकवादी सूचीबाट हटायो। तालिबान सरकारको औपचारिक मान्यता यसै विकासक्रमको नयाँ कदमका रूपमा हेर्नुपर्छ। यस सम्बन्धसँगै मस्कोस्थित अफगान दूतावासमा इस्लामिक इमिरेट्सको नयाँ सेतो-कालो झन्डा फहराउन थालेको छ।

रुसी मान्यताको प्रभाव प्रतीकात्मकता मात्र हुनेछैन। तालिबानलाई अफगानिस्तानको औपचारिक सरकारको मान्यता दिएर रुसले ऊसँगको सम्बन्ध अनौपचारिकबाट राज्य-राज्यबिचको औपचारिक सम्बन्धमा परिवर्तन गरेको छ। मस्कोको नजरमा यस कदमले धेरै रणनीतिक फाइदा गर्नेछ। सुरक्षा रुसको प्रमुख चिन्ताको विषय रहँदै आएको छ। आइएसआइएस र अलकायदाविपरीत तालिबान कहिल्यै पनि रुसी भूमिमा आतंकवादी गतिविधिमा संलग्न भएन। यसले गर्दा मस्कोले समूहलाई फरक इस्लामिक संगठनका रूपमा हेऱ्यो। तथापि, क्रेमलिनलाई अफगानिस्तानबाट अतिवाद मध्य एसियाली मुलुकमा फैलिएला भन्ने डरले भने छाडेको छैन। विशेषगरी, ताजिकिस्तान र उज्बेकिस्तानजस्ता पूर्वी सोभियत गणतन्त्रमा 'इस्लामिक स्टेट खोरासान प्रान्त (आइएसआइएस-के)'जस्ता समूह सक्रिय छन्।

आइएसआइएस-केले रुसमा काम गर्ने विपन्न मध्य-एसियाली आप्रवासी कामदारमाझ प्रभाव बढाएको छ। विशाल जनसंख्या अर्थात् झन्डै १३ लाख जनसंख्या रहेको ताजिकमाथि उसको विशेष प्रभाव रहेको मानिन्छ। सन् २०२४ मा मस्कोको 'क्रोकस सिटी हल'मा भएको आतंकवादी आक्रमणमा आइएसआइएस-केले ताजिकहरू नै प्रयोग गरेको थियो। उता तालिबानले पनि आइएसआइएस-केलाई आफ्नो शासनको मुख्य खतरा मान्छ। सन् २०२१ मा केही समय गतिविधि बढाएको सो समूहको आधार नष्ट गर्न तालिबानहरू अपेक्षाकृत सफल भएका छन्। तथापि, आइएसआइएस-केले आफ्नो प्रभाव अफगानिस्तानबाहिर पनि बढाएको छ। जुन कुरा सन् २०२४ मा उसले मस्कोदेखि इरानको केरमानसम्म गरेको आक्रमणले देखायो।

अन्तर्राष्ट्रिय वैधताका लागि उत्सुक तालिबान रुसको आतंकवादविरोधी अभियानमा इच्छुक साझेदार साबित हुन सक्छ। कूटनीतिक मान्यतातले यस क्षेत्रमा सहयोगलाई संस्थागत गर्न सक्छ। रुस र यसको शंकालु सुरक्षा संयन्त्रले समेत तालिबानसँग सहकार्य सम्भव भएको निष्कर्ष निकालेको छ। रुसले क्षेत्रीय आतंकवादविरोधी पहलको नेतृत्व गर्दा त्यसमा अफगानिस्तानले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। हालसम्म ताजिकिस्तानबाहेक अन्य मध्य एसियाली राज्यले तालिबानलाई औपचारिक रूपमा मान्यता दिएका छैनन्। तथापि, अधिकांश देशले काबुलको नयाँ वास्तविकतालाई व्यावहारिक रूपमा स्वीकार गरेका छन्। यसका पछाडि आतंकवाद र अतिवादसम्बन्धी तिनको चिन्ताले काम गरेको छ।

> खासमा अफगान समाजमाथि तालिबानको प्रभाव देखेर मस्कोले सन् २०१६ को प्रारम्भमै सो समूहसँग भित्रभित्रै छलफल सुरु गरेको थियो। छलफलको लामो चरणपछि यो वर्ष अप्रिलमा रुसले तालिबानलाई आफ्नो आतंकवादी सूचीबाट हटायो।

रुसलाई तालिबानसँग औपचारिक रूपमा संलग्न हुन सुरक्षा पक्षको मात्र भूमिका छैन। यसमा आर्थिक र रणनीतिक पक्ष पनि महत्त्वपूर्ण छ। अफगानिस्तान मध्य र दक्षिण एसियाको चौबाटोमा रहेको छ, जसले यस भेगको व्यापार र ऊर्जा कोरिडोरको केन्द्र बन्न सक्ने सम्भावना बोकेको छ। चीनजस्तै रुसले पनि अफगानिस्तानमा पूर्वाधार, खानी, ऊर्जा, कृषि, यातायातजस्ता कुरामा अवसर देखेको छ। पाकिस्तान र हिन्द महासागरसम्म रुसलाई जोड्ने रेलमार्ग बनाउने हो भने त्यो मध्य एसिया र अफगानिस्तान हुँदै जानुपर्छ। औपचारिक मान्यताले यी अवसर खुलाउन सक्छ, तर त्यसका लागि तालिबानले पनि सुरक्षाको ग्यारेन्टी प्रदान गर्न सक्नुपर्छ।

पश्चिमी आलोचकले मानव अधिकार, विशेष गरी महिला अधिकार बेवास्ता गरेर रुसले काबुलसँग सम्बन्ध बढाएको भन्दै आलोचना गर्न सक्छन्। तर, रुसको यस निर्णयलाई विचारधाराको लेन्सभन्दा भूराजनीतिक तथा राष्ट्रिय हितको लेन्सबाट हेरिनुपर्छ। तालिबानको सरकारलाई मान्यता दिएर 'तालिबानलाई एक्लो बनाएको पश्चिमी भाष्यलाई चुनौती दिन र अमेरिकी नेतृत्वको गठबन्धनबाहिर पनि कूटनीतिक ढाँचा अस्तित्वमा रहेको' प्रदर्शन गर्न मस्को सक्षम भएको छ। साथै, यस कदममार्फत उसले समानान्तर अन्तर्राष्ट्रिय व्यवस्थालाई बढावा दिएको छ, जहाँ अमेरिकी अस्वीकृतिले मात्रै अब विदेश नीतिलाई निर्देशित गर्दैन। यो रुसले चाहेको बहुध्रुवीय संसारतर्फ प्रगति हुनेछ, जसमा ऊ आफैं पनि मध्य एसियाको एक प्रमुख खेलाडीका रूपमा रहनेछ।

अलकायदाका पूर्वलडाकु अहमद अल साराको नेतृत्वको सिरियाली सरकारलाई मान्यता दिन पश्चिमले देखाएको तीव्रताको तुलनामा तालिबानसँगको रुसको संलग्नता निकै सुविचारित थियो। त्यसैले, मूल्यमा आधारित रहेर पश्चिमबाट हुने आलोचना खोक्रो देखिन्छ। संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्ले तालिबानलाई कहिल्यै आतंकवादी समूह भनेको थिएन। जबकि, अलकायदा सो सूचीमा थियो र अझै पनि छ। तैपनि, दमास्कस कब्जा गरेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँ र अन्य पश्चिमी नेताले अहमद अल सारासँग भेटघाट गरेर उनको सरकारलाई स्वीकृति प्रदान गरिसके। यस्तोमा रुसको आलोचना निरर्थक छ।

सिरियामा सुन्नी अतिवादी मिलिसियाले चर्च र अल्पसंख्यक अलावी सम्प्रदायका महिलामाथि भयानक आक्रमण गरेको विश्वसनीय समाचारले पश्चिमलाई सिरियाली सरकारसँग सम्बन्ध स्थापित गर्न रोकेन। तालिबानले महिलामाथि गरेको व्यवहार जतिसुकै निन्दनीय भए पनि तिनले केही हदसम्म सार्वजनिक सुरक्षा पुनर्बहाली गरेको कुरा कसैले नकार्न सक्दैन। सिरिया र अफगानिस्तानप्रति पश्चिमको फरक व्यवहारलाई देखाएर मस्कोले बरु आफूलाई व्यावहारिक र समान व्यवहार गर्ने शक्तिको रूपमा चित्रण गर्न सक्छ।

तथापि, काबुलसँग रुसको सम्बन्ध जोखिमरहित भने छैन। उग्र-राष्ट्रवाद र पस्तुन जातिको पहिचानसँग बलियो गरी जोडिएको तालिबानले रुस वा कुनै पनि बाह्य शक्तिसामु पूर्ण समर्पण गर्नेछैन। तिनीहरू मस्कोसँगको सम्बन्धलाई विविधतायुक्त आफ्नो विदेश नीतिमा एक पक्षका रूपमा हेर्छन्। तालिबानले रुसका अतिरिक्त चीन, इरान, मध्य एसिया, फारसी खाडी र संयुक्त राज्य अमेरिका तथा इयूसँगको सम्बन्धसँग सन्तुलित संलग्नताको प्रयास गरिरहेको छ।

- नेसनल इन्ट्रेस्टबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ६ साउन ०८२

संक्षेप


किसानका पक्षमा सेवा प्रवाह गरेको कृषिमन्त्रीको दाबी



काठमाडौं/ कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले एक वर्षमा नीतिगत तथा संस्थागत सुधारमा ध्यान दिँदै किसानका पक्षमा सेवा प्रवाहका लागि इमानदारीपूर्वक प्रयास गरेको दाबी गरेका छन् ।

सोमबार मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै मन्त्री अधिकारीले कृषि उत्पादन र उत्पादकत्व वृद्धि, आधुनिकीकरण, बजारीकरण र किसानको जीवनस्तर सुधारलाई प्रमुख प्राथमिकतामा राखी काम गरेको बताए । 'कृषि नेपालको अर्थतन्त्रको मेरुदण्ड हो र लाखौं नेपालीको जीविकोपार्जनको आधार हो । यसैलाई मध्यनजर गर्दै समग्र कृषि प्रणाली सुधारका लागि इमानदारीपूर्वक प्रयास गरेको छु,' उनले भने ।

विश्व भेटेरिनरी एसोसिएसनको महासभामा नेपालको सम्बोधन



काठमाडौं/ अमेरिकामा भएको विश्व भेटेरिनरी एसोसिएसन-०२५ को महासभामा नेपालले सम्बोधन गरेको छ । उक्त महासभामा नेपाल भेटेरिनरी एसोसिएसनको प्रतिनिधित्व गर्दै पूर्वअध्यक्ष डा. शीतलकाजी श्रेष्ठले सम्बोधन गरेका हुन् । जुलाई १८ मा वासिङटन डिसीमा भएको महासभामा डा. श्रेष्ठले सार्क भेटेरिनरी एसोसिएसनको समेत प्रतिनिधित्व गरेका थिए । उनी एसोसिएसनको महासचिवसमेत हुन् ।

सम्बोधन गर्दै डा. श्रेष्ठले नेपालमा पशु चिकित्सकले गरेको योगदानबारे चर्चा गर्दै नेपालमा पशु चिकित्सा क्षेत्रको विकासमा सहयोग गर्न अन्य राष्ट्रहरूसँग सहकार्यका लागि आह्वानसमेत गरेका थिए ।

ऊर्जा सर्वेक्षणले उद्योगको बिजुली खपतमा सहयोग



मोरङ/ इन्टर डिसिप्लिनरी एनालिस्ट (आइडिए)ले औद्योगिक क्षेत्रमा हुने ट्रिपिङ, लो भोल्टेज, फक्च्युएसनलगायत विषयमा गरेको अध्ययनबारे उद्योग संगठन मोरङमा छलफल भएको छ ।

छलफलमा प्रतिवेदन प्राप्त गर्दै उद्योग संगठन, मोरङका अध्यक्ष नन्दकिशोर राठीले सर्वेक्षणबाट आएका तथ्यांकले आगामी दिनमा उद्योग सञ्चालनका लागि सहयोग पुग्ने बताए ।

उनले सर्वेक्षणबाट प्राप्त तथ्यांकका आधारमा ऊर्जा व्यवस्थापनका लागि अपनाउनुपर्ने सुधारका लागि तयारी गर्ने बताए । एडिएका कार्यकारी निर्देशक डा. सुधिन्द्र शर्माले ठुला, मझौला, साना, कुटिर र परम्परागत सिपबाट सञ्चालित उद्योगमा प्रवाह भएको बिजुलीको गुणस्तरबारे अध्ययन गरेको बताए ।

सवा आठ अर्ब विद्युत् बक्यौता नउठाउने 'नियत'

बक्यौता नतिर्ने उद्योगीलाई साथ दिँदै आएका ऊर्जामन्त्री दीपक खड्काले प्रशासकीय पुनरावलोकन समितिलाई पूर्णता नदिएर बक्यौता जाँचबुझमा अवरोध पुऱ्याउँदै छन्, ३५ दिनसम्म समितिले उद्योगीको निवेदन संकलन गर्नेबाहेक केही गरेन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बिजुलीको सवा आठ अर्ब बक्यौता नउठाउने सरकारको 'नियत' नै देखिएको छ । पैसा नतिर्ने उद्योगीहरूलाई साथ दिँदै ऊर्जामन्त्री दीपक खड्काले प्रशासकीय पुनरावलोकन समितिलाई पूर्णता नदिएर बक्यौता जाँचबुझमा उल्टै अवरोध गरिरहेका छन् ।

देश चर्को लोडसेडिङमा रहेका वेला ४६ उद्योगी डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४सै घण्टा हाई भोल्टेज विद्युत् प्रयोग गरेको आठ अर्ब २६ करोड बक्यौता तिर्न बाँकी छ । उनीहरूले तिर्न आलटाल गर्दै आएका छन् । बक्यौता उठाउन खोज्दा प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई उद्योगीहरूकै स्वार्थअनुसार सरकारले हटाएको थियो ।

प्राधिकरणले बक्यौता तिर्न नचाहेका उद्योगीलाई लक्षित गरी गत २७ वैशाखमा सूचना जारी गर्दै जेठ मसान्तसम्म प्रशासकीय पुनरावेदन समितिमा ५ प्रतिशत धरौटी राखेर निवेदन दिन निर्देशन दिएको थियो । त्यसपछि ४६ उद्योगीले समितिमा निवेदन दर्ता गरेका छन् । मन्त्री खड्काले नियतसहित समितिलाई नै पूर्णता दिएका छैनन् । जसले गर्दा बक्यौता जाँचबुझ नै हुन सकेको छैन ।

उद्योगीको निवेदन जाँचबुझ गर्न सुरुमा मन्त्री खड्काले ऊर्जा सचिव सुरेश आचार्यलाई समिति संयोजक तोकेका थिए । तर, बिजुली महसुलको अर्बौं छुट दिने नियतले गठित समितिको नेतृत्व गर्दा छानबिनमा पर्ने जोखिम भएपछि उनले समितिमा रहन इन्कार गरेका थिए । त्यसपछि मन्त्री खड्काले नै प्राधिकरणको सञ्चालक नियुक्त गरेका श्यामकिशोर यादवलाई स्वार्थ मिल्ने गरी समिति संयोजक तोकेका छन् । तर, समितिले पूर्णता नपाउँदा जाँचबुझको काम नै सुरु नभएको यादवले बताए ।

बक्यौता अध्ययन रोक्न मन्त्री खड्काले नै एक महिनासम्म अपूर्ण बनाए पुनरावलोकन समिति



दीपक खड्का, ऊर्जामन्त्री

जेठ मसान्तसम्म ४६ उद्योगीले बक्यौता पुनरावलोकनका लागि दिएको निवेदनबारे ३ असारसम्म जाँचबुझ गरी प्रशासकीय पुनरावलोकन समितिले प्रतिवेदन दिनुपर्ने समयसीमा थियो । तर, मन्त्री खड्काले समितिलाई पूर्णता नै दिएनन् ।

विद्युत् वितरण विनियमावली, २०७८ मा प्रशासकीय पुनरावलोकन समितिको व्यवस्था छ । सोही व्यवस्थाअनुसार प्राधिकरण सञ्चालक समितिले तोकेको सञ्चालकलाई अध्यक्ष, बनाउनुपर्ने नियमावलीमा उल्लेख छ ।

बोर्डले सञ्चालक श्यामकिशोर यादवलाई समितिको अध्यक्ष तोकेको छ । त्यस्तै, प्राधिकरणका उपकार्यकारी निर्देशक दुर्गानन्द बडियैत र विद्युत् विकास विभागका वरिष्ठ डिभिजनल इन्जिनियर सुनीलकुमार पियालाई सदस्य तथा प्राधिकरणका कानुन विभागका निर्देशक बलराम सिलवाललाई सदस्यसचिव तोकिएको थियो । समिति गठनको सुरुवातमा दुई-तीनवटा बैठक बसेर उद्योगीको निवेदन संकलन गरिएको थियो । यसबिचमा विभागबाट विशेषज्ञ सदस्यका रूपमा आएका सुनीलकुमार पिया सहसचिवमा बढुवा भएपछि उनले समिति छाडे । रिक्त भएको सो स्थानमा मन्त्री खड्काले अर्को प्रतिनिधि नै पठाएनन् ।

त्यति मात्र होइन, समितिमा कार्यकारी भूमिका हुने सदस्यसचिव पद पनि रिक्त छ । मन्त्री खड्काकै जोडबलमा प्राधिकरणभित्र भइरहेको अनियमित सरुवा-बढुवाका कारण यो पद रिक्त हुन पुगेको हो । कानुन निर्देशक सिलवाललाई अन्यत्रै सरुवा गरेर बेलप्रसाद शर्मालाई समितिको सदस्यसचिव नियुक्त गरिएको थियो । तर, उनको पनि माथिल्लो अरुण जलविद्युत् परियोजनामा काज सरुवा भइसकेको छ । शर्माले विगतमा बक्यौता असुली गर्ने कुलमान घिसिङको अभियानलाई सघाउने गरी उद्योगीले विभिन्न अदालतमा हालेको मुद्दामा प्राधिकरणको पक्षमा वकालत गरेका थिए । उनी समितिको सदस्यसचिव हुँदा उद्योगीको पक्षमा निर्णय नआउने देखेर मन्त्री खड्काको योजनामा अरुण जलविद्युत्मा खटाइएको हो । अहिले सदस्यसचिव पद खाली छ । चार सदस्यीय समितिमा दुई पद रिक्त भएकाले काम गर्न असजिलो भएको स्रोतको भनाइ छ ।

समितिले पूर्णता नपाउँदा काम गर्न नसकिएको अध्यक्षको स्वीकारोक्ति

पुनरावलोकन समितिका अध्यक्ष श्यामकिशोर यादवले समिति अपूर्ण हुँदा थप काम गर्न नसकिएको बताए । 'सुरुमा दुई-तीनवटा बैठक भयो । त्यसबाट निवेदन संकलन गर्ने, कानुनी राय लिनेलगायतका निर्णय भएका थिए । अरू खासै निर्णय भएनन् । पछिल्लो समय समिति अपूर्ण छ । रिक्त पद पूर्ति भएपछि काम अघि बढ्छ,' उनले भने, 'अहिलेसम्म रिक्त पद पूर्ति भइसकेको छैन ।'



श्यामकिशोर यादव
समिति अध्यक्ष

समितिले पूर्णता नपाउँदा ३५ दिनको अवधिमा पनि ठोस प्रगति हुन नसकेको उनले बताए । कामै नगरी म्याद सकिएको उनको भनाइ छ । विनियमावलीअनुसार पुनरावलोकन समितिले ३५ दिनभित्र निवेदकलाई लिखित जवाफ दिनुपर्छ । जेठ मसान्तमा निवेदन दिएका निवेदकको हकमा समेत असार ३ गते ३५ दिन पूरा भएको छ । बोर्डले पनि समितिलाई एक महिनामा काम सक्नु भनेको थियो । तर, ठोस काम नगरी समितिको एक महिना सकिएको छ । अध्यक्ष यादवले समितिलाई प्राप्त म्याद सकिएको पुष्टि गरे । 'हामीले पाएको म्याद सकिएको छ । तर, काम सकिएको छैन । अब प्राधिकरणको सञ्चालक समितिमा म्याद थपको प्रस्ताव लैजान्छौं,' उनले भने, 'पदपूर्ति र म्याद थप भएपछि काम अघि बढ्छ ।'

■ बक्यौता नउठाउने खेलमा हितेन्द्रदेव शाक्यको पनि साथ



हितेन्द्रदेव शाक्य
कार्यकारी निर्देशक

ऊर्जामन्त्री खड्को स्वार्थमा प्राधिकरणका कार्यकारी निर्देशक नियुक्त भएयता हितेन्द्रदेव शाक्यले सवा आठ अर्ब बक्यौता असुलीमा ध्यान दिएका छैनन् । बरु, नगद अभाव भएको तर्क गर्दै उनले १० अर्ब ऋण लिन सरकारबाट स्वीकृति लिएका छन् । त्यस्तै, ऋणपत्र जारी गरेर १० अर्ब उठाउन पनि स्वीकृति लिएका छन् । कानुनबमोजिम आठ अर्ब २६ करोड रुपैयाँ बक्यौता असुलीका लागि उनले उद्योगीलाई ताकेतासमेत गर्न सकेका छैनन् ।

शाक्य आउनुअघिबाटै प्राधिकरण र उद्योगीबिच विवाद छ । प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक कुलमान घिसिङले यो बक्यौता उठाउन खोज्दा सरकारले असहयोग गरेको थियो । अन्तिममा बक्यौता नउठाउने स्वार्थपूर्ति गर्न कुलमानलाई राजनीतिक प्रतिशोधमा ११ चैतमा बर्खास्त गरेर कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई ल्याइयो । तर, शाक्य पनि मन्त्रीको स्वार्थमा लागेर बक्यौतालाई बेवास्ता गरिरहेका छन् ।



निजी क्षेत्रलाई चार ठुला प्रसारणलाइन निर्माणको जिम्मा

विद्युत् प्राधिकरणले चार ठुला विद्युत् प्रसारणलाइन निजी क्षेत्रलाई बनाउन दिने भएको छ । चार सय केभी क्षमताका तीन र दुई सय २० केभी क्षमताका एक गरेर चार ठुला प्रसारणलाइन परियोजना सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलमा निर्माण गर्ने गरी प्राधिकरणले सोमबार आशयपत्र आह्वान गरेको हो । चार सय केभीको न्यु खिम्ती-ढल्केबर प्रसारणलाइन (लागत आठ करोड डलर), अरुण (हव)-इनरुवा प्रसारणलाइन (लागत आठ करोड डलर), तिंगला-दुधकोशी-ढल्केबर प्रसारणलाइन (१४ करोड २० लाख डलर) र दुई सय २० केभीको लप्सीफेदी-तीनपिप्ले प्रसारणलाइन (लागत एक करोड ८० लाख डलर) निजी क्षेत्रलाई दिन लागिएको हो ।

प्राधिकरणले पहिलोपटक निजी क्षेत्रलाई प्रसारणलाइन बनाउन दिन लागेको हो । यसअघि पुस ०८१ मा सरकारी स्वामित्वको राष्ट्रिय प्रसारण ग्रिड कम्पनीले दुई सय २० केभीको 'मध्य तमोर-ढुंगेसाँघु' प्रसारणलाइन र त्यसकै २२०/१३२ केभीको सबस्टेसन परियोजना पिपिपी मोडेलमा बनाउने पाँच निजी कम्पनीसँग सम्झौता गरेको थियो । प्राधिकरणले आशय मागेको चारवटा प्रसारणलाइन सञ्चालनमा आएको २५ वर्षपछि सरकारलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ ।

बजार पुँजीकरणमा कीर्तिमान

सोमबारको कारोबारपछि बजार पुँजीकरण ४८ खर्ब २६ अर्ब पुग्यो, यसअघि गत १८ फागुनमा ४७ खर्ब ९९ अर्ब रुपैयाँ पुगेको थियो

काठमाडौं/ धितोपत्र बजारमा सूचीकृत कम्पनीहरूको मूल्यको प्रतिनिधित्व गर्ने सूचक बजार पुँजीकरण ४८ खर्ब २६ अर्ब ९९ करोड रुपैयाँ पुगेर कीर्तिमानी कायम भएको छ । गत वर्ष १८ फागुनमा ४७ खर्ब ९९ अर्ब रुपैयाँ बजार पुँजीकरण पुगेको थियो ।

सोमबारको बजार पुँजीकरणले करिब पाँच महिनापछि नै कीर्तिमानी कायम गरेको हो । नेपाल स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीहरूको सेयर मूल्यको जोड नै बजार पुँजीकरण हो । सर्वसाधारणलाई जारी हुने सेयरका आधारमा गणना हुने फ्लोटेड बजार पुँजीकरण १६ खर्ब ४६ अर्ब रुपैयाँ कायम भएको छ ।

सोमबार नेप्से परिसूचक २१.७६ अंकले बढेर २८९२.७२ विन्दुमा पुगेको छ । जसमा चार कम्पनीको सेयर मूल्य ९ प्रतिशतभन्दा बढी दरले बढेको छ ।

सेयर कारोबारी अग्रवाल पक्राउ

सेयर कारोबारी दीपेन्द्र अग्रवाल पक्राउ परेका छन् । स्टक ब्रोकर कम्पनीलाई ठगी गरेको जाहेरीका आधारमा प्रहरीले सोमबार उनलाई पक्राउ गरेको हो । एक स्टक ब्रोकर कम्पनीसँग उनको करिब २२ करोड लेनदेनको विवाद थियो । अग्रवालले कम्पनीलाई तिर्नुपर्ने पैसा नतिरेर ठगी गरेको जाहेरी परेपछि प्रहरीले उनलाई पक्राउ गरेको हो ।

नेपाल विद्युत प्राधिकरण
ग्रिड संचालन विभाग

राष्ट्रिय प्रतिस्पर्धात्मक दरभाउपत्र आव्हान

(प्रथम पटक प्रकाशित मिति २०८२/ ०४/०६)

क्र.सं	कार्यको विवरण	लागत अनुमान रकम (मु.अ.कर समेत)	दरभाउपत्र नं.	सिलबन्दी दरभाउपत्र अन्तिम बिक्रि मिति	सिलबन्दी दरभाउपत्र दाखिला मिति, खोल्ने समय र स्थान	सिलबन्दी दरभाउपत्र को रकम	बिडबण्ड (बैंक डिपोजिट)	सिलबन्दी दरभाउपत्र उपलब्ध हुने स्थान	बैंक खाता नं.
१	Protection Shear Wall Construction for Ground Clearance by Land Cutting Area under (Trishili 3A-Matatirtha 220 KV Transmission Line at Sole near Tower No. 20, Nuwakot District.	रु.१३,५८,००७।२३	Sealed Quotation No: KGD-SQC-01-2082/083	E-Bid only & as per PPMO	प्रथम पटक प्रकाशित मितिले १६ औं दिनको १२:०० बजे सम्म। खोल्ने समय: सोही दिन दिनको १३:०० बजे। स्थान: काठमाण्डौं ग्रिड महाशाखा, मिनभवन,काठमाण्डौं।	१,०००।००	बोलपत्र फारममा उल्लेख भए बमोजिम	PPMO's e-GP www.bolpatra.gov.np/egp	काठामाण्डौं ग्रिड महाशाखा, धरौटी खाता न.: ००२०१०१७५०५४२२ नबिल बैंक बानेश्वर, काठमाण्डौं ।

विस्तृत जानकारीको लागि:सम्बन्धित कार्यालय काठमाण्डौं ग्रीड महाशाखाको टेलिफोन नं. ०१-४१०६९७९ मा सम्पर्क गर्न सकिन्छ ।

नोट: शिलबन्दी बोलपत्र दाखिला गर्दा फर्म/कम्पनी व्यक्तिको नाम, पद आदी खुलाई निजको सही प्रमाणित गरेको अधिकार पत्र, बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र, इजाजत पत्र, आयकर प्रमाण पत्र, आ.व. २०८०/०८१ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

■ आर्थिक वर्ष ०८०/८१ मा वाणिज्य बैंकको वासलात

कर्जा चार खर्ब, निक्षेप ७.७६ खर्ब बढ्यो

कर्जाको तुलनामा झन्डै चार खर्ब निक्षेप संकलन भएकाले बैंकहरूलाई वर्षैभर तरलता व्यवस्था गर्न सकस, राष्ट्र बैंकले निरन्तर तरलता प्रशोचन गरे पनि सुल्झिएन समस्या

नयाँ पत्रिका

गत आर्थिक वर्ष ०८१/८२ मा वाणिज्य बैंकहरूको कर्जा प्रवाह चार खर्ब तीन अर्ब ६४ करोड रुपैयाँ वृद्धि भएको छ । नेपाल बैंकर्स संघका अनुसार असार ०८१ सम्म कुल कर्जा प्रवाह ४५ खर्ब ७० अर्ब ९१ करोड रहेकोमा असार ०८२ मा ४९ खर्ब ७४ अर्ब ५५ करोड रुपैयाँ पुगेको हो ।

आर्थिक शिथिलताका कारण अघिल्लो आव ०८०/८१ सम्म कर्जा प्रवाह सुस्त थियो । सो वर्ष दुई खर्ब ५२ अर्ब ९६ करोड कर्जा प्रवाह भए पनि त्यसको तुलनामा गत आवमा केही सुधार भएको छ । तर, बढ्दो तरलता व्यवस्थापन गर्न राष्ट्र बैंक र २० वाणिज्य बैंकलाई सकस भइरहेको छ । राष्ट्र बैंकले गत आवमा साढे १२ प्रतिशतले कर्जा प्रवाह बढाउने लक्ष्य लिएको थियो । तर, ८.८३ प्रतिशतले मात्रै कर्जा वृद्धि हुँदा तरलता व्यवस्थापन हुन नसकेको हो । ऋण लिने व्यक्ति तथा संस्थाहरूमा 'कन्फिडेन्स' बढ्न नसक्दा कर्जाको माग बढ्न नसकेको विज्ञहरू बताउँछन् ।

गत आवमा आयात र सेयर खरिदमा मात्रै कर्जाको माग बढेको बैंकर्स संघको तथ्यांक छ । ब्याजदर ज्यादै न्यून विन्दुमा आएका वेलासमेत कर्जाको माग नबढ्दा थप चिन्तित तुल्याएको संघको भनाइ छ ।

तथ्यांकअनुसार गत आवमा साउनमा दुई अर्ब, भदौमा ५३ अर्ब र असोजमा ५६ अर्ब कर्जा प्रवाह भएको थियो । कात्तिकमा दुई अर्ब मात्रै कर्जा प्रवाह हुँदा मंसिरमा ४२ अर्ब, पुसमा ९४ अर्ब, माघमा १२ अर्ब, फागुनमा २३ अर्ब र चैतमा ६५ अर्ब कर्जा प्रवाह भएको संघको तथ्यांक छ । त्यस्तै, वैशाखमा चार अर्ब, जेठमा ३६ अर्ब र असारमा २७ अर्ब रुपैयाँ कर्जा दिएको संघले जनाएको छ ।

■ गत आर्थिक वर्षमा संकलित वाणिज्य बैंकहरूको निक्षेप विवरण

कृषि विकास बैंक	४९.९७
सिटिजन्स बैंक	२२.४१
एभरेष्ट बैंक	६७.८५
ग्लोबल आइएमई	७०.१६
हिमालयन बैंक	१५.३४
कुमारी बैंक	२८.८६
लक्ष्मी सनराइज	३८.२२
माछापुच्छ्रे बैंक	२४.५१
नबिल बैंक	६३.४८
नेपाल बैंक	५०.७२
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक	६९.४९
एसबिआई बैंक	२४.०९
एनआइसी एसिया बैंक	३६.०५
एनएमबि बैंक	५६.५६
प्रभु बैंक	३५.८६
प्राइम कमर्सियल बैंक	५२.५२
राष्ट्रिय वाणिज्य बैंक	६४.८४
सानिमा बैंक	२६.१०
सिद्धार्थ बैंक	३८.५१
स्ट्यान्डर्ड चार्टर्ड बैंक	१२.५८

■ अघिल्लो वर्षभन्दा एक खर्बले बढ्यो निक्षेप

तथ्यांकअनुसार गत आवमा वाणिज्य बैंकहरूमा रहेको निक्षेप सात खर्ब ७६ अर्ब रुपैयाँले बढेको छ । अघिल्लो आव ०८०/८१ मा भने ६ खर्ब ६८ अर्ब ८२ करोड रुपैयाँले निक्षेप बढेको थियो ।

असार ०८१ सम्म वाणिज्य बैंकहरूमा ५७ खर्ब ५४ अर्ब ७७ करोड रुपैयाँ निक्षेप थियो । असार ०८२ सम्म आउँदा ६५ खर्ब ३० अर्ब ७९ करोड रुपैयाँ पुगेको छ । असारमा मात्रै दुई खर्ब ७२ अर्ब ६३ करोड रुपैयाँ निक्षेप बढेको संघले जनाएको छ । मुख्यतः असारमा उच्च सरकारी खर्च भएकाले वर्षान्तमा निक्षेप उच्च भएको हो । यो वर्ष रेमिट्यान्ससमेत उच्च मात्रामा भित्रिएकाले निक्षेप बढेको हो ।

गत आवको पहिलो महिना साउनमा ३९ अर्ब रुपैयाँले निक्षेप घटेको थियो । तर, भदौमा ७३ अर्ब र असोजमा एक खर्ब ३३ अर्बले निक्षेप बढेको थियो । कात्तिकमा पुनः १९ अर्ब रुपैयाँले निक्षेप घट्यो । त्यसयता भने निरन्तर निक्षेप बढ्दै आएको छ ।

तथ्यांकअनुसार मंसिरमा ३३ अर्ब, पुसमा ५१ अर्ब, माघमा नौ अर्ब, फागुनमा ४० अर्ब र चैतमा ८३ अर्ब निक्षेप थपिएको थियो । वैशाखमा २३ अर्ब, जेठमा एक खर्ब १५ अर्ब र असारमा दुई खर्ब ७३ अर्ब निक्षेप बढेको संघले जनाएको छ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
सुशील कोईराला प्रखर क्यान्सर अस्पताल
खजुरा, बाँके

आधिकारिक प्रतिनिधि (बिक्रेता) मा सुचिकृत हुन र दररेट पेश गर्ने सिलबन्दी दरभाउँ पत्र सम्बन्धी सूचाना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०४/०६

यस अस्पतालको संचालनका लागि प्रयोगमा रहेका तपसिल बमोजिमका मेशिनरी उपकरणमा प्रयोग हुने केमिकल,रिएजेन्ट तथा किटहरू, प्रोप्राइटरी मालसामानहरू (Close Item) को रुपमा आ.व. २०८२/०८३ मा खरिद गर्नका लागि सम्बन्धित उत्पादक कम्पनीका आधिकारीक बिक्रेता (प्रोप्राईटरहरू) को सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (ग) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (६) बमोजिम सुचिकृत हुन आधिकारीक बिक्रेताले, नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, सम्बन्धित कम्पनीको आधिकारीक बिक्रेता पत्र, पछिल्लो आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरू सहित उल्लेखित मेशिनमा लाग्ने केमिकल तथा किटहरूको दररेट सूचना प्रकाशित मितिले १५ दिन भित्र कार्यालय खुलेको दिन सुशील कोईराला प्रखर क्यान्सर अस्पताल खजुरा बाँकेमा दर्ता गराउँनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

S.N	NAME OF EQUIPMENT	Remarks
1	RANDOX DAYTONA+FULLY AUTOMATED BIOCHEMISTRY ANALYZER WITH ALL ACCESSORIES	
2	EXIAS E1 ELECTROYTE ANALYER WITH ALL ACCESSORIES	
3	BECKMAN COULTER ACCESS TO CLIA WITH ALL ACCESSORIES	
4	MISPA I3 PROTEIN ANALYSER WITH AALL ACCESSORIES	
5	MISPA CLOG+ COAGLOMETER WITH ACCESSORIES	
6	WONDFO COAGLOMETER WITH ACCESSORIES	
7	SANSURE PCR KIT WITH ALL ACCESSORIES	
8	YUMIZEN H550 HEMATOLOGY COLTER 6 PARTS WITH ACCESSORIES	
9	LBC MACHINE WITH ACCESSORIES	
10	VITEK2 COMPACT MICROBILOGY ANALYSER WITH ACCESSORIES	
11	BIO MERIEUX BACT/ ALERT 3 D BLOOD CULTER ANALYSER WITH ACCESSORIES	
12	ABG MACHINE ADAN WONDFO	
13	MINDRAY FULLY AUTOMATED BIOCHEMISTRY ANALYZER	
14	ABBOTT FULLY AUTOMATIC CLIA	
15	MINDRA FULLY AUTOMATED HEMATOLOGY ANALYZER CBC 7 PARTS (BC-780)	
16	Medical x-Ray film 8x10 DRY VIEW CARESTREAM	
17	Medical x-Ray Film 10x12 DRY VIEW CARESTREAM	
18	Medical CT Film 14x17 SD-S Konoka Milonta	

उल्लेखित सामान आपूर्ति गर्ने एक भन्दा बढी सोही कम्पनीका आधिकारीक बिक्रेताबाट दररेट पेश हुन आएमा आइटम वाईज मूल्यांकन गरी कम दररेट कबोल गर्ने आपूर्ति कर्तासंग सम्झौता गरी सामान आपूर्तिको व्यवस्था गरिने छ । आवश्यक कागजात पेश नगरेको र म्याद नाघी आएका निवेदन उपर कुनै कारवाही गरिने छैन । बिस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । साथै फर्म आंशिक/पुरा स्वीकृत वा अस्वीकृत अथवा रद्दा गर्ने अधिकार कार्यालयमा रहने छ ।

डा.ज्वलन्त पौडेल (नि.कार्यकारी निर्देशक)

सानिमा बैंकको अनलाइन ई-कम कार्ड टपअप

काठमाडौं/ सानिमा बैंकले ई-कम भिसा कार्ड प्रयोगकर्ताका लागि अनलाइनमार्फत कार्डमा टपअप गर्न मिल्ने सुविधाको सुरुवात गरेको छ। ई-कम भिसा कार्ड प्रयोगकर्ताले अब आफूलाई पायक पर्ने जुनसुकै समय र स्थानबाट सानिमा युएसडी ई-कम भिसा कार्डमा टपअप गर्न सक्नेछन्। ग्राहकले सानिमा सजिलो ई-बैंकिङ एप वा बैंकको आधिकारिक वेबसाइटमा अनलाइन सर्भिसेसअन्तर्गतको कार्ड सर्भिसबाट (ई-कम अनलाइन पेमेन्ट)मा आफ्नो विवरण राखेर टपअप गर्न सक्नेछन्। ग्राहकले बैंक खातामा रजिस्टर भएको मोबाइल नम्बर वा इमेल, बचत खाता नम्बर र उपलब्ध क्याप्चा राखेर टपअपको प्रक्रिया अगाडि बढाउन सक्नेछन्।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी कम्पनी: कोर्खाली मल्टिपर्पोज प्रा. लि.**, संचालक तथा जमानीकर्ता: कमल घिमिरे दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा, दर्ता नं. २२५७५८/०७६/०७७, दर्ता मिति: २०७६/०६/०८, ठेगाना: जिल्ला झापा, कमल गा.पा. वडा नं. ३
	२) ऋणी फर्म: कोर्खाली फिड्स सप्लायर्स एण्ड ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता: कमल घिमिरे दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, झापामा, प्रा.फ.र.न. १०६/७१०२/२०७१/५/१०, दर्ता मिति: २०७१/०५/१०, ठेगाना: जिल्ला झापा, तोपगाछी गा.वि.स वडा नं.७
२)	**ऋणी: बबिता घिसिङ्ग** स्थायी ठेगाना: सुनसरी जिल्ला, धरान न.पा. वडा नं.१३, हालको ठेगाना: सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९, बाबु: सुरेश कुमार घिसिङ्ग तामाङ्ग, ससुरा: चन्द्रमान तामाङ, पति: प्रवेश मान तामाङ्ग
३)	**१) ऋणी फर्म: भगत कृषि फर्म.**, प्रोप्राईटर तथा जमानीकर्ता: फर्के लाल भगत दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मोरङ विराटनगरमा, प्रा.फ.नं.घ.उ.मो. २१७९४/०७८/०७९, दर्ता मिति: २०७८/०५/१८, ठेगाना: जिल्ला मोरङ, वेलवारी न.पा. वडा नं ९
	२) ऋणी: फर्के लाल भगत (खवास) स्थायी ठेगाना: मोरङ जिल्ला, डाँगीहाट गाउँ पञ्चायत वडा नं ६, हालको ठेगाना: मोरङ जिल्ला, वेलबारी न.पा. वडा नं ९, बाबु: पदम लाल खवास, बाजे: गेनालाल खवास
४)	**१) ऋणी फर्म: बाबा बैधनाथ सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: सोगारत साह कलवार दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ८५४/१९५, दर्ता मिति २०६८/०१/३०, ठेगाना: जिल्ला रौतहट, बसविट्टी जिंगाडिया गा.वि.स. वडा नं. ६
	२) ऋणी फर्म: आरफ कोल्ड स्टोर्स, प्रोप्राईटर तथा जमानीकर्ता: वीणा देवी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ७१६८/८६८/२०१/१३१, गरुडा, दर्ता मिति २०७६/०१/०९, ठेगाना: जिल्ला रौतहट, बसविट्टी जि. गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ८)
५)	**ऋणी: राम भजन यादव** स्थायी ठेगाना: सिरहा जिल्ला, लगडीगोठ गा.वि.स. वडा नं. ८, हालको ठेगाना: सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. २१, बाबु: नेती लाल यादव, बाजे: मातवर यादव
६)	**१) ऋणी फर्म: मञ्जु श्री एण्ड सन्स ट्रेडर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: नीरज मानन्धर दर्ता नं.: वाणिज्य विभाग (फर्म रेजिष्ट्रेशन शाखा) मा प्रा.फ.र.नं. १०६८९२/०६९/७०, दर्ता मिति २०६९/०५/२९, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २०
	२) ऋणी: नीरज मानन्धर स्थायी ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १२, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २० बाबु: लक्ष्मण मानन्धर, बाजे: कर्णलाल मानन्धर
	३) ऋणी: शिव मानन्धर स्थायी ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १२, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २० बाबु: लक्ष्मण मानन्धर, बाजे: कर्णलाल मानन्धर

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/संचालक को परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

शाखा कार्यालय भरतपुर, चितवनको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०४/०६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

जग महराको नाति, सुवा महराको छोरा, पर्सा जिल्ला, भिखमपुर गा.वि.स. वडा नं. ९, स्थित स्थायी ठेगाना भइ हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४ बस्ने **जितेन्द्र राम (ना.प्र.प.नं. १५७०२१४९, पर्सा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. खोभारी महराको नाति, जग महराको छोरा, पर्सा जिल्ला, भिखमपुर गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भइ हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४ बस्ने **सुवा महरा (ना.प्र.प.नं. १५७०१३२८, पर्सा)**
२. जग महराको बुहारी, सुवा महराको पत्नी, पर्सा जिल्ला, धोबिनी गा.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भइ हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४ बस्ने **राधिका चमैन (ना.प्र.प.नं. १५७०१३२९, पर्सा)**
३. जग महराको नाति, सुवा महराको छोरा, पर्सा जिल्ला, भिखमपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भइ हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४ बस्ने **धर्मेन्द्र रामपाल (ना.प्र.प.नं. ३४१०१७/२४९, पर्सा)**
४. जग महराको नाति, सुवा महराको छोरा, पर्सा जिल्ला, भिखमपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भइ हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४ बस्ने **उपेन्द्र राम (ना.प्र.प.नं. ३४१०१७/८७, पर्सा)**
५. सुवा महराको बुहारी, जितेन्द्र रामको पत्नी, पर्सा जिल्ला, भिखमपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भइ हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४ बस्ने **आभा देवी राम (ना.प्र.प.नं. ३४३०१७/१२२, पर्सा)**

२. ऋणीको विवरण

धनसर गुरुङ्गको नाति, विजय बहादुर गुरुङ्गको छोरा, चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **उमेश गुरुङ्ग (ना.प्र.प.नं. ०३१६३२, चितवन)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. धन बहादुर गुरुङ्गको नाति, धनसर गुरुङ्गको छोरा, चितवन जिल्ला, पिठुवा गा.वि.स. वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ११ बस्ने **विजय बहादुर गुरुङ्ग (ना.प्र.प.नं. २७८, चितवन)**
२. धनसर गुरुङ्गको बुहारी, विजय बहादुर गुरुङ्गको पत्नी, चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ११ बस्ने **सर्किनी गुरुङ्ग (ना.प्र.प.नं. १५८४, चितवन)**
३. धनसर गुरुङ्गको नाति, विजय बहादुर गुरुङ्गको छोरा, चितवन जिल्ला, भरतपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **गणेश गुरुङ्ग (ना.प्र.प.नं. ३५९९०४/०४४, चितवन)**
४. धनसर गुरुङ्गको नाति, विजय बहादुर गुरुङ्गको छोरा, चितवन जिल्ला, भरतपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **जनम गुरुङ्ग (ना.प्र.प.नं. ०४०६६७, चितवन)**
५. धनसर गुरुङ्गको नाति, विजय बहादुर गुरुङ्गको छोरा, चितवन जिल्ला, भरतपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **सुनाम गुरुङ्ग (ना.प्र.प.नं. ९९०३/०४४, चितवन)**
६. विजय बहादुर गुरुङ्गको बुहारी, सुनाम गुरुङ्गको पत्नी, चितवन जिल्ला, भरतपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **ज्योति गुरुङ्ग (ना.प्र.प.नं. ३५३०२५/२२६०, चितवन)**
७. विजय बहादुर गुरुङ्गको बुहारी, गणेश गुरुङ्गको पत्नी, चितवन जिल्ला, भरतपुर गा.वि.स./उ.म.न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ११ बस्ने **रमिला गुरुङ्ग (ना.प्र.प.नं. १५३३९, चितवन)**

बिमा सुरक्षाका लागि दुई क्रिकेट कप्तानसँग मेटलाइफको सहकार्य

काठमाडौं/ मेटलाइफ नेपालले नेपाली क्रिकेटका दुई कप्तानसँग सहकार्य गरेको छ। कम्पनीले जीवन बिमा र क्रिकेटजस्ता दुई क्षेत्रलाई एकताबद्ध गर्दै राष्ट्रिय पुरुष र महिला क्रिकेट टोलीका कप्तानहरू रोहित पौडेल र इन्दु बर्मासँग सहकार्य गरेको हो। यसको उद्देश्य बिमालाई सुरक्षा र वित्तीय योजना बनाउने उपकरणका रूपमा प्रवर्द्धन गर्नु रहेको बताइएको छ। यो साझेदारीलाई साझा मूल्य, सहनशीलता, तयारी र भविष्यप्रति चिन्ताको कथाका रूपमा प्रस्तुत गरिएको कम्पनीले जनाएको छ। मेटलाइफले राष्ट्रिय क्रिकेट टोलीहरूलाई बिमा कभरेजमार्फत प्रायोजन पनि गरेको छ।

'राष्ट्रिय टोलीका कप्तानहरू हरेकपटक मैदानमा उत्रिँदा सँगै सम्पूर्ण राष्ट्रको आशा बोकिरहेका हुन्छन्, त्यसैले जिम्मेवारी र सुरक्षाको महत्त्व बुझाउन उनीहरू नै उपयुक्त माध्यम हुन्,' मेटलाइफ नेपालका मार्केटिङ तथा कम्युनिकेसन प्रमुख अंकित राजभण्डारीले भने, 'सबै नेपाली परिवार र भविष्यको सुरक्षासम्बन्धी हाम्रो सन्देश रोहित र इन्दुका माध्यमबाट फैलाउन पाउँदा हामी उत्साहित छौं।'

Request for Proposals – Group Term Life Insurance Policy for Staff

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for insurance services regarding Group Term Life Insurance where the coverage of NPR. 1,000K per staff to be made for 2401 Staffs where the coverage for all causes of death must be covered with no additional riders required.

Terms and Conditions

1. Bidders must submit following documents:
   a) PAN/VAT Certificate - notarized
   b) Audited Balance Sheet of Last Two years
   c) List of Prime Customers
   d) Firm/Company Registration (renewed)- notarized
   e) Tax clearance certificate (updated) - notarized
   f) Company profile with brief introduction of promoters and key management team
   g) Self- declaration not being black listed or under any legal prosecution.
2. The sealed quotation should be submitted in an envelope addressing Administration Department, Nabil Bank Ltd, with name of the bidder's firm and address. Sealed quotation should reach to the Bank's Head Office, **Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than 4:00 PM, 5th August 2025 (Shrawan 20th, 2082). Bid documents received after this deadline will not be accepted.
3. The bid shall be opened on 11:00 AM, 6th August 2025 (Shrawan 21st, 2082) at Bank's Head Office, Administration Department, Ghantaghar Building, Kathmandu, Nepal.
4. In case the last day of bid submission/ opening falls on a government holiday, then the next working day shall be applicable for the same.
5. The bank reserves the right to accept or reject in part or whole of any sealed quotation without assigning any reason whatsoever and will not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

कर्जा सुरक्षण बापतको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति: २०८२/०४/०६

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) को शाखा कार्यालय नेपालगञ्जबाट तपाई ऋणीले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखिक तथा घर ठेगानामा आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बस्नु भएकोले कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु नबुझाएमा प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा. वडा नं. २, सुर्खेतरोड स्थित शाखा कार्यालयमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । साथै तपसिल बमोजिमको धितोबाट यस वित्तीय संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको अन्य जायजेथा घर घराना, चल अचल सम्पत्ति बाट समेत असुल उपर गरिने तथा नेपाल राष्ट्र बैंकको निर्देशनुसार कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत नाम समावेश गरिने व्यहोरा सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण :
१. नामः रामसिंग थारु, ठेगानाः बर्दिया जिल्ला कालिका गा.वि.स वडा नं. २, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बढैंयाताल गाउँपालिका वडा नं. ७, बस्ने, बाबुः श्रीराम थारु, बाजेः लक्ष्मी नारायण थारु, ना.प्र.नं. २०४३, जारी मितिः २०४५/०१/१६ जि.प्र.का. बर्दिया कर्जाः व्यक्तिगत ।

सुरक्षण बापत धितोको विवरण:
लक्ष्मी नारायण थारुको नाति श्रीराम थारुको छोरा बर्दिया जिल्ला कालिका गा.वि.स वडा नं. २, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बढैंयाताल गाउँपालिका वडा नं. ७, बस्ने रामसिंग थारुको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियामा एकलौटी दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला कालिका गा.वि.स वडा नं. २, को सिट न.०३४/०९९६ को कित्ता नं. १२२२ को क्षेत्रफल ०१७३७.५ बर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।

व्यक्तिगत जमानीकर्ता:
१. नामः दशनी थरुनी, ठेगानाः बर्दिया जिल्ला मोहमदपुर गा.वि.स वडा नं. ८, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बढैंयाताल गाउँपालिका वडा नं. ७ बस्ने, बाबुः धनिराम थारु, ससुराः श्रीराम थारु, पतिः रामसिंग थारु, ना.प्र.नं. ५७०/७५९, जारी मितिः २०४५/०१/०१ जि.प्र.का. बर्दिया ।
२. नामः जितेन्द्र थारु, ठेगानाः बर्दिया जिल्ला कालिका गा.वि.स वडा नं. २, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बढैंयाताल गाउँपालिका वडा नं. ७ बस्ने, बाबुः रामसिंग थारु, बाजेः श्रीराम थारु, ना.प्र.नं. ६५१००९/११२६, जारी मितिः २०६८/०५/१८, जि.प्र.का. बर्दिया ।
३. नामः राकेश राजवंशी, ठेगानाः बर्दिया जिल्ला कालिका गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बढैंयाताल गाउँपालिका वडा नं. ७ बस्ने, बाबुः रामसिंग थारु, बाजेः श्रीराम थारु, ना.प्र.नं. ६५-०१-७१-००४५०, जारी मितिः २०७१/०१/२४ जि.प्र.का. बर्दिया ।
४. नामः गिता थारु, ठेगानाः बर्दिया जिल्ला बाँसगढी नगरपालिका वडा नं. २, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बढैंयाताल गाउँपालिका वडा नं. ७ बस्ने, बाबुः शुशिल थारु, ससुराः रामसिंग थारु, पतिः राकेश राजवंशी, ना.प्र.नं. ६५-०२-७६-००१७१, जारी मितिः २०७६/०१/२२, जि.प्र.का. बर्दिया ।
५. नामः ज्ञानेन्द्र थारु, ठेगानाः बर्दिया जिल्ला कालिका गा.वि.स वडा नं. २, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला बढैंयाताल गाउँपालिका वडा नं. ७ बस्ने, बाबुः सिरि राम थारु, बाजेः लक्ष्मी नारायण थारु, ना.प्र.नं. ६५१००९/५९९, जारी मितिः २०६६/०८/१०, जि.प्र.का. बर्दिया ।
६. नामः वीर बहादुर चौधरी, ठेगानाः बर्दिया जिल्ला कालिका गा.वि.स वडा नं. ३, स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला गुलरिया नगरपालिका वडा नं. ८ बस्ने, बाबुः दुखौ थारु, बाजेः दुवर थारु, ना.प्र.नं. १/२७८६, जारी मितिः २०५२/०९/२४ जि.प्र.का. बर्दिया ।

लिलामी बिक्री सम्बन्धी शर्तहरुः
- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र प्राप्त भई सक्नु पर्नेछ । सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुने छैन । उल्लेखित समय भित्र प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा (सो दिनमा बिदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको शाखा कार्यालय, नेपालगञ्जमा खोलिने छ ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम ठेगाना, नागरिकताको प्रतिलिपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरी आफुले सो अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं. १८०८००००००००००१००४ Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Payment चेक जम्मा गर्नु पर्नेछ । उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ । धरौटी रकम फिर्ता गरिदा धरौटी रकमको ब्याज दिईने छैन ।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने व्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो अचल सम्पत्ति बिक्री गरिनेछ ।
- लिलाम बिक्री हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ । सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ । तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको शाखा कार्यालय, नेपालगञ्ज, बाँकेमा सम्पर्क राख्न सक्नुहुनेछ ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने ब्यहोरा समेत सूचित गरिन्छ ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको शाखा कार्यालय नेपालगञ्ज, बाँकेमा सम्पर्क राख्न सक्नु हुनेछ ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था
केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

एनआइसी एसिया बैंकको २८ वर्ष पूरा



काठमाडौं/ एनआइसी एसिया बैंकले सोमबारदेखि स्थापनाको २८ वर्ष पूरा गरेको छ। सहज, सबल, गतिशील, विश्वसनीय र उत्तरदायी बैंक बन्ने यात्रामा समर्पित बैंकले विविध कार्यक्रम गरी वार्षिकोत्सव मनाउँदै छ। यस यात्रामा 'बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि' बन्न योगदान दिने ग्राहक, नियामक निकाय, सेयरधनीलगायतमा बैंकले आभार प्रकटसमेत गरेको छ।

साथै, बैंकले आगामी दिनमा अझ विश्वस्तरीय, अत्याधुनिक, प्रविधिमैत्री, ग्राहकमैत्री तथा अनुकरणीय अनुभवसहितको बैंकिङ सेवा एवं सुविधा प्रदान गर्दै ग्राहकको पहिलो रोजाइ बन्ने प्रतिबद्धतासमेत जनाएको छ।

बैंकले 'डिजिटल फर्स्ट'लाई प्राथमिकता दिँदै आएको जनाएको छ। स्थापनाकालदेखि हालसम्म आइपुग्दा देशभरका तीन सय ६० शाखा कार्यालय, ६ सय ७० एटिएम, एक सय १६ वटा विस्तारित काउन्टर एवं ४२ वटा शाखारहित शाखा सञ्जालबाट ग्राहकलाई सेवा दिँदै आएको छ।

'देशको अर्थतन्त्रको सबलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैंकिङको अभ्यास गर्दै डिजिटल भुक्तानीलाई अझ सशक्त बनाउँदै वित्तीय समावेशीकरणका लागि मुगु, कालीकोट, बझाङ, रुकुम, जुम्ला, सल्यानजस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लामा समेत शाखा विस्तार गरी निर्बाध रूपमा बैंकिङ सेवा देशको कुना-कुनामा पुऱ्याउन सफल भएका छौं,' बैंकले भनेको छ।

'ग्लोबल आइएमई समुन्नत योजना-२' को इकाइ बाँडफाँट

काठमाडौं/ 'ग्लोबल आइएमई समुन्नत योजना-२' को इकाइ बाँडफाँट भएको छ। ग्लोबल आइएमई म्युचुअल फन्डअन्तर्गत ग्लोबल आइएमई क्यापिटलले २२ देखि २७ असारसम्म प्रतिइकाइ १० रुपैयाँका दरले कुल १२ करोड इकाइ बिक्रीमा ल्याएको थियो। बिक्री अवधिभर लगानीकर्ताबाट मागभन्दा बढी इकाइका लागि आवेदन परेपछि नियमानुसार जारी इकाइको २५ प्रतिशत अर्थात् तीन करोड इकाइ थप गरी कुल १५ करोड इकाइ बाँडफाँट गरिएको क्यापिटलले जनाएको छ।

१५ करोड इकाइमध्ये १५ प्रतिशत बीज पुँजीमध्ये दुई करोड २५ लाख इकाइ कोष प्रवर्द्धकलाई र १.५ प्रतिशत अर्थात् २२ लाख ५० हजार इकाइ योजना व्यवस्थापकलाई सुरक्षित गरी बाँकी रहेको १२ करोड ७५ लाख इकाइ सर्वसाधारणमा २ साउनमा वितरण गरिएको हो। रीतपूर्वक आवेदन दिने ३५ हजार सात सय ४८ जनालाई मागबमोजिम ११ करोड नौ लाख २६ हजार १० इकाइ र दुईजनालाई समानुपातिक रूपमा एक करोड ६५ लाख ७३ हजार नौ सय ९० इकाइ बाँडफाँट गरिएको बताइएको छ। यो १० वर्षे अवधिको बन्दमुखी योजना हो।

पोखरा-समृद्धि फाइनान्स मर्ज हुने

कास्की/ कास्कीको पोखरामा केन्द्रीय कार्यालय रहेको पोखरा फाइनान्स र मकवानपुरको हेटौंडामा केन्द्रीय कार्यालय रहेको समृद्धि फाइनान्स कम्पनी मर्ज हुने भएका छन्। यी दुई संस्थाले मर्ज हुनका लागि आइतबार एक-आपसमा गाभ्ने-गाभिने (मर्जर)सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरेका हुन्। एक सेयरबराबर एकको स्वाप रेसियोमा मर्ज हुन लागेका दुई संस्थाले मर्जरपछि पोखरा फाइनान्सको नामबाट एकीकृत कारोबार गर्ने सम्झौतामा उल्लेख छ।

भूमि विधेयकमा...

पृष्ठ १ बाट क्रमशः

फास्ट ट्र्याकमा पारित गर्ने हतारोमा छ।

गत २३ वैशाखमा प्रतिनिधिसभामा पेस भएको 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२' अहिले स्वार्थसमूहको लबिङमा अगाडि बढाउने प्रयास भएको हो। जसमा प्रधानमन्त्री केपी ओली र एमालेको विशेष चासो छ। विधेयक संसद्‌बाट जस्ताको तस्तै पास भएर ऐन जारी भए ठुलो क्षति हुने भन्दै सत्तारूढ कांग्रेसले समितिमा गम्भीर छलफल गर्नुपर्ने अडान दोहोर्‍याएको छ।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहित कांग्रेस सांसदले हदबन्दी छुटको जग्गा बिक्री गर्न पाउने गरी प्रस्तावित प्रावधान सच्याउन सोमबार संशोधन राखेका छन्। भूमि व्यवस्थामन्त्री बलराम अधिकारीसँगको छलफलमा उनीहरूले भूमि विधेयकमा आमप्रश्न उठेकाले समितिमा पर्याप्त छलफल गरी सर्वस्वीकार्य बनाउनुपर्ने माग गरेका हुन्। पहिले कृषि, उद्योगलगायत अन्य प्रयोजनका लागि छुट वा स्वीकृति लिएको जग्गामा घरजग्गा व्यवसाय गर्न, घडेरी वा त्यस्तो घडेरीमा घर आवास एकाइ (अपार्टमेन्ट) निर्माण बेचबिखन गर्न नपाइने, जग्गाको प्रकृति, क्षेत्रफल, मूल्यांकन, आवाद कमोतको अवधि र अन्य सहरी क्षेत्रमा घर, घडेरी भए-नभएको समेत हेरेर मात्र अव्यवस्थित बसोवासीलाई जग्गा दिनुपर्ने र वन-निकुञ्ज क्षेत्र जनिएको जग्गा खाली भए पनि वन र निकुञ्ज क्षेत्रमै कायम गर्नुपर्ने तीन संशोधन कांग्रेसले हालेको छ। अन्य विपक्षी दलले पनि संशोधन हालेका छन्।

ओली सरकारले सुरुमा अध्यादेशमार्फत कानुन ल्याउने कदम लिएको थियो। तर, अध्यादेश निष्क्रिय भएपछि २३ वैशाखमा विधेयक ल्याएको थियो। विधेयकमा पनि अध्यादेशकै प्रावधान हुबहु राखिएपछि विवादित बनेको हो। तर, सरकार भने सांसदहरूको संशोधन प्रस्तावलाई बेवास्ता गर्दै फास्ट ट्र्याकमा सदनबाट पारित गराउन खोजिरहेको छ।

यसअघि विधेयक पारित गर्न दुईपटक कार्यसूचीमा राखे पनि सत्तारूढ कांग्रेस र विपक्षी दलहरूको विरोधका कारण रोकिएको थियो। पछिल्लोपटक २५ असारमा कार्यसूचीमा राखिएको विधेयक कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माको सार्वजनिक चेतावनीपछि रोकिएको थियो। कांग्रेसको असहमतिबिच ओलीले विधेयक पारित गर्ने गरी कार्यसूचीमा राख्न अघिल्लो दिन नै लगाएका थिए। आफ्नो आवाज नसुनिएपछि ट्विटरमार्फत असन्तुष्टि जनाएका महामन्त्री शर्माले विधेयक अगाडि बढाए फ्लोरबाटै प्रतिवाद गर्ने चेतावनी दिएपछि सरकार पछि हटेको थियो। त्यतिवेलै शर्माले विधेयक समितिमा पठाएर समृद्ध बनाउनुपर्ने कांग्रेसको संस्थागत धारणा रहेको जानकारी गराएका थिए।

त्यसअघि १४ जेठमा पनि विधेयक पारित गर्न कार्यसूचीमा राखिएको थियो। तर, विपक्षीको अवरोधका कारण रोकिएको थियो। प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानमन्त्रीलाई फोन गरेर विधेयक समितिमा पठाउन ध्यानाकर्षण गराएका थिए।

भूमि विधेयकमा हालसम्म ५५ वटा संशोधन परेको छ। कांग्रेसबाट १५ सांसदले संशोधन प्रस्ताव दर्ता गराएका छन्। कांग्रेसले आफ्ना संशोधन समेट्नुपर्ने र समितिमा लगेर छलफल गर्नुपर्ने माग अघि सारेपछि सोमबार भूमिमन्त्री अधिकारीले संशोधनकर्ता सांसदसँग छलफल गरे। कांग्रेस संसदीय दलको कार्यालयमा भएको छलफलमा महामन्त्री गगन थापा, प्रमुख सचेतक श्याम घिमिरे, गृहमन्त्री रमेश लेखक, संशोधनकर्ता सांसदहरू राजन केसी, दिलेन्द्र बडू, प्रतिमा गौतम, सरस्वती बजिमय, मैना कार्की, आशा विक, रमा कोइराला, सीता मिजार, नागिना यादवलगायत सहभागी थिए। छलफलमा एमाले प्रमुख सचेतक महेश बर्तौला पनि सहभागी थिए।

संशोधनकर्ता सांसद राजन केसीले विधेयक समितिमै लगेर छलफल गर्नुपर्ने आफूहरूको धारणा भएको बताए। 'महामन्त्री गगन थापाले भूमि विधेयकमा सर्वत्र चासो र चिन्ता छ। जनताको चासो भएकाले समितिमा लगेर व्यापक छलफल हुनुपर्छ। हामीले संशोधन राखेका छौं, यसको औचित्य यो हो भनेर भन्न पाउनुपर्छ। समितिमा जाँदा अझ महत्त्व हुन्छ। सर्वस्वीकार्य हुन्छ। व्यापकता हुन्छ। संशोधनकर्तासँग छलफलमार्फत अझ प्रचार-प्रसार गरेर जनतामा राम्रो सन्देश जान्छ भनेर राख्नुभयो,' केसीले भने।

भूमिमन्त्री अधिकारीले कांग्रेसले राखेका संशोधन स्वीकार गर्ने प्रतिबद्धता जनाउँदै विधेयक छिटो पारित गर्न जोड दिएका थिए। 'सरकारको धारणाअनुसार भूमि आयोग बनेका छन्। विधेयक समितिमा लग्यो भने यो अधिवेशनमा ल्याउन भ्याइँदैन। हिउँदे अधिवेशनमा पुग्छ। विधेयकमा सबैको संशोधन एड्रेस हुन्छ भने समितिमा किन जाने ? अध्यादेश निष्क्रिय भएकाले थाँती रहेका काम अलि छिटो गर्न सकिन्थ्यो, संशोधनहरू स्वीकार्न तयारै छौं भन्ने छ,' केसीले भने। उनका अनुसार मन्त्री अधिकारीले संशोधन स्वीकार्ने बताएको र संशोधन समेटेर सरकारले मस्यौदा प्रस्तुत गर्ने सहमति जुटाएको छ।

कांग्रेस सांसद मैना कार्कीले विधेयकमा संशोधन गर्ने कुरा भएको बताइन्। 'विधेयकमा संशोधन हाल्ने माओवादी, उपेन्द्र यादवलगायतसँग पनि छलफल गर्ने र संशोधन गर्ने कुरा भएको छ। विधेयक राम्रो बनाउनुपर्छ भन्ने हाम्रो जोड हो,' उनले भनिन्।

संशोधनकर्ता सीता मिजारका अनुसार सांसदहरूले विधेयकमा सरकारबाटै जालझेल र त्रुटि भइरहेको भन्दै अब भूमि विधेयक स्वीकार्य नहुने चेतावनी दिएका थिए। 'छलछाम गर्ने, तलमाथि हुने धेरै भयो। त्यसैले अब हामीलाई विश्वास छैन। सबै हेरेर क्रसचेक गरेपछि मात्रै हामी अगाडि बढ्न सक्छौं। किनभने हामीलाई धेरै धोका भइसक्यो। धेरै नराम्रो म्यासेज गइसक्यो भन्ने कुरा उठेको हो,' उनले भनिन्। मिजारका अनुसार महामन्त्री थापाले अव्यवस्थित बसोवासीलाई भूमिहीन र सुकुमबासीबाट छुट्याउनुपर्ने, एकै ठाउँमा जोड्न नपाइने धारणा राखेका थिए। त्यस्तै, निकुञ्जको जग्गा निकुञ्जकै रूपमा रहन दिनुपर्ने बताएका थिए।

'महामन्त्रीले विधेयक राम्रो बनाएर जानुपर्छ भन्नुभयो। मन्त्रीज्यूले कांग्रेसले राखेका मध्ये कतिपय यो विधेयकमा संशोधन छैन, यसलाई गर्न सकिन्न भन्ने कुरा गर्नुभयो,' सांसद मिजारले भनिन्। संशोधन गर्न नसकिने कुरालाई समितिबाट दफाबार छलफलमार्फत समेट्न खोजेको जवाफ कांग्रेस सांसदहरूले दिएका थिए। 'यसलाई गर्न नसकिने भएकै कारण हामीले यो समितिमार्फत छलफल गरेर जानुपर्छ भन्यौं। बरु छोटो तरिकाले लान सकिन्छ, यसमा राष्ट्रपतिको पनि कन्सर्न छ। यो विवादकै कारण अध्यादेश फिर्ता भएकाले समितिमै बसेर व्यापक छलफल गर्नुपर्छ भन्यौं,' उनले भनिन्।

महामन्त्री थापाले विपक्षीसहित मधेशकेन्द्रित दलसँग पनि छलफल गर्न सरकारको ध्यानाकर्षण गराएका थिए। 'महामन्त्रीले हामी मात्र होइन, अरू पार्टीहरूको पनि संशोधन छ, तराईको विभिन्न समस्या छन्। तराईको मान्यज्यूहरूसँग सोध्नुस्, छलफल गर्नुस्। सबै सांसदसँग व्यापक छलफल गर्नुस्। सबैलाई समेटेर लानुपर्छ भन्ने कुरा छ, महामन्त्रीलगायतको पार्टीको,' उनले भनिन्।

महामन्त्री थापाले भूमि विधेयकको प्रस्तावित प्रावधान नबुझेर अनावश्यक राजनीतिक मुद्दा बनेको भन्दै यसलाई बुझाउन पनि समितिमै लानुपर्नेमा जोड दिएका थिए। कांग्रेस सांसदहरूले अध्यादेशपछि सरकारले जग्गा बाँड्न ल्याएको नियमावलीमा उल्लेखित मापदण्ड पनि त्रुटिपूर्ण र कानुनी छिद्रहरू रहेको भन्दै त्यसलाई ऐनबाटै सच्याउनुपर्ने धारणा राखेका थिए। सांसदहरूले आफ्नो संशोधन एक अक्षर पनि दायाँबायाँ नगरी जस्ताको तस्तै राख्न मन्त्रीको ध्यानाकर्षण गराएका थिए।

महामन्त्री थापा, सांसद दिलेन्द्र बडू, राजन केसीलगायतले भूमि विधेयकमा राष्ट्रपतिको समेत चासो भएकाले सबै पार्टीलाई मिलाएर सर्वस्वीकार्य बनाउनुपर्नेमा पटक-पटक जोड दिएका थिए। उनीहरूले निजामती विधेयकको कुलिङ पिरियडमा गल्ती भएपछि छानबिन भइरहँदा तपाईंहरूले राष्ट्रिय सभामा किन हटाउनुपर्छ भनेर संशोधन हालेको भनेर प्रश्न गरेका थिए। तर, एमाले मुख्य सचेतक महेश बर्तौलाले कुनै जवाफ दिएनन्।

कांग्रेस सांसदहरूले अव्यवस्थित बसोवासीको समस्या समाधान गर्न प्रदेशसँग पनि समन्वय गर्नुपर्ने धारणा राखेका छन्। 'समितिमार्फत प्रदेशको मान्यजूहरूसँग छलफल गरेर टुंग्याउनुपर्छ भन्ने जोड छ। हरेक कोणले यो समितिमा नगई समृद्ध बन्ने अवस्था छैन। सीधै लाने हो भने भोलि फेस गर्न सक्ने अवस्था हुँदैन,' मिजारले भनिन्, 'तर सरकार आफ्नै हिसाबले यसरी नै भइहाल्यो, सहमति भइहाल्या छ, समेटिहाल्या भनेर अलिकति त्यो टाइपले आएको छ। सजिलो मानेको छैन। तर, अब नमान्नुको विकल्पै छैन। हामी सबै यो इस्युमा क्लियर छौं।'

सांसद हृदयराम थानीले सरकारको कार्यशैलीले भूमि, शिक्षा, संवैधानिक परिषद्, अख्तियार र संघीय निजामती विधेयक विवाद र अलपत्र परेको बताए। संघीय निजामती विधेयकमा तल्लो हाउसमा एउटा सहमति गर्ने र माथिल्लो हाउसमा अर्को संशोधन राख्नुले द्वैध चरित्र देखाएको उनको भनाइ थियो। 'कुलिङ पिरियडमा सत्ताधारीको धारणा फरक देखियो। तल्लो सदनको समितिमा सरकारले सबैका अगाडि दुई वर्ष भनेको हो। माथि हटाउनुपर्छ भनेर आयो,' उनले भने।

यस्तो छ महामन्त्रीद्वयसहित कांग्रेसले राखेको तीन संशोधन

विवादित विधेयकमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहित कांग्रेस सांसदले हदबन्दी छुटको जग्गा बिक्री-वितरण गर्न नपाउने गरी प्रस्तावित प्रावधान सच्याउन संशोधन राखेका छन्।

दफा २ मा घरजग्गा व्यवसायको जग्गा बिक्रीसम्बन्धी व्यवस्था छ। उपदफा ४ मा '...सम्बन्धित निकायबाट घरजग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको नाममा रहेको जग्गा कानुनबमोजिम स्वीकृति प्राप्त गरेको भएमा जग्गा विकास गरी विकसित घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न कुनै बाधा पर्नेछैन' भनिएको छ। यो प्रावधानले हदबन्दी छुटको जग्गा दुरुपयोगको जोखिम रहने भन्दै महामन्त्रीद्वय थापा र शर्माले संशोधन प्रस्ताव राखेका हुन्।

महामन्त्रीद्वय थापा र शर्माले राखेको संशोधन प्रस्तावमा भनिएको छ, 'तर, प्रचलित कानुनबमोजिम हदबन्दीको छुट लिँदा कुनै कृषि फार्म, चिया उद्योगजस्ता व्यावसायिक कृषि उद्योग, प्रतिष्ठान, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि प्रयोजनका लागि भनी छुट लिएको वा स्वीकृति लिएको जग्गा सोही प्रयोजनका लागि तोकिएको सर्तबमोजिम उपयोग नगरी खाली (बाँझो) राखेको वा फरक प्रयोजनमा प्रयोग गरेको वा पछि घरजग्गा व्यवसायको कम्पनी खडा गरी सो कम्पनीको नामबाट उक्त जग्गामा घरजग्गा व्यवसाय गरेको वा त्यस्तो व्यवसाय गर्न स्वीकृति लिएको वा स्वीकृतिका लागि निवेदन दिएको रहेछ भने पनि पहिले कृषि, उद्योगलगायत अन्य प्रयोजनका लागि छुट वा स्वीकृति लिएको सो जग्गामा घरजग्गा व्यवसाय गर्न, घडेरी वा त्यस्तो घडेरीमा घर आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी यस दफाबमोजिम बेचबिखन गर्न पाइनेछैन।'

महामन्त्रीद्वय थापा र शर्माले 'जग्गाको प्रकृति, क्षेत्रफल, मूल्यांकन, आवाद कमोतको अवधि र अन्य सहरी क्षेत्रमा घर, घडेरी भए-नभएकोसमेत हेरेर मात्र अव्यवस्थित बसोबासीलाई जग्गा दिनुपर्ने' संशोधन राखेका छन्। यसैगरी, अव्यवस्थित बसोबासीलाई जग्गा दिने प्रावधानको हकमा एकपटकका लागि भनी उल्लेख गर्नुपर्ने संशोधन राखेका छन्। सरकारले 'अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा जग्गाको प्रकृति, क्षेत्रफल र मूल्यांकनलाई समेत हेरी तोकिएबमोजिम दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउने सक्ने' प्रावधान विधेयकमा प्रस्ताव गरेको छ।

यसैगरी, महामन्त्रीद्वय थापा र शर्माले अव्यवस्थित बसोबासीको नाममा वन क्षेत्रको जग्गा दुरुपयोग हुन सक्ने आशयसहित सच्याउनुपर्ने प्रस्ताव गरेका छन्। सरकारले वन क्षेत्रको जग्गा पनि अव्यवस्थित बसोबासीलाई दिन सक्ने खुकुलो प्रावधान विधेयकमा राखेकोमा उनीहरूले वन/निकुञ्ज क्षेत्र जनिएको जग्गा खाली भए पनि वन र निकुञ्ज क्षेत्रमै कायम गर्नुपर्ने संशोधन राखेका छन्। विधेयकमा यस्तो जग्गा नेपाल सरकारको नाममा ल्याउने प्रस्ताव छ।

जग्गासम्बन्धी कानुनमा ०७२ देखि नै ओलीको विशेष 'सक्रियता'

हदबन्दीसम्बन्धी जग्गा तथा भूमिसम्बन्धी कानुन संशोधनमा ०७२ मा प्रधानमन्त्री हुँदादेखि नै केपी ओलीको विशेष चासो देखिन्छ। झापास्थित गिरिबन्धु टी-इस्टेटको जग्गा प्लटिङको विषय त्यतिवेला नै अघि बढेको थियो। ०७२ मा तत्कालीन भूमिसुधारमन्त्री रामकुमार सुब्बाले गिरिबन्धु टी-इस्टेटलाई कम्पनी स्थानान्तरण गर्न दिने प्रस्ताव मन्त्रिपरिषद्‌मा लगेका थिए। तत्कालीन मुख्यसचिव लोकदर्शन रेग्मीले त्यसलाई रोकेका थिए।

०७४ मा ओली दोस्रोपटक प्रधानमन्त्री भएलगत्तै ऐन नै संशोधनको प्रक्रिया अघि बढाइयो। नीतिगत भ्रष्टाचार भएको भन्दै प्रतिनिधिसभा र राष्ट्रिय सभामा केही सांसदको चर्को विरोधका बाबजुद ०७६ मा ऐन संसद्‌बाट पारित भयो। ऐनको दफा १२ मा उद्योग, प्रतिष्ठान, कम्पनी र संस्था लिक्विडेसनमा जाने अवस्थामा सरकारको स्वीकृतिमा बिक्री गर्न पाइने व्यवस्था राखिएको थियो। संशोधन गर्दा उपदफा (२) थपेर त्यसबाहेकको हकमा समेत सट्टापट्टा तथा स्थानान्तरण गर्न दिने प्रावधान घुसाइयो। जसमा भनिएको छ, '...कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले भोगचलन गरिरहेको जग्गा यस ऐनको अधीनमा रही नेपाल सरकारले तोकेको सर्तबमोजिम अर्को ठाउँमा सट्टापट्टा वा स्थानान्तरणका लागि स्वीकृति दिन सक्नेछ।'

ऐनअनुसार भूमिसम्बन्धी नियमहरू (अठारौँ संशोधन) ६ पुस ०७८ मा संशोधन गरिएको थियो। जग्गासम्बन्धी नियमको दफा १६ मा यससम्बन्धी व्यवस्था छ। जसमा संस्थाको उद्देश्यविपरीत नहुने गरी सट्टापट्टा तथा स्थानान्तरण हुने प्रतिबद्धता, साबिकको उत्पादन नघट्ने गरी प्रस्तावित जग्गा खरिद गर्ने योजना र कबुलियतनामा, उपभोग गरेभन्दा कम जग्गा खरिद नगरिने कबुलियतनामा, रोजगारीको संख्या कम नहुने कबुलियतनामा, स्थानान्तरण हुने क्षेत्रको वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक हुन्छ। ऐनमा स्थानान्तरण गर्दा सर्त तोक्ने अधिकार मन्त्रिपरिषद्‌लाई दिइएको छ। मन्त्रिपरिषद्‌लाई तजबिजी अधिकार दिने गरी कानुन संशोधन भएको थियो। यसमा पनि नीतिगत भ्रष्टाचार आरोप लाग्दै आएको छ।

सो नियमअनुसार १३ वैशाख ०७८ मा गिरिबन्धुलाई जग्गा सट्टापट्टा गर्न दिने निर्णय ओली सरकारको मन्त्रिपरिषद्‌ले गरेको थियो। त्यसविरुद्ध अधिवक्ता ओमप्रकाश अर्यालले दायर गरेको मुद्दामा २४ माघ ०८० मा तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरलाल श्रेष्ठ नेतृत्वको संवैधानिक इजलासले सरकारको सो निर्णयलाई बदर गरिदिएको थियो। सोही ऐनमा विगतमा अनुमति नलिई हदबन्दीभन्दा धेरै जग्गा राखेकालाई एकपटक अनुगमन गरी अनुमति दिने प्रावधान पनि राखिएको थियो। त्यसअनुसार हाल १५६ कम्पनीको हदबन्दीभन्दा धेरै जग्गालाई वैधता दिने प्रयास भइरहेको छ।

हाल प्रधानमन्त्री हुँदा पनि ओलीले भूमिसम्बन्धी कानुन छिटो पास गर्न प्रयास गरिरहेका छन्। गत चैतमा ओली सरकारले अध्यादेशमार्फत नै भूमिसम्बन्धी ऐन संशोधनको निर्णय गरेको थियो। पछि सत्तारूढ दलकै विरोधपछि फिर्ता लिएर वैशाखमै संसद्‌मा विधेयक दर्ता गरेको थियो। जुन विधेयकलाई समितिमा समेत नलगी फास्ट ट्र्याकमा पास गर्न खासगरी एमालेको विशेष चासो छ। गिरिबन्धु टी-इस्टेटसम्बन्धी मुद्दामा अदालतको परमादेश कार्यान्वयन नगरेको विषयमा उनीविरुद्ध सर्वोच्चमा अदालतको अपहेलना मुद्दा पनि विचाराधीन छ।

हेवा खोलामा बर्खामा जहिल्यै अवरोध

झापा/ ०८० असारमा मेची राजमार्गअन्तर्गतको पाँचथरमा पर्ने हेवा खोलाले पक्की पुल बगाएयता बर्खा लाग्नेबित्तिकै सधैँ समस्या हुने गरेको छ। अस्थायी रूपमा बनाइएको बेलिब्रिज पनि ०८१ को बाढीले लगेपछि मेची राजमार्ग र तमोर करिडोर बर्खामा सधैँ अवरुद्ध हुँदै आएको हो। हेवा खोलाले मेची राजमार्ग मात्रै होइन, तराईसँग ताप्लेजुङलाई जोड्ने नजिकको सडक मार्ग तमोर करिडोरसमेत अवरुद्ध गर्दै आएको छ।

शनिबार रातिको वर्षाले पाँचथरमा हेवा खोलाको अस्थायी डाइभर्सन बग्दा अवरुद्ध बनेको मेची राजमार्ग र तमोर करिडोर अझै सुचारु हुन सकेको छैन। पाँचथरको हिलिहाङ गाउँपालिका र याङ्वरक गाउँपालिकासँग सदरमुकाम फिदिमको सडक सञ्जाल टुटेको जिल्ला प्रहरी कार्यालय पाँचथरका सूचना अधिकारी प्रहरी निरीक्षक रूपेश तामाङले बताए। यी दुई सडक अवरुद्ध हुँदा ताप्लेजुङसँगको पनि सडक सञ्जाल टुटेको छ। यद्यपि, यी दुई सडक अवरुद्ध भए पनि ताप्लेजुङसँग अन्य वैकल्पिक सडक पनि रहेको ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए। ती वैकल्पिक सडक कच्ची छन्। 'मेची राजमार्ग र तमोर करिडोर अवरुद्ध हुँदा पनि ताप्लेजुङको लाइफलाइन टुट्यो भन्ने छैन। विकल्पविहीन छैन फिदिमदेखि माझिटार-चुहनडाँडा-सुकेपोखरी हुँदै सदरमुकाम फुङलिङ आउने सडक छ। यो सडक ४६ किलोमिटर कच्ची र ३१ कालोपत्रे छ। ताप्लेजुङको मैवाखोला-ढुँगेसाँघु-गुफापोखरी हुँदै तेह्रथुम जाने कच्ची सडक पनि छ,' उनले भने, 'तर, सरल यात्राचाहिँ रोकिन्छ। मेची राजमार्ग र तमोर करिडोर सरल र छोटो सडक हो।'

ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी शर्माले हेवा खोलामा पक्की डाइभर्सन निर्माण नगर्दा बर्खामा सधैँ समस्या हुने गरेको बताए। 'ह्युमपाइपसँग बालुवा मात्र लगाएर डाइभर्सन निर्माण गर्दा बर्खामा बालुवा बगाउँछ। जसले सडक आवतजावत नै रोकिन्छ,' उनले भने, 'तर, त्यहाँ पक्की डाइभर्सन बनाउने हो भने त्यसमाथिबाट पानी बग्दा पनि सवारी आवतजावत रोकिँदैन। हामीले पक्की बनाउन बनेको थियौं। त्यो हुन नसक्दा बर्खामा समस्या भयो।'

मापदण्डविपरीत...

पृष्ठ १ बाट क्रमशः

तुरुन्त फिर्ता गर्ने, गराउने' निर्णय छ। मन्त्रालयमा रहेका सम्पूर्ण सवारीसाधनको विवरण एमपिएमएसमा अनिवार्य प्रविष्ट गर्ने व्यवस्था मिलाउनेसमेत निर्णय भएको छ। त्यस्तै, तोकिएको समयमा सेवाप्रवाह र निर्णय भए-नभएको, अनधिकृत व्यक्तिले सवारीसाधन प्रयोग गरे-नगरेको, सार्वजनिक निकायमा खरिद भएका मेसिन-उपकरण उपयोग भए-नभएको सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रले नियमित अनुगमन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा प्रतिवेदन पेस गर्नेसमेत सचिव बैठकको निर्णय छ।

बैठकले मनसुनजन्य विपत् व्यवस्थापनका लागि भन्दै कर्मचारीलाई अत्यावश्यकबाहेक बिदा बस्न रोक लगाउने निर्णय लिएको छ। यस्तै, बैठकले डेंगी संक्रमण नियन्त्रण तथा रोकथामका लागि हरेक शुक्रबार सरसफाइ तथा प्रचारप्रसार अभियान चलाउने निर्णय गरेको छ। 'साउन, भदौ र असोज तीन महिना हरेक शुक्रबार बिहान ९:३० बजेदेखि सरसफाइ कार्यक्रम तथा प्रचार-प्रसार अभियान सञ्चालन गर्ने' निर्णय छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८८ मा SMS पठाउनुहोस्
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

घरजग्गा खाली गर्न देवमनी थारुको नाममा जारी गरिएको सार्वजनिक सूचना

यस एन आई सी एशिया बैंक लि.को नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स.वडा नं. ९ क (मध्यविन्दु न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-५-७ विगाहाको जग्गा र सो जग्गामा बनेको बैंकको स्वामित्वमा रहेको घर नवलपरासी जिल्ला, कोल्हुवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा वडा नं ४ बस्ने देवमनी थारु (ना.प्र.नं. १९३१७ जारी मिति २०३६/०१/१६ जि.प्र.का. नवलपरासी) ले अनधिकृत कब्जा गरी अवैध रुपमा बस्नु भएको, बैंकले उपरोक्त स्थानमा रहेको उक्त घर जग्गा खाली गर्न निज देवमनी थारुलाई मौखिक तथा लिखित रुपमा पटक पटक अनुरोध गर्दा समेत हालसम्म पनि बैंकको उक्त घर जग्गा खाली नगरी अटेर गरी अनधिकृत रुपमा कब्जा गरी बस्नु भएकोले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र बैंकको उक्त घरजग्गा र सोमा रहेको लिगलगापात समेतबाट हट्नु भई बैंकको घरजग्गा खाली गर्न उहाँ लगायत अन्य अनधिकृत रुपमा बस्ने सबैलाई यसै सुचना मार्फत सूचित गरिन्छ। अन्यथा अनधिकृत कब्जालाई यस बैंकले हटाई बैंकले लिने जानकारी गराईन्छ र सो अनधिकृत कब्जा गरे वापत बैंकले क्षतिपूर्ति समेत दाबी गर्नसक्ने पनि यसै सुचना मार्फत सूचित गरिएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४८८८ मा SMS पठाउनुहोस्
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

घरजग्गा खाली गर्न राम प्रसाद महतो र चुडा मणी महतोको नाममा जारी गरिएको सार्वजनिक सूचना

यस एन आई सी एशिया बैंक लि.को नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला, तम्सरीया गा.वि.स.वडा नं. ७ (मध्यविन्दु न.पा. वडा नं. ७) स्थित कित्ता नं. ७० क्षेत्रफल ०-१-७-०.५ विगाहा जग्गा र नवलपरासी जिल्ला, सिसवार गा.वि.स.वडा नं. १ (देवचुली न.पा. वडा नं. १६) स्थित कित्ता नं १६२७ क्षेत्रफल ०-१६-१७.५०-० विगाहा जग्गा र सो जग्गामा बनेको बैंकको स्वामित्वमा रहेको घर नवलपरासी जिल्ला, तम्सरीया गा.वि.स.वडा नं.४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा वडा नं २ बस्ने राम प्रसाद महतो (ना.प्र.नं. ६/४३१ जारी मिति २०४४/१०/२९ जि.प्र.का.नवलपरासी) र नवलपरासी जिल्ला, रजहर गा.वि.स.वडा नं १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा.वडा नं १७ बस्ने चुडा मणी महतो (ना.प्र.नं. ५/८०४ जारी मिति २०४५/०१/२२ जि.प्र.का.नवलपरासी) ले अनधिकृत कब्जा गरी अवैध रुपमा बस्नु भएको, बैंकले उपरोक्त स्थानमा रहेको उक्त घर जग्गा खाली गर्न निज राम प्रसाद महतो र चुडा मणी महतोलाई मौखिक तथा लिखित रुपमा पटक पटक अनुरोध गर्दा समेत हालसम्म पनि बैंकको उक्त घर जग्गा खाली नगरी अटेर गरी अनधिकृत रुपमा कब्जा गरी बस्नु भएकोले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र बैंकको उक्त घरजग्गा र सोमा रहेको लिगलगापात समेतबाट हट्नु भई बैंकको घरजग्गा खाली गर्न उहाँ लगायत अन्य अनधिकृत रुपमा बस्ने सबैलाई यसै सुचना मार्फत सूचित गरिन्छ। अन्यथा अनधिकृत कब्जालाई यस बैंकले हटाई बैंकले लिने जानकारी गराईन्छ र सो अनधिकृत कब्जा गरे वापत बैंकले क्षतिपूर्ति समेत दाबी गर्नसक्ने पनि यसै सुचना मार्फत सूचित गरिएको छ।

दुग्ध किसानको...

पृष्ठ १ बाट क्रमशः

तर खपतमा कमी आएको भन्दै बक्यौता राख्दै आएका छन्। एउटै जिल्लाका किसानको मात्रै ८० करोडभन्दा धेरै बक्यौता छ।

संसदीय समितिमा कृषि मन्त्रालयका सचिव डा. दीपककुमार खरालले डिडिसीले किसानलाई दिनुपर्ने रकम ८८ करोड रहेको जानकारी गराएका थिए। तर, संसद्‌को बिहीबार बसेको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिकै बैठकमा डिडिसी सञ्चालक समिति अध्यक्ष बेदबहादुर क्षेत्रीले ९२ करोड बक्यौता रहेको बताएका थिए। तर, दुग्ध सहकारीको तथ्यांकमा भने डिडिसीसँग कम्तीमा डेढ अर्ब बक्यौता छ।

'देशभरका सहकारीबाट संकलित तथ्यांकअनुसार डिडिसीले किसानलाई कम्तीमा डेढ अर्ब रुपैयाँ तिर्नुपर्नेछ,' अध्यक्ष कुँवरले भने। उनका अनुसार डिडिसीबाट भुक्तानी नियमित भए अन्य डेरीले पनि दिने अवस्था हुन्छ। 'दुग्ध क्षेत्र डिडिसीले नै ड्राइभ गरिरहेको छ। त्यसैले डिडिसीबाट भुक्तानी हुन थाल्यो भने निजीले दिन थालिहाल्छन्,' उनले भने।

गत वर्ष असारमा बक्यौता ६ अर्ब नाघेको थियो। त्यति ठुलो बक्यौता हुँदा पनि भुक्तानीमा आलटाल भएपछि दुग्ध किसान आन्दोलित भएका थिए। देशभरबाट करिब सात सय किसान भेला भएर ५ असारमा डिडिसीको लैनचौरस्थित केन्द्रीय कार्यालय घेराउ गरेका थिए। कार्यालय घेराउ गरेका किसानलाई प्रहरीले धरपकडसमेत गरेको थियो। त्यसअघि फागुनमा पनि किसानले राजमार्ग नै बन्द गर्नेसम्मका कार्यक्रम गरेका थिए।

किसानलाई चार अर्बभन्दा बढी बक्यौता तिर्न बाँकी रहेको डिडिसी र निजी डेरीले गोदाममा १० अर्ब रुपैयाँको घिउ, बटर र पाउडर दुध मौज्दात रहेको दाबी गरेका छन्। डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहालले किसानबाट नियमित रूपमा संकलन भइरहेको दुधको परिमाणबराबर बजारमा बिक्री नभएकाले मौज्दातमा रहेको बताए। 'दुध बिक्री नभएपछि पाउडर बनाएर राखिएको छ। बटर र घिउ पनि बिक्री नभएर गोदाममै थन्किएको छ,' उनले भने, 'गोदाममा करिब १० अर्बको सामग्री भएकाले नगद अभाव भई किसानको रकम भुक्तानी दिन सकिएको छैन।'

१० अर्बमध्ये डिडिसीको एक अर्ब ३६ करोडको दुग्धजन्य पदार्थ मौज्दात रहेको दाबी छ। पशुपक्षीसचिव डा. खरालले गोदामको सामग्री बिक्रीका लागि टेन्डर गरे पनि खरिदकर्ता नभेटिएपछि निराश भएको बताए। किसानलाई दुध खरिदको भुक्तानी गर्न डिडिसीलाई सरकारले हालसम्म एक अर्ब २६ करोड रुपैयाँ ऋण दिइसकेको छ।

एउटै जिल्लामा ८० करोडसम्म बक्यौता

चितवनका किसानको मात्रै डिडिसी र निजी उद्योगीबाट ८० करोडभन्दा धेरै छ। जिल्ला दुग्ध सहकारी संघका अध्यक्ष किशोर बगालेले जिल्लामा रहेका ४० हजार दुग्ध किसानले भुक्तानीको समस्या खेपिरहेको बताए। चितवनमा सबैभन्दा धेरै डिडिसीको ३५ करोड र सुजल डेरीको करिब १२ करोड बक्यौता छ। 'डिडिसीले भुक्तानी दिने हो भने अरू सबैले दिइहाल्छन्,' अध्यक्ष बगालेले भने, 'त्यसैले बदमासी डिडिसीबाट भएको हो। केही डेरीले नियमित भुक्तानी दिइरहेका छन्।' चितवनमा ११५ दुग्ध सहकारीमा किसानले दुध बिक्री गर्ने र उद्योगले सहकारीबाट संकलन गर्दै आएका छन्।

दोस्रो धेरै दुध उत्पादन हुने काभ्रेमा पनि ४२ करोड बक्यौता पुगेको छ। दुग्ध सहकारी अभियन्ता नारायणप्रसाद बडालका अनुसार दैनिक ३० हजार लिटर दुध डेरी उद्योगका लागि संकलन भइरहेको छ। 'सात महिनादेखि भुक्तानी रोकिँदा किसान निराश छन्,' उनले भने, 'बक्यौतामध्ये डिडिसीको हिस्सा मात्रै ५० प्रतिशत छ। त्यसैले उसले भुक्तानी सुरु गर्नासाथ अरूले दिइहाल्छन्।'

मकवानपुरमा करिब ४० करोड बक्यौता रहेको जिल्ला दुग्ध सहकारी संघका लेखापाल सन्तोष घिमिरेले बताए। इलामका किसानले १५ करोड ७५ लाख भुक्तानी पाउन बाँकी छ। जिल्ला सहकारी संघका अध्यक्ष हेम कट्टेलका अनुसार डिडिसीको तीन करोड ७५ लाख र निजी डेरीको करिब १२ करोड रुपैयाँ बक्यौता छ। इलामका करिब चार हजार किसान बक्यौता भुक्तानीको पर्खाइमा छन्।

'कुनै वेला डिडिसीको विराटनगरस्थित आयोजनामा इलामबाट मात्रै ७५ प्रतिशत दुध संकलन हुने गरेको थियो। त्यतिवेला दैनिक ५५ हजार लिटरसम्म दुध पठाइन्थ्यो,' कट्टेलले भने, 'भुक्तानीको समस्या आउन थालेपछि मुस्किलले तीन हजार लिटर दुध मात्रै डिडिसीलाई जान्छ।' आर्थिक संकट गहिरिँदै गर्दा दुग्ध सहकारीसमेत बन्द हुन थालेको उनले बताए। लुम्बिनी प्रदेशमा सबैभन्दा धेरै दुध उत्पादन हुने रुपन्देहीमा करिब ६ करोड बक्यौता रहेको जिल्ला सहकारी संघले जनाएको छ।

धनकुटा र नवलपरासीमा ११-११ करोड रुपैयाँ बक्यौता छ। पशुपालनमा आश्रित धनकुटाका करिब ३२ हजार किसानले सात महिनादेखि बिक्री गरेको दुधको पैसा पाउन बाँकी रहेको जिल्ला सहकारी संघले जनाएको छ। रौतहटका करिब १५ हजार किसानले आठ करोड भुक्तानी लिन बाँकी छ। 'डिडिसीले साढे चार करोड र निजी डेरीले करिब साढे तीन करोड दिन बाँकी छ,' जिल्ला सहकारी संघमा आबद्ध कृष्णप्रसाद अधिकारीले भने। सप्तरीमा साढे चार सय किसानको पाँच करोड भुक्तानी डिडिसीले रोकेर राखेको छ।

'भ्वाइस टेस्ट...

पृष्ठ १ बाट क्रमशः

डिल अडियो सार्वजनिक भएपछि गुप्ताले यसअघि नै पदबाट राजीनामा दिइसकेका छन्। राजीनामा दिए पनि पदमा बहाल रहँदा गरेको भ्रष्टाचारजन्य कार्य भएकाले उनको छानबिन गर्नुपर्ने माग सार्वजनिक वृत्तदेखि संसद्‌सम्मै उठेको थियो।

गत २८ पुसमा भएको घुस डिलको अडियो केही दिनअघि सार्वजनिक भएको थियो। त्यसमा गुप्ताले कास्कीको भूमि आयोगको अध्यक्ष नियुक्तिका लागि २५ लाख र कास्की मालपोतका प्रमुख थमौती/सरुवाका लागि ५३ लाख गरेर ७८ लाख रुपैयाँको डिल गरेका छन्। यही डिल सार्वजनिक भएपछि आलोचनाका बिच गुप्ताले गत ३१ असारमा पदबाट राजीनामा दिएका थिए।

गुप्ताको अडियोसहितको उजुरी गत १० असारमै दर्ता भएपछि अख्तियारले अनुसन्धान अधिकृत नै तोकेर काम थालेको छ। अख्तियारका अधिकारीहरूका अनुसार अहिले अडियो प्रकरणबारे प्रारम्भिक रूपमा छानबिन चलिरहेको छ। 'यही क्रममा स्वर परीक्षणका लागि बोलाइएको हो। भ्वाइस टेस्टपछि यकिन गर्न सकिएला,' अख्तियारका ती अधिकारी भन्छन्, 'यसपछि मात्र अनुसन्धानको दिशा स्पष्ट होला।'

घुस प्रकरणसँग सम्बन्धित बिचौलिया सुजन लामासँग भने अख्तियारले सोधपुछ जारी राखेको छ। उनले सोमबार पनि अख्तियारमा बयान गरेका छन्। उनको भ्वाइस परीक्षण भइसकेको छ।

घुस प्रकरणसँग जोडिएको पोखराको लिचीधारीको जग्गाबारेको विवरण पनि अख्तियारले मगाएको छ। अख्तियारले कास्की मालपोतलाई पत्र काटेर जग्गासम्बन्धी कागजात, जग्गाको अवस्थालगायतका विवरण मागेको छ। अर्कातिर गुप्ताले अडियोमा पोलेका भूमि व्यवस्थामन्त्री बलराम अधिकारीबारे भने अख्तियार प्रवेश गरिसकेको छैन।

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

ऋणी पुनम लामालाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिनको अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०८२/०४/०६

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक किस्ता लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एंव बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र तपाईहरुले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र उक्त कर्जा असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई सूचित गरीन्छ। साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण:
नाम: पुनम लामा, ठेगाना: धनुषा जिल्ला बेगाडावर वडा नं. ९ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा वडा नं. २९ बस्ने, बाजे: टेक बहादूर मोकतान, बाबु: पदम बहादूर मोकतान, ना.प्र.नं. १७३०९७/१८७०, जारी मिति: २०६३/०१/०४, जि.प्र.का. धनुषा, कर्जा: पेशागत।

व्यक्तिगत जमानीकर्ता:
नाम: आशिक लामा, ठेगाना: धनुषा जिल्ला बेगाडावर वडा नं. ९ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने, बाजे: टेक बहादूर मोकतान, बाबु: पदम बहादूर मोकतान, ना.प्र.नं. १७१०९७/७४४, जारी मिति: २०६८/०७/२३, जि.प्र.का. धनुषा।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोन: ४५४४०३९, फ्याक्स: ४५४३४१४
इमेल: info@goodwill.net.np

अनसची – १५
(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०४/०६

हात्तिवन सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई घाटगद्दीमा विभिन्न लट बनाई राखिएको खोटेसल्लो जातको काठ १४६६.१६१ घ. फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ। इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यससम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

श्री हात्तिवन सामुदायिक वन उपभोक्ता समूह
दक्षिणकाली नगरपालिका वडा नं–३
काठमाडौं जिल्ला

का.जि.द.नं.१२८/०६३/६४, म.के.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार ६ साउन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

नेपाल तेस्रोपटक पनि उपविजेतामै सीमित

बंगलादेशले पाँचौंपटक उपाधि उचाल्दा निर्णायक खेलमा सागोरिकाले गरिन् चार गोल

रमेश सुवेदी/नयाँ पत्रिका

आयोजक बंगलादेशले पाँचौंपटक साफ यू-२० महिला च्याम्पियनसिपको उपाधि जितेको छ। ढाकाको किंग्स रंगशालामा सोमबार भएको राउन्ड रोबिन लिगको अन्तिम खेलमा बंगलादेशसँग एकपक्षीय खेलमा ४-० ले पराजित नेपाल उपविजेतामा सीमित भएको छ। समग्रमा नेपाल तेस्रोपटक उपविजेता बनेको हो। यसअघि नेपाल सन् २०१८ र ०२३ को संस्करणमा पनि दोस्रो भएको थियो। नेपाल तीनैपटकको अवसरमा बंगलादेशसँग पराजित हुँदा दोस्रो स्थानमा सीमित रह्यो।

यो साफ प्रतियोगिता बंगलादेश र भारतबाहेक अन्य राष्ट्रले जितेका छैनन्। यसपटक नेपालसमक्ष उपाधि जित्ने राम्रो अवसर थियो। घरेलु टोलीविरुद्ध जित निकाल्दा नेपाल पहिलोपटक विजेता बन्ने थियो। दोहोरो राउन्ड रोबिन लिगको निर्णायक खेलअघिसम्म नेपालले बंगलादेविरुद्ध गोलअन्तर उत्कृष्ट बनाएको थियो। तर, निर्णायक मोडमा नेपाल बंगलादेशसँग चुक्यो। यसअघि पहिलो चरणमा पनि नेपाल बंगलादेशसँग ३-२ ले पराजित भएको थियो।

खेलअघि नेपालविरुद्ध प्रस्ट तीन अंकको अग्रता बनाएको बंगलादेशलाई बराबरीले पनि उपाधि उचाल्न काफी थियो। लगभग ड्राइभिङ सिटमा रहेको बंगलादेशले नेपालविरुद्ध रक्षात्मक खेल खेलेन। सुरुदेखि नै घरेलु टोलीले आक्रामक रणनीति अपनाउँदै नेपालमाथि दबाब बनाएको थियो। पाँचौंपटक बंगलादेशलाई च्याम्पियन बनाउन स्ट्राइकर सागोरिकाले ह्याट्रिक गरिन्।

यसअघि राउन्ड रोबिन लिगमा सागोरिकाले नेपालसँगकै खेलमा रातो कार्ड व्यहोरेकी थिइन्। जसका कारण उनले तीन खेल गुमाइन्। नेपालविरुद्धको निर्णायक खेलमा उनी उपलब्ध भइन्। उनले आफ्नो सार्थकता पूरा गरिन्। नेपाली खेलाडीले उनलाई डिबक्समित्र रोक्न सकेनन्।

समग्रमा बंगलादेशले प्रतियोगितामा अपराजित रहँदै उपाधि रक्षा गऱ्यो। बंगलादेशले ६ खेलबाट सर्वाधिक १८ अंक जोड्यो। उसले विपक्षी पोस्टमा २८ गोल गर्दा चार गोल व्यहोरेको छ। दोस्रो स्थानमा रहेको नेपालले ६ खेलमा चार जितसहित १२ अंक जोडेको छ। नेपाल दुवै खेलमा बंगलादेशसँग पराजित भएको हो। तेस्रो स्थानमा रहेको भुटानको ६ अंक बनायो। श्रीलंका अंकविहीन रहँदै पुछारमा रह्यो। उसले ३८ गोल व्यहोरेको छ।





पूर्णिमा सर्वाधिक गोलकर्ता

नेपालकी पूर्णिमा राई प्रतियोगिताकै सर्वाधिक गोलकर्ता बनेकी छिन्। उनले समग्रमा १० गोल गरिन्। प्रतियोगितामा दुई ह्याट्रिक लगाएकी थिइन्। दोस्रो स्थानमा बंगलादेशलाई च्याम्पियन बनाउन महत्त्वपूर्ण योगदान दिएकी सागोरिका रहिन्। उनी समग्रमा आठ गोल गर्न सफल भइन्। नेपालकी मीना देउवाको नाममा सात गोल रह्यो। बंगलादेशका शान्ति मार्दी र श्रीमोती तृष्णा रानीले समान चार गोल गरेका छन्।

बंगलादेशको उपाधि यात्रा

श्रीलंकाविरुद्ध	९-१
नेपालविरुद्ध	३-२
भुटानविरुद्ध	४-१
भुटानविरुद्ध	३-०
श्रीलंकाविरुद्ध	५-०
नेपालविरुद्ध	४-०

अंकतालिका

राष्ट्र	खेल	जित	ड्र	हार	गोल	अंक
बंगलादेश	६	६	०	०	२८	१८
नेपाल	६	४	०	२	३०	१२
भुटान	६	२	०	४	१२	६
श्रीलंका	६	०	०	६	१	०

सागोरिकाको ह्याट्रिक

स्ट्राइकर सागोरिकाले नेपालको पोस्टमा ह्याट्रिकसहित चार गोल गर्न सफल भइन्। यसै खेलमा सागोरिकासँगै र नेपालकी सिमरन राई प्रतिस्पर्धामा उत्रिएका हुन्। अघिल्लो खेलमा दुवै खेलाडी एकआपसमा झडप हुँदा रातो कार्ड पाएका थिए। खेलको सातौँ मिनेटमा बंगलादेश १-० ले अघि रह्यो। पूजा दासको थ्रु पासमा तीन नेपाली डिफेन्डर र गोलरक्षक सुजता तामाङलाई बिट गर्दै सागोरिकाले बंगलादेशलाई १-० को अग्रता दिलाइन्। पहिलो हाफमा बंगलादेशलाई नेपालले १-० को गोलमा रोकेको थियो। मध्यान्तरपछि बंगलादेशले थप सुधारिएको प्रदर्शन गऱ्यो। नेपालले गोल अवसर निकाल्न नसक्नु र कमजोर डिफेन्स बनाउँदा बंगलादेशले थप तीन गोल गऱ्यो। खेलको ५१औँ मिनेटमा सागोरिकाले २-० का लागि गोल गरिन्। उनले थ्रु बलमा उत्कृष्ट ड्रिब्लिन गर्दै उत्कृष्ट गोल गर्न सफल भइन्। खेलको ५८औँ मिनेटमा उनले नेपालविरुद्ध ह्याट्रिक पूरा गरिन्। यसपटक उनले काउन्टरमा गोलरक्षक सुजतालाई चिप गोल गर्न सफल भइन्। खेलको ७८औँ मिनेटमा बंगलादेशले ४-० को अग्रता बनायो। नेपाली डिफेन्डर र गोलरक्षकलाई समेत बिट गर्दै सागोरिकाले व्यक्तिगत चौथो गोल गरेकी हुन्। खेलमा नेपालले एकपटक मात्र बंगलादेशको पोस्टमा चार्ज गरेको थियो। खेलको १९औँ मिनेटमा पूर्णिमा राईको हेडिङ क्रसबारमा लाग्यो। पछिल्लो खेलमा उत्कृष्ट प्रदर्शन गरेका पूर्णिमा र मीना यसपटक चल्न सकेनन्।

एसिया वारियर्समा रोहित पनि समावेश



तीनपटक फिफा विश्वकप खेलेका जापानिज लिजेन्ड केसुके होन्डाको नेतृत्वमा रहेको एसिया वारियर्सबाट नेपालका रोहित चन्दले मैत्रीपूर्ण खेलमा प्रतिस्पर्धा गर्ने

सय अन्तर्राष्ट्रिय खेलनजिक

युवा अवस्थामै रोहितले राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भए। नेपालको यू-१९, यू-२३ हुँदै उनले सिनियर टोलीमा सहजै स्थान पक्का गरे। सन् २००९ देखि उनी निरन्तर रूपमा राष्ट्रिय टोलीमा छन्। उनले अहिलेसम्म ९६ अन्तर्राष्ट्रिय खेलमा एक गोल गरेका छन्। उनले सन् २०२४ को १६ नोभेम्बरमा अफगानिस्तानविरुद्ध एक मात्र अन्तर्राष्ट्रिय गोल गरेका थिए।

नयाँ पत्रिका

नेपाली राष्ट्रिय फुटबल टोलीका एट्याकिङ मिडफिल्डर रोहित चन्द जापानिज लिजेन्ड केसुके होन्डाको नेतृत्वमा रहेको एसिया वारियर्स एफसी टोलीमा समावेश भएका छन्। एसिया वारियर्सले २७ जुलाईमा मलेसियाको एमबिपीजे रंगशालामा सेलंगोर एफसीविरुद्ध मैत्रीपूर्ण खेल खेल्नेछ। जापानबाट विश्वकप खेलिरहेका होन्डाको कप्तानीमा रहेको वारियर्सबाट प्रतिस्पर्धा गर्न पाउनुलाई रोहितले अवसरका रूपमा लिएका छन्।

सन् २०२५ मा एसियाका फुटबलरलाई एउटै टोलीमा समावेश गरी एकता र मित्रताको सन्देश फैलाउने उद्देश्यका साथ एसिया वारियर्स गठन भएको हो। यसको गठन फिलिपिन्सका आइकन एन्टोन डेल रोजारियाले गरेका हुन्। यस परियोजनाअन्तर्गत टोलीले दुई मैत्रीपूर्ण खेल खेल्नेछ। पहिलो खेलमा एसिया वारियर्स पर्सिक केदिरीसँग २-० ले पराजित भएको थियो दोस्रो खेलमा होन्डासँगै डेल रोजारियोले प्रतिस्पर्धा गर्नेछन्।

तीनपटक विश्वकप खेलेका होन्डा

सन् २००८ देखि ०१८ सम्म होन्डाले जापानको राष्ट्रिय टोलीबाट प्रतिस्पर्धा गरेका थिए। एक दशक टोलीमा रहँदा उनी प्ले मेकरका रूपमा थिए। उनले तीन विश्वकप फुटबल प्रतियोगिता सहभागिता जनाए। सन् २०१० को दक्षिण अफ्रिका, सन् ०१४ को ब्राजिल र सन् ०१८ को रसिया विश्वकपमा उनले लगातार तीनपटक प्रतिस्पर्धा गरेका थिए। सन् २०११ मा जापानले एसिया कप जित्दा उनी प्रतियोगिताकै उत्कृष्ट खेलाडी बनेका थिए। उनले जापानबाट ९८ खेलमा ३७ अन्तर्राष्ट्रिय गोल गरेका थिए। व्यावसायिक फुटबलमा उनले सन् २०१४ देखि ०१७ सम्म इटालीको सिरिए क्लब एसी मिलानबाट प्रतिस्पर्धा गरे। जहाँ उनले ८१ खेलमा १७ गोल गर्न सफल भए। सन् २०२३ देखि उनी कम्बोडियाको यू-२३ टोलीका प्रशिक्षकका रूपमा कार्यरत छन्।

इन्डोनेसियामा १३ वर्षदेखि जमिरहेका रोहित

मच्छिन्द्र क्लबबाट व्यावसायिक खेलजीवन सुरु गरेका रोहित पछिल्लो १३ वर्षदेखि इन्डोनेसियाका क्लबमा रमाइरहेका छन्। सन् २०१२ मा उनी इन्डोनेसियाका पेकानबाउमा पहिलोपटक आबद्ध भएका थिए। जहाँ उनले १५ खेल खेले। पेकानबाउमा कम अवसर पाए पनि उनको खेल माथिल्लो स्तरको रह्यो।

रोहित अर्को सिजनमा पर्सिजा जकार्तामा आबद्ध भए। दुई वर्ष जकार्तामा रहँदा उनले ४६ खेलमा ६ गोल गरे। व्यावसायिक फुटबलमा छलाङ मार्ने क्रममा उनी मलेसियाको टी-टिमसँग जोडिन पुगे। सो क्लबबाट उनले एक खेल पनि खेलेनन्। सन् २०१७ मा पुनः रोहित नेपाली फुटबलमा फर्किए। घरेलु फुटबलमा सर्वाधिक सफल मनाङ मर्स्याङ्दीमा सन् २०१७ मा आबद्ध भएका रोहितले नौ खेलमा भाग लिए। मनाङपछि उनले इन्डोनेसियाबाहेक अन्य क्लबसँग सम्झौता गरेका छैनन्। सन् २०१७ देखि उनले इन्डोनेसियाकै माथिल्लो डिभिजन क्लबमा प्रतिस्पर्धा गरिरहेका छन्। सन् २०१७ देखि २०२२ सम्म उनी फेरि एकपटक चर्चित क्लब पर्सिजा जाकार्तासँग खेलेका थिए। पाँच वर्ष जकार्तामा रहँदा उनले एक सय १९ खेलमा १० गोल गरेका थिए।

सन् २०२२ देखि रोहित इन्डोनेसियाकै पर्सिक मेदिरीमा आबद्ध छन्। उनले अहिलेसम्म ८३ खेलमा तीन गोल गरेका छन्। सन् २०१८ को सिजनमा उनी इन्डोनेसियाको लिगमा उत्कृष्ट खेलाडी भएका थिए। लिगा वान इन्डोनेसियामा उनी पहिलोपटक दक्षिण एसियाली खेलाडीका रूपमा उत्कृष्ट खेलाडी बने।

खेल संक्षेप

लुम्बिनी लायन्सको नयाँ लोगो

काठमाडौं/ नेपाल प्रिमियर लिगको फ्रेन्चाइज टोली लुम्बिनी लायन्सले सोमबार आफ्नो नयाँ लोगो सार्वजनिक गरेको छ। नयाँ लोगोले लुम्बिनीको इतिहाससँगै राष्ट्रिय गौरवलाई प्रतिनिधित्व गरेको टोलीले जनाएको छ। लुम्बिनीका अध्यक्ष ईश्वरबहादुर जिसीले नयाँ लोगोमा बुद्धको जन्मस्थल मायादेवी मन्दिर र अशोक स्तम्भअंकित भएको बताए। 'नेपालको राष्ट्रिय झन्डाको रातो रङ, चन्द्र र सूर्यको प्रतीकजस्ता नेपाली पहिचान झल्काउने तत्त्व समावेश गरिएका छन्,' उनले भने, 'सुनौलो अक्षरले लुम्बिनीमा बलिरहेको कहिल्यै ननिभ्ने शान्तिदीपलाई प्रतिनिधित्व गरेको छ।' ०८१ मा स्थापना भएको लुम्बिनीले एनपिएलमा फेरि एकपटक उत्साहका साथ प्रस्तुत हुन तयार भएको उनले बताए।

पब्जी मोबाइल विश्वकप खेल्दै नेपाल

काठमाडौं/ नेपाली इस्पोर्टस् टोली होर इस्पोर्टसले साउदी अरेबियामा हुने पब्जी मोबाइल इस्पोर्टस् विश्वकप खेल्ने भएको छ। होर इस्पोर्टस्को पब्जी टोलीमा आकाश राई, शीतल राई, सुप्रिम अधिकारी, उगेन छोपेल लामा, प्रवेश गुरुङ र आयुष लामाले प्रतिस्पर्धा गर्नेछन्। २५ देखि २३ जुलाईसम्म सञ्चालन हुने प्रतियोगितामा होर इस्पोर्टस् एक्लो टोलीका रूपमा छनोट भएको हो। काजकिस्तानमा गत महिना भएको पब्जी मोबाइल सुपर लिग सेन्ट्रल तथा साउथ एसियामा दोस्रो स्थानमा रहँदै होर इस्पोर्टस् विश्वकपमा स्थान पक्का गरेको थियो।

केदारमानले जिते थाइल्यान्डमा स्वर्ण

काठमाडौं/ नेपालका केदारमान स्थापितले १२औँ विश्व स्ट्रेन्थलिफ्टिङ एन्ड इन्क्लाइन बेन्च प्रेस च्याम्पियनसिपमा स्वर्ण जितेका छन्। ३२ असार देखि ३ साउनसम्म थाइल्यान्डको पटायामा भएको प्रतियोगितामा केदारले ५० वर्षमाथि पुरुष ७६ केजीमुनि तौलसमूहमा स्वर्ण जितेका हुन्। प्रतियोगितामा उनको लगातार चौथो सहभागिता हो। उनले चारै संस्करणमा नेपाललाई उपाधि दिलाएका छन्। यसअघि काजकिस्तानमा भएको ११औँ संस्करणमा उनले स्वर्ण जितेका थिए। किर्गिस्तान र भारतमा भएको प्रतियोगितामा उनले रजत हात पारेका थिए।

अन्नपूर्ण स्कुललाई उपाधि

काठमाडौं/ पाँचौं त्रियोग अन्तरस्कुल बुद्धिचाल प्रतियोगितामा सोमबार अन्नपूर्ण स्कुलले कक्षा ४ र ५ तर्फ उपाधि जितेका छन्। पहिलो तथा दोस्रो चरणमा सर्वाधिक अंक बटुलेको अन्नपूर्ण शीर्ष स्थानमा रहँदै उपाधि हात पारेको हो। अन्तर्राष्ट्रिय बुद्धिचाल दिवसको अवसरमा भएको प्रतियोगितामा ६० विद्यालयका चार सय विद्यार्थीको सहभागिता रहेको थियो। प्रतियोगितामा कुल आठ स्पर्धा समावेश थिए। प्रतियोगितामा कक्षा १ देखि ३ सम्म युरो स्कुल पहिलो भयो। कक्षा ६ र ७ तर्फ निसर्ग वाटिका शीर्ष स्थानमा रह्यो।

सातौँ खेलसम्म पुलिस अपराजित



नेपाल पुलिस क्लबले सोमबार एन्फा यू-१६ लिगमा आफ्नो अपराजित यात्रा सातौँ खेलसम्म पुऱ्याएको छ। पुलिसले मच्छिन्द्र फुटबल क्लबलाई २-० ले हरायो। सातदोबाटोस्थित एन्फा मैदानमा पुलिसलाई जित दिलाउन समीर तामाङले दुवै गोल गरेका थिए। लिगमा मच्छिन्द्रको यो पहिलो हार हो। समीरले नवौँ मिनेटमा पुलिसलाई १-० को अग्रता दिलाए। खेलको १९औँ मिनेटमा उनले पुलिसलाई २-० को स्थितिमा राखे। लिगमा पुलिसको यो छैटौँ जित हो। उसले एक खेलमा बराबरी नतिजा निकालेको थियो। पुलिसले १९ अंक बटुलेको छ। मच्छिन्द्रले ६ खेलबाट १४ अंक जोडेको छ। अर्को खेलमा फ्रेन्ड्स क्लबले न्युरोड टिम (एनआरटी)लाई ३-१ ले हरायो। चर्च ब्वाइजले श्री भगवती क्लबलाई ४-२ ले पाखा लगायो।

विश्व च्याम्पियनसिपमा घिमिरेले प्रतिस्पर्धा गर्ने

काठमाडौं/ शारीरिक रूपमा अशक्त बुद्धिचाल फेडेरेसनको आयोजनामा सोमबारदेखि भारतको गोवामा २४औँ विश्व व्यक्तिगत बुद्धिचाल च्याम्पियनसिप सुरु भएको छ। गोवाका मुख्यमन्त्री प्रमोद सावन्तले उद्घाटन गरेका छन्। विश्व च्याम्पियनसिपमा नेपालबाट विश्व विजय घिमिरेले प्रतिस्पर्धा गर्नेछन्। फरक क्षमताबिच हुने स्पर्धामा ५५ वर्षीय घिमिरेलाई सहभागिताका लागि मेची नगरपालिकाले आर्थिक सहयोग प्रदान गरेको छ।

विश्व बुद्धिचाल महासंघको सहयोगमा प्रतियोगिता २१ देखि ३१ जुलाईसम्म हुनेछ। यो प्रतियोगितामा नेपालको तेस्रो सहभागिता हो। यसअघि सन् २०२४ मा नेपाल च्याम्पियन रुपेश जैसवालले अजरबैजानमा भएको विश्वसाइकल छनोटमा प्रतिनिधित्व गरेका थिए। सन् २०२४ कै काजकिस्तानमा भएको विश्व युथ क्याडेट च्याम्पियनसिपमा त्रियोग उच्च मावि‍का विद्यार्थीले प्रतिस्पर्धा गरेका थिए।

घिमिरेले विश्वस्तरीय खेलमा सहभागी हुन पाउनु गौरव भएको बताए। उनले आफूले सक्दो राम्रो नतिजा निकाल्ने बताए। नेपालसहित आयोजक भारत, कजाकिस्तान, चीन, इजरायल, फ्रान्स, रुस, पोल्यान्ड, स्लोभाकिया, हंगेरी, चेकोस्लाभाकिया, मंगोलिया, फिलिपिन्स, अजरबैजान, उज्बेकिस्तानलगायत राष्ट्रबाट ९७ जना खेलाडीले प्रतियोगितामा भाग लिइरहेका छन्।

काभा च्याम्पियनसिप लिग-२०२५

हेल्प नेपालको फाइनल सम्भावना कायमै

काभा च्याम्पियनसिप लिगमा उत्कृष्ट पुनरागमन गरेको हेल्प नेपालले आफ्नो तेस्रो खेलमा काजकस्तानको टोलीलाई ३-२ को सेटमा निराश बनाउँदै शीर्ष दुईको सम्भावना जीवित राख्यो

नयाँ पत्रिका

नेपालबाट प्रतिनिधित्व गरेको हेल्प नेपालले सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) च्याम्पियन्स लिग २०२५ मा तेस्रो जित निकालेको छ। हेल्प नेपालले सोमबार बलियो काजकस्तानको जेटेएचके भलिबल क्लबलाई ३-२ को सेटमा हराएको हो। हेल्प नेपाल चार खेलबाट ६ अंक बटुलेको छ। यसअघि नेपाली लिग च्याम्पियन हेल्प नेपाल आफ्नो तेस्रो खेलमा कीर्गिस्तानको बिस्केक क्लबसँग ३-२ को प्रतिस्पर्धात्मक सेटमा पराजित भएको थियो।

यसपटक भने हेल्प नेपालले दोस्रोपटक पाँच सेटमा बाजी मार्न सफल भयो। हेल्प नेपालले महत्त्वपूर्ण दुई अंक बटुल्दै फाइनलको आशा जीवितै राखेको हो। यसअघि पहिलो खेलमा हेल्प नेपालले घरेलु टोली धिवेही सिफाइन्स क्लबलाई ३-२ ले हराएको थियो। दोस्रो खेलमा आयोजक माल्दिभ्सकै क्लब एर्चाडसीलाई ३-१ ले पाखा लगायो।

हेल्प नेपालविरुद्ध अन्तिम सेटमा पराजित काजकस्तानको क्लबले एक अंक बटुलेको छ। नेपाली टोलीसँग पराजित भए पनि यो टोली शीर्ष स्थानमै छ। अंकतालिकाको शीर्ष दुई स्थानमा रहने टोली सीधै फाइनलमा पुग्नेछन्। हेल्प नेपाल साबिक उपविजेता टोली हो। काठमाडौंमा भएको फाइनलमा हेल्प नेपाल भारतीय प्राइम भलिबल लिग क्याम्पियन क्यालिकट हिरोजसँग पराजित भएको थियो।

उत्सव खड्काको प्रशिक्षणमा रहेको हेल्प नेपालले पाकिस्तानबाट उस्मान फर्याद अली, मुराव जेहान र मोहम्मद कासिफ नभिदलाई अनुबन्ध गरेको छ। नेपाल पुलिस क्लबबाट सफल विश्वकर्मा, रविन नगरकोटी, रवीन्द्र चन्द र एपिएफका लिबेरो विनोद चन्द हेल्प नेपालमा आबद्ध छन्।



सन्तोष राई, चिरञ्जीवी खड्का, सुवास कुँवर, मनीष मानन्धर, यमबहादुर भण्डारी र विष्णुबहादुर क्षेत्री हेल्प नेपालको प्रतिनिधित्व गरिरहेका छन्। सेन्ट्रल एसियन भलिबल एसोसियन (काभा)को आयोजनामा भइरहेको प्रतियोगिता एकल राउन्ड रोबिनका आधार खेल सञ्चालन भइरहेको छ। काभा च्याम्पियन्स लिगको विजेताले सन् २०२६ को एसियन क्लब च्याम्पियनसिप खेल्ने अवसर पाउनेछ।

१७ देखि २३ जुलाईसम्म चल्ने प्रतियोगितामा सेन्ट्रल एसियाका पाँच राष्ट्रको सहभागिता रहेको छ। राउन्ड रोबिन लिगको शीर्ष दुई टोलीबिच उपाधि भिडन्त हुँदा तेस्रो र चौथो स्थानमा रहने टोलीले तेस्रो स्थानका लागि खेल्नेछन्।

लगातार दुई खेल पाँच सेट

शीर्ष स्थानमा रहेको काजकस्तानको टोलीविरुद्ध हेल्प नेपालले उत्कृष्ट प्रदर्शन गऱ्यो। निर्णायक तथा पाँचौं सेटमा सम्हालिएर खेल्दा हेल्प नेपालले महत्त्वपूर्ण अंक जोड्न सफल भयो। चार सेटको समाप्तिसम्म दुवै टोलीले २-२ को बराबरी गरेका थिए। त्यसपछि पाँचौं सेटबाट विजेताको छिनोफानो भयो। जसमा हेल्प नेपालले १५-११ ले बाजी माऱ्यो। पाकिस्तानी खेलाडीहरूको उत्कृष्ट प्रदर्शनमा हेल्प नेपालले सर्भिस, रिसिभ र डिफेन्स बलियो पकड बनाएको थियो। काजकस्तानको टोलीले पहिलो सेटमा चुनौती प्रस्तुत गरे पनि हेल्प नेपाल २५-२२ ले विजयी भयो।

पहिलो सेटमा खासै गल्ती नगरेको हेल्प नेपालले त्यसपछिका दुई सेटमा कमजोर प्रदर्शन गरेको थियो। एकपछि अर्को गल्ती गर्दै जाँदा हेल्प नेपालले दोस्रो सेट १८-२५ को अन्तरमा गुमायो। उत्कृष्ट पुनरागमन गरेको काजकस्तानको टोलीले तेस्रो सेट जित्न कडा मिहिनेत गरेको थियो। यस सेटमा हेल्प नेपालले निरन्तर रूपमा विपक्षीमाथि दबाब राखेको थियो। यद्यपि, अन्तिममा सामान्य गल्ती गर्न पुग्दा उसले २३-२५ ले सेट गुमाएको थियो।

लगातार दुई सेट गुमाएको हेल्प नेपाललाई खेलमा टिकिरहन चौथो सेट जित्नुपर्ने दबाब थियो। योजनाअनुरूप हेल्प नेपालले यसपटक कुनै पनि गल्ती गरेन। कोर्टमा संगठित रूपमा प्रतिस्पर्धा गरेको हेल्प नेपालले चौथो सेटमा उत्कृष्ट पुनरागमन गऱ्यो। यस सेट हेल्प नेपाल २५-१८ ले विजयी भयो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com